# संविधानसभा/व्यवस्थापिका-संसद
# राज्य व्यवस्था समिति

# वार्षिक प्रतिवेदन

# २०६८

संविधानसभा/व्यवस्थापिका(संसद सचिवालय,
सिंहदरवार ।

# संविधानसभा /व्यवस्थापिका-संसद

# राज्य व्यवस्था समिति

(प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग र निर्वाचन आयोग)

**सभापति**

मा० श्री रामनाथ ढकाल

| क्र.सं. | नाम | | क्र.सं. | नाम |
|---|---|---|---|---|
| १ | मा० श्री अर्जुनप्रसाद जोशी | | २९ | मा० श्री प्रदीपकुमार ज्ञवाली |
| २ | मा० श्री अमृता थापा मगर | | ३० | मा० श्री बर्षमान पुन मगर |
| ३ | मा० श्री उमाकान्त चौधरी | | ३१ | मा० श्री बिमला के.सी. |
| ४ | मा० श्री ओमप्रकाश शर्मा | | ३२ | मा० श्री वीरेन्द्र माझी |
| ५ | मा० श्री कल्याणी रिजाल | | ३३ | मा० श्री विष्णुमाया विश्वकर्मा |
| ६ | मा० श्री कालीबहादुर मल्ल | | ३४ | मा० श्री भगतबहादुर वढुवाल |
| ७ | मा० श्री कृष्णकुमारी परियार | | ३५ | मा० श्री भिमप्रसाद गौतम |
| ८ | मा० श्री खड्गबहादुर बस्याल (सार्की) | | ३६ | मा० श्री महेशप्रसाद यादव |
| ९ | मा० श्री खुसिराम पाखीन | | ३७ | मा० श्री मुहमद रिजवान |
| १० | मा० श्री गोविन्द पौडेल | | ३८ | मा० श्री मुहम्मद वकील मुसलमान |
| ११ | मा० श्री चिनक कुर्मी | | ३९ | मा० श्री राजकुमार राई |
| १२ | मा० श्री चित्रबहादुर के.सी. | | ४० | मा० श्री राजबहादुर बुढाक्षेत्री |
| १३ | मा० श्री छियामा राई | | ४१ | मा० श्री राधादेवी तिमल्सेना |
| १४ | मा० श्री जगदिश्वर नरसिंह के.सी. | | ४२ | मा० श्री रामजनम चौधरी |
| १५ | मा० श्री जनार्दन शर्मा | | ४३ | मा० श्री रामसरोज यादव |

| | | | | |
|---|---|---|---|---|
| १६ | मा० श्री डिल्लीमान तामाङ | | ४४ | मा० श्री लीला न्याईच्याँई |
| १७ | मा० श्री ताराकुमारी घर्ती | | ४५ | मा० श्री विश्वनाथ प्रसाद अग्रवाल |
| १८ | मा० श्री थममाया थापामगर | | ४६ | मा० श्री वीरमान चौधरी |
| १९ | मा० श्री दिनानाथ शर्मा | | ४७ | मा० श्री सन्तोष बुढा मगर |
| २० | मा० श्री नरबहादुर पुन | | ४८ | मा० श्री शुषमा शर्मा घिमिरे |
| २१ | मा० श्री निलम के.सी. खड्का | | ४९ | मा० श्री सरला यादव |
| २२ | मा० श्री निलम वर्मा | | ५० | मा० श्री सविना बराम |
| २३ | मा० श्री नीरकुमारी कुंवर | | ५१ | मा० श्री सावित्रा भुसाल |
| २४ | मा० श्री पम्फा भुषाल | | ५२ | मा० श्री सुदन राई |
| २५ | मा० श्री परशुराम रम्तेल | | ५३ | मा० श्री सुदर्शन बराल |
| २६ | मा० श्री पूर्णबहादुर खड्का | | ५४ | मा० श्री सुन्दरा थारु |
| २७ | मा० श्री प्रकाशशरण महत | | ५५ | मा० श्री हरिराज लिम्बु |
| २८ | मा० श्री प्रतिभा राणा | | ५६ | मा० श्री हरिश ठकुल्ला (कमल क्षेत्री) |

**पदेन सदस्य**

| | |
|---|---|
| १. सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनाल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री कृष्णबहादुर महरा | गृह मन्त्रालय |
| ३. माननीय रक्षामन्त्री श्री विष्णुप्रसाद पौडेल | रक्षा मन्त्रालय |
| ४. माननीय सामान्य प्रशासन मन्त्री श्री युवराज कार्की | सामान्य प्रशासन मन्त्रालय |
| ५. माननीय सामान्य प्रशासन राज्यमन्त्री श्री डम्बरसिंह सम्वाहाङ्फे | सामान्य प्रशासन मन्त्रालय |

सचिव

मुकुन्द शर्मा

# बिषय-सूची


| क्र.सं. | | पृष्ठ |
|---|---|---|
| १. | भूमिका | क-ग |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | १-१४ |
| ३. | रक्षा मन्त्रालय | १५-२५ |
| ४. | गृह मन्त्रालय | २६-४७ |
| ५. | सामान्य प्रशासन मन्त्रालय | ४८-५७ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ५८-६३ |
| ७. | लोक सेवा आयोग | ६४-६८ |
| ८. | निर्वाचन आयोग | ६९-७० |
| ९. | अनुसूची | |

# भूमिका

सरकारलाई व्यवस्थापिका-संसद प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका-संसदमा विभिन्न समितिहरु रहेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोगद्वारा सम्पादित काम कारवाहीको अनुगमन र मूल्यांङ्कन गर्ने जिम्मेवारी र उत्तरदायित्व राज्य व्यवस्था समितिमा रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोक सेवा आयोगको काम कारवाहीको वार्षिक प्रतिवेदन र सो सम्बन्धमा नेपाल सरकारले समितिमा पेश गर्नु पर्ने ज्ञापनपत्रमाथि छलफल गरी सरकार र सम्बन्धित निकायबाट भएगरेका काम कारवाही कानूनसंगत र सन्तोषजनक तवरबाट भए नभएको सम्बन्धमा र समावेशी व्यवस्थाको कार्यान्वयनका सम्बन्धमा अनुगमन र मूल्यांङ्कन गरी सभामा प्रतिवेदन पेश गर्नु पर्ने जिम्मेवारी यस समितिमा रहेको छ । उल्लेखित सम्वैधानिक निकायहरुको वार्षिक प्रतिवेदनमाथि छलफल गरी सो सम्बन्धमा छुट्टै प्रतिवेदन तयार गरिने भएकाले यस प्रतिवेदनमा उक्त निकायहरुमा देखिएका समस्या र समाधानका उपायहरु मात्र संक्षेपमा राखिएको छ ।

कार्यक्षेत्रमा सीमित रही समितिले नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्यांङ्कन गरी समिति सम्बद्ध निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा अपनाइने नीतिको वैकल्पिक मितव्ययी नीति  अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा कार्य सम्पादन गर्नु पर्ने हुन्छ । यसरी नै मन्त्रिपरिषद्का सदस्यबाट सरकारका तर्फबाट दिइएका आश्वासनहरु पूरा भए वा नभएका सम्बन्धमा, समिति सम्बद्ध निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको सम्बन्धमा, सरकारद्वारा समय समयमा गठन हुने वा गठन भएका छानविन समिति/आयोग/जाँचबुझ आयोगबाट प्रस्तुत प्रतिवेदनको कार्यान्वयनको अनुगमन गनुपर्ने जिम्मेवारी पनि समितिलाई सुम्पिइएको छ । यस अतिरिक्त नेपाल ट्रष्टको वार्षिक प्रतिवेदन लगायतका सभाले सुम्पेको अन्य विषयसहित समितिले उपयुक्त ठहऱ्याएका विविध कार्यहरु सम्पादन गरी सम्मबन्धित निकायलाई निर्देशन दिने र वार्षिक प्रतिवेदन तयार गरी छलफलको लागि सदनमा पेश गर्ने दायित्व समितिमा रहेको छ ।

शासन प्रणालीमा लोकतन्त्र आधारभूत तत्व हो । यसको लागि बहुदलीय प्रतिस्प्रर्धा, आवधिक निर्वाचन, विधिको शासन, मानवअधिकार, जन निर्वाचित सरकार, लोकतान्त्रिक मूल्य मान्यता प्रवर्धन गर्न सरकार प्रभावकारी भए नभएको सम्बन्धमा मूल्यांकन गर्न समितिले आफ्नो सक्रीय भूमिका निर्वाह गरेको छ । संविधान सभाको प्राथमिकता संविधान निर्माण भएको भएता पनि सरकारका क्रियाकलापहरुको नियन्त्रण, निर्देशन र मुल्याङ्कनमा समिति क्रियाशील भई आफ्नो उत्तरदायित्व पूर्ण रुपमा निर्वाह गरेकोमा  कुनै दुविधा छैन ।

सुशासन कायम नहुँदा मूलुकमा अनेकौ बेथितिहरु खडा भएको देखिन्छ । यसको समाधानका लागि सुशासन कायम राख्न संसदीय समिति क्रियाशील रहनु पर्दछ । यसैले समिति सम्बद्ध निकायका कार्यलाई प्रभावकारी र दक्ष तुल्याउन समितिले प्रतिवद्ध भई आफ्ना कामकारवाहीहरु सञ्चालन गर्दै आएको र दिइएका सुझाव र निर्देशको कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गर्न सरकारले बजेट व्यवस्थापिका-संसदमा पेश गर्नु पूर्व सरकार समक्ष प्रतिवेदन पुऱ्याउन समिति क्रियाशील रहेको भए तापनि विषयको गांभियता र महत्व अनुरुप बैठकमा भएको छलफल यथासमयमा नै निष्कर्षमा पुग्न नसकेकाले मिति २०६८/३/२० गते बसेको समितिको बैठकको निर्णयानुसार प्रतिवेदनमा उल्लेखित आगामी वजेटमा समावेश गर्नु पर्ने सुझाव र निर्देशहरुको विवरण मा.उपप्रधानमन्त्री तथा अर्थमन्त्री र सम्बद्ध निकायहरुलाई उपलव्ध गराई सकिएकोछ ।

समितिले सरकारलाई दिइएका सुझाव र निर्देशनले नीति तर्जुमा गर्न र बजेट व्यवस्थापनमा सहयोग पुग्ने समितिले अपेक्षा गरेको छ । प्रतिबेदनमा उल्लेखित समस्याहरु समाधान भएमा सरोकारवालाहरुले भोग्नुपरेका कठिनाइहरु न्यून भई प्रतिवेदनले सहयोगात्मक भूमिका निर्वाह गरेको मानिनेछ ।

व्यवस्थापिका-संसदको कार्य सञ्चालन नियमावली, २०६५ को नियम ११५ अनुसार समितिबाट सम्पादित कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा पेश गर्ने प्रयोजनका लागि नियम १२४ बमोजिम मा. श्री अमृताथापा मगरको संयोजकत्वमा देहायका सदस्यहरु रहेको वार्षिक प्रतिवेदन मस्यौदा तयारी उपसमिति गठन गरिएको थियो :-

मा० श्री कल्याणी रिजाल
मा० श्री चित्रबहादुर के.सी.
मा० श्री राजकुमार राई
मा० श्री लीला न्याईच्याँई

समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा राष्ट्रिय सुरक्षा नीति तर्जुमा तथा सेनाको लोकतान्त्रिकरणका सम्बन्धमा स्वदेशी तथा विदेशी विज्ञहरुसंग छलफल गर्न पोखरामा दुई र गोकर्णमा एक पटक गरी तीन पटक अन्तरक्रियात्मक कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । यसका साथै समितिसंग सम्बन्धित निकायको अनुरोधमा देहायको स्थलगत अध्ययन, अनुगमन र छलफल भएको यहाँ उल्लेख गर्नु सान्दर्भिक नै देखिन्छ :-

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।

(ख) लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर ।

(ग) निर्वाचन आयोग, वहादुरभवन ।

(घ) नेपाली सेनाको प्रधान कार्यालय,

- चितवन राष्ट्रिय निकुञ्ज सौराह, नन्दावक्स गण, चितवन,
- वीरेन्द्र शान्ति कार्य तालीम केन्द्र, पाँचखाल

(ङ) प्रहरी प्रधान कार्यालय, नक्साल ।

(च) सशस्त्र प्रहरी वल, प्रधान कार्यालय, हलचोक ।

(छ) नारायणहिटी दरवार संग्रहालय, नारायणहिटी ।

लामो समयदेखि कायम भएको सामन्ती, निरंकुश राज्य प्रणालीका विसंगतिले गर्दा राजनीतिक, आर्थिक, सामाजिक विभेदलाई रुपान्तरण गर्दै राज्य पुनर्संरचना सहितको नयाँ संविधान निर्माण गर्न गठित संविधानसभा, व्यवस्थापिका-संसदसंग सम्बन्धित यस समितिले सम्पादन गरेका कार्यका सम्बन्धमा यो प्रथम प्रतिवेदन सभामा पेश गरिएको छ । प्रतिवेदनमा उल्लेख गरिएका सुझाव वा निर्देशन अविलम्ब कार्यान्वयन नेपाल सरकारबाट हुनेछ भन्ने विश्वास समितिले लिएकोछ । सुशासन मार्फत आम नेपालीलाई शान्ति सुरक्षाको प्रत्याभूतिका साथसाथै न्यूनतम आधारभूत सेवा सुविधाहरु प्रदान गर्न नेपाल सरकार सक्षम र कटिवद्ध रहने छ भन्ने कुरामा समिति विश्वस्त छ ।

उपसमितिलाई तोकिएको जिम्मेवारी पूरा गरी मिति ०६८/३/१४ मा समिति समक्ष पेश गरेको मस्यौदा प्रतिवेदनमाथि गहन छलफल भई मिति २०६८/३/२८ गते बसेको बैठकले अन्तिम रुप दिई व्यवस्थापिका-संसदको वैठकमा पेश गर्ने सर्वसम्मत निर्णय भए अनुरुप यो प्रतिवेदन सदनमा पेश गरिएकोछ ।

अन्त्यमा, सम्माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, समितिका माननीय सदस्यहरु, मस्यौदा प्रतिवेदन तयारी उपसमितिका संयोजक तथा सदस्यहरु, व्यवस्थापिका-संसदका महासचिव, समिति सचिवालय परिवार, नेपाल सरकारका समिति सम्बद्ध निकाय एवं सोसंग सम्बन्धित पदाधिकारी एवं कर्मचारीहरु लगायत पत्रकार तथा कार्य सम्पादनमा सहयोग पुऱ्याउनु हुने अन्य सबैप्रति समिति आभार व्यक्त गर्दछ ।

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मुलुकमा शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने बैधानिक जिम्मेवारी संविधानतः प्राप्त गरेको छ । सरकारको कार्य सञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनैतिक सहमति र सहकार्यको संस्कृति अनुरुप हुने र सरकार सञ्चालनको नीतिगत आधार आपसी सहमतिबाट तयार गरिएको न्यूनतम साझा कार्यक्रम अनुरुप हुनु पर्ने नेपालको अन्तरिम संविधान, २०६३ को मार्गदर्शनका आधारमा सरकारले आफ्नो कामकारवाही सञ्चालन गर्नु पर्ने हुन्छ ।

सरकारको प्रभावकारिता सुशासनमा निर्भर रहेको हुन्छ । सार्वजनिक निकायबाट हुने हरेक क्रियाकलापहरु लोकतान्त्रिक विधि र प्रक्रियामा आधारित रहनु पर्दछ । जनताको सुसूचित हुने अधिकारलाई प्रत्याभूत गर्दै सार्वजनिक प्रशासन एवं राज्य सञ्चालनमा संलग्न सबै निकाय वा पदाधिकारीहरुको जवाफदेहिता, पारदर्शिता र प्रतिवद्धताले सुशासन कायम गर्न र नागरिक बीचको सम्बन्धलाई अझ निकट र सहयोगी बनाउन सहजता प्राप्त हुने गर्दछ ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गर्ने महत्वपूर्ण विषयसहितका कार्यहरु :**

- मन्त्रिपरिषद्को कार्य,
- नेपाल सरकारको कार्य-विभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा संगठन संरचना हेरफेर,
- नेपाल सरकारको कार्य-सम्पादन नियमावली,
- विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन,
- मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन,
- विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति तथा जारी,
- नेपाल सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति एवं रणनीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- देशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने,
- अत्यावश्यक उपभोग्य वस्तुहरुको नियमित र सन्तुलित आपूर्तिको व्यवस्था गर्न लगाउने,
- केन्द्रीयस्तरमा व्यवस्थापन सूचना प्रणालीको विकास र प्रभावकारिता,
- शासकीय सुधार,
- द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयनमा प्रभावकारिता ल्याउने,
- राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय,
- मानव अधिकार प्रवर्द्धन,
- प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,
- संवैधानिक परिषद्,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

- राष्ट्रिय मानव अधिकार आयोग,
- राष्ट्रिय योजना आयोग,
- राष्ट्रिय सतर्कता केन्द्र,
- गरिबी निवारण कोष,
- राज्यको पुनर्संरचना,
- सुशोभन समारोह,
- प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन,
- प्रधानमन्त्रीको बाह्य एवं आन्तरिक जनसम्पर्क तथा सञ्चार,
- प्रचलित कानून बमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत,
- प्रधानमन्त्री र मन्त्रिपरिषद् सम्बन्धी अन्य कार्यहरु ।

**निर्णयको संक्षिप्त विवरण :**

- विगतमा गरिएका शान्ति सम्झौताको उच्च सम्मान गर्दै शान्ति प्रक्रियालाई पूर्णता दिन र संविधान तर्जुमाको कामलाई समयमै सम्पन्न गर्न उच्च प्राथमिकतासहित पूर्णरुपमा ध्यान केन्द्रित गरी उच्चस्तरको राजनैतिक सहमति कायम गर्न नेपाल सरकारलाई निर्देश गर्दछ,
- मध्य र सुदूर पश्चिमाञ्चलका केही जिल्लाहरुमा फैलिएको झाडा पखालाबाट त्यस क्षेत्रका बासिन्दा आक्रान्त भएकाले सरकारले तत्काल रोगको रोकथामका लागि आवश्यक औषधोपचारको उचित प्रबन्धसहित महामारी प्रभावित क्षेत्रमा थप जनशक्ति तत्काल पठाउने कार्य आजैबाट प्रारम्भ गरोस् र मृतकका परिवारलाई तत्काल राहत उपलब्ध गराओस् भनी निर्देश गर्दछ,
- वर्तमान अवस्थामा देखिएको कृत्रिम मूल्यवृद्धि र अभावको निराकरणको लागि सरकारबाट गम्भीरतापूर्वक कठोर कदम चाली आम जनतालाई महंगी र कृत्रिम अभावबाट मुक्त गर्न आजैबाट पहल गरोस् भन्ने निर्देश गर्दछ,
- राष्ट्रको मूल नीति एवं राष्ट्रिय सुरक्षा नीति अविलम्ब तर्जुमा गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई निर्देश गर्दछ,
- मुलुकको बिग्रँदो शान्ति सुरक्षाको अवस्थामा प्रभावकारी सुधार ल्याउन तत्काल उपयुक्त कदम चाल्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछ,
- संवैधानिक अङ्गहरुमा रिक्त पदपूर्ति गर्न सरकारले उच्च प्राथमिकतासहित ध्यान केन्द्रित गरी यथाशक्य छिटो पदपूर्ति गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ,
- समितिले आफ्नो कार्य सम्पादनका सन्दर्भमा आवश्यकता अनुसारको कागजात उपलब्ध गराउन र अन्य सहयोगका लागि सम्बन्धित निकायहरुमा गरिएको अनुरोधलाई सम्बन्धित निकायबाट गम्भिरतापूर्वक लिने गरेको नपाइएकोले सरकारको तर्फबाट संसदीय समितिलाई पुऱ्याउनु पर्ने सहयोग र उपलब्ध गराउनु पर्ने कागजातहरु यथासमयमै अनिवार्य रुपमा उपलब्ध गराई समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनेतर्फ सबै मन्त्रालय, निकायहरुलाई आवश्यक निर्देशन हुनका लागि सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराइन्छ,

- समितिको कार्यक्षेत्रसँग सम्बन्धित विविध विषयमा समिति सचिवालयमा प्राप्त विभिन्न निवेदन र उजुरीका सम्बन्धमा यथार्थमा के भएको हो ? के कस्ता उपाय र प्रकृया अपनाउँदा देखिएका समस्या समाधानमा सहयोग पुग्न सक्दछ । सो सम्बन्धमा सम्बन्धित निकायले पत्र पाएको मितिले ७ दिनभित्र लिखित रुपमा जानकारी उपलव्ध गराउन आवश्यक पत्राचार गर्न सचिवालयलाई निर्देश गर्दछ,

- विगत लामो समयदेखि संवैधानिक अंगका पदाधिकारीहरूको नियुक्ति हुन नसक्दा संवैधानिक निकायबाट सम्पन्न गर्नु पर्ने कामकारवाही प्रभावित हुनुका साथै संवैधानिक निकायका प्रतिवेदनमा उठाइएका समस्याहरू संसदीय समितिका बैठकहरूमा छलफल गरी नेपाल सरकार र सम्बन्धित निकायलाई दिनु पर्ने निर्देश सम्बन्धी कार्य समेत सुचारू रूपले सञ्चालन गर्न असजिलो परिस्थिति सिर्जना भएको छ । यसका अतिरिक्त नेपाल सरकारबाट भए गरेका कामकारवाहीका सम्बन्धमा संवैधानिक रूपमा खवरदारी गर्ने निकायको प्रमुख र अन्य सदस्यहरूको रिक्तताबाट संवैधानिक निकायबाट सम्पन्न गर्नु पर्ने कामकारवाहीका सम्बन्धमा उत्पन्न भएका र हुने समस्याले अझै जटिलता थपिएको छ । तसर्थ तत्काल संवैधानिक निकायका पदाधिकारीहरूको पदपूर्तिका लागि नेपाल सरकार र संवैधानिक परिषद्ले कदम चालोस् भन्ने अभिव्यक्तिहरू बैठकमा माननीय सदस्यहरूले व्यक्त गर्नु भएको सन्दर्भमा संवैधानिक परिषद्बाट एक महिनाभित्र संवैधानिक निकायका रिक्त सबै पदमा नियुक्तिको सिफारिश गरी यस समितिलाई समेत जानकारी दिन संवैधानिक परिषद्का प्रमुख समेत रहनु भएका सम्माननीय प्रधानमन्त्रीलाई यो बैठक निर्देश गर्दछ,

- संविधानसभाबाट निश्चित अवधिभित्र संविधान तर्जुमा गरी शान्ति सम्झौता बमोजिमका कार्य तोकिएको समयभित्रै सम्पन्न गर्नु पर्ने प्रमुख दायित्व हाम्रो सामु रहेको छ । विद्यमान अवस्थालाई दृष्टिगत गरी नेपाल सरकार र अन्य सबै सम्बन्धित निकायबाट संविधान तर्जुमा र शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन अर्जुनदृष्टि कायम गरी सो कार्यका लागि आवश्यक पर्ने सहयोगात्मक, सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । तसर्थ यस विषयमा अत्यन्त गम्भीर बनी राजनैतिक दलहरूका बीच देखापरेको असमझदारीको अन्त्यका लागि नेपाल सरकारले तत्काल आवश्यक पहल गरोस् भनी सम्माननीय प्रधानमन्त्रीको यो बैठक ध्यानाकर्षण गर्दछ,

- नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरूका बीच एक अर्कामा समन्वय र सहकार्यको अभाव खटकिएको र मन्त्रिपरिषदीय पद्धति अनुरूप सञ्चालित सरकारका कतिपय मन्त्रीका अभिव्यक्ति र कामकारवाहीहरू समेत सम्माननीय प्रधानमन्त्रीबाट व्यक्त औपचारिक धारणासँग समेत मेल नखाने, बाझिने गरी व्यक्त हुने गरेकोमा बैठकको गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ यस्ता विषयमा अत्यन्त गम्भीर भई सरकारको धारणा स्पष्ट र विवादरहित रूपमा मात्र व्यक्त हुन सक्ने वातावरण सिर्जनाका लागि सम्बन्धित सबैको ध्यानाकर्षण गर्न, गराउन सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्दछ,

- मुलुकको विद्यमान ऐन, नियममा कर्मचारीको नियुक्ति र सरूवाका सम्बन्धमा निश्चित कार्यविधि र अवधि किटान गरिएको छ । तर कतिपय अवस्थामा ऐन, नियमको प्रावधान विपरित कर्मचारीहरूको नियुक्ति, सरूवा वा काज सरूवा हुने गरेको र यस्ता सरूवा वा नियुक्तिले ऐन, नियमको प्रावधानको उल्लंघन हुने गरेको, प्रशासनिक संयन्त्र फितलो र कमजोर भएको, कर्मचारीहरूको मनोबल गिरेको, राज्यको ढुकुटीमाथि अतिरिक्त व्ययभार थपिएको र सम्बन्धित कर्मचारीहरूलाई समेत अनावश्यक तनाव र व्यवहारिक रूपमा मर्का परेको भन्ने गुनासाहरू कर्मचारीवृत्तमा व्यापक रूपमा रहेकोतर्फ बैठकको गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ ऐन, नियमको प्रावधान विपरित नहुने गरी मात्र सरूवा र नियुक्तिका

प्रक्रियाहरू अगाडि बढाई कर्मचारीहरूको मनोबल उकास्न, सरूवा गरिएका कर्मचारी यथासमय मै कार्यस्थलमा पुगी अनिवार्य सेवा गर्नु पर्ने प्रावधानलाई कडाइका साथ कार्यान्वयनमा ल्याउन र यस्ता क्रियाकलापबाट देखापरेका समस्याको समाधानमा सम्बन्धित सबैलाई आवश्यक निर्देश गर्न सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गर्दछ,

- नेपाल सरकारले मुलुकमा हातहतियार भित्र्याएको भनिएको विषयमा बैठकको ध्यानाकर्षण भएको छ । सरकारले गर्ने वा गरिएका कुनै पनि कामकारवाहीले समाजमा शान्ति सुव्यवस्था कायम राख्दै प्रशासनिक संरचनालाई अझै सुदृढ, गतिशील र आधुनिक तुल्याउनु पर्ने हुन्छ । यस क्रममा शान्ति सम्झौताको मर्मप्रति सचेत रही मुलुकको आवश्यकतानुसारका कामकारवाहीहरु सञ्चालन गर्दा राजनैतिक दलहरुका बीचमा अविश्वास र आशंकाको स्थिति आउन नदिनेतर्फ सरकार सक्रिय रही सहमति र सहकार्यको वातावरण निर्माण गर्न अझै क्रियाशील रहनु पर्दछ । तसर्थ संविधानसभाको निर्वाचन पछि कुन, कुन मितिमा के कस्ता हातहतियारहरु मुलुकले प्राप्त गरेको छ सो सम्बन्धी विवरण एकहप्ताभित्र समितिलाई उपलब्ध गर्ने, गराउने व्यवस्था मिलाउन र राष्ट्रिय सुरक्षा नीति जस्तो संवेदनशील विषयमा सहमतिमा यस्ता कार्यहरु गर्न, गराउन सम्माननीय प्रधानमन्त्रीलाई यो बैठक निर्देश गर्दछ,
- नेपाल फर्म्ड पुलिस (सुडान) छानवीन उपसमितिबाट प्रस्तुत प्रतिवेदनलाई यथाशीघ्र कार्यान्वयनमा ल्याई प्रशासनिक दायित्व निर्वाह नगर्ने र अनियमित कार्यमा संलग्न रहेका व्यक्ति वा पदाधिकारीलाई कानूनको कठघरामा उभ्याउने प्रयोजनका लागि प्रस्तुत प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउन नेपाल सरकारले तत्काल आवश्यक निर्णय गरी सोको जानकारी समितिलाई उपलब्ध गराउन निर्देश गर्दछ,
- नेपाल फर्म्ड पुलिस (सुडान)का सम्बन्धमा देखिएका कमीकमजोरीको निराकरणका लागि अत्यावश्यक देखिएका भौतिक पूर्वाधारहरु तत्काल उपलब्ध गराउन भनी उपसमितिले मिति २०६६ चैत्र १६ गते नेपाल सरकारलाई दिएको निर्देश अनुरुपको कार्य र प्रतिवेदनमा उल्लेखित निष्कर्षसहित सुझावहरु नेपाल सरकार तथा सम्बन्धित निकायहरुले तुरुन्त कार्यान्वयनमा ल्याई समितिलाई जानकारी गराउन नेपाल सरकारलाई निर्देश गर्दछ,
- देहायका विषयमा यथाशीघ्र आवश्यक कार्य गरी समितिलाई जानकारी उपलब्ध गराउन सम्माननीय प्रधानमन्त्रीलाई लेखी पठाउने :-
    - सुडान मिसनको लागि राज्य व्यवस्था समितिले **APC** लगायत केही भौतिक सामग्रीहरु तत्काल खरीद गरी सो मिसनको कार्यलाई अझै प्रभावकारी र चुस्त, दुरुस्त तुल्याउने सम्बन्धी विगत बैठकको निर्णय तत्काल कार्यान्वयन गर्ने विषय,
    - भारतीय माओवादीलाई नेपालमा तालिम दिइएको भनी विभिन्न सञ्चार माध्यमबाट प्रकाशित विषयमा नेपाल सरकारबाट छानविन गरी यथार्थ र सत्य तथ्य विवरण तत्काल जनमानस समक्ष ल्याउने विषय,
    - शिविरमा रहेका लडाकुको चीन भ्रमण तथा पालुङटार विस्तारित बैठकमा लडाकुहरुको सहभागिता र "५० करोड रुपैयाको टेप प्रकरणका" सम्बन्धमा नेपाल सरकारबाट छानविन गरी यथार्थ र सत्य तथ्य विवरण तत्काल जनमानस समक्ष ल्याउने विषय,
    - भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNITED NATIONS CONVENTION AGAINST CORRUPTION) व्यवस्थापिका-संसदबाट यथाशीघ्र अनुमोदन गर्ने गराउने सम्बन्धी विषय ।
- नेपाल फर्म्ड पुलिस (सुडान) मा आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउने सम्बन्धी मिति १६ चैत्र २०६६ मा बसेको बैठकको निर्णयानुसार सम्माननीय प्रधानमन्त्री र माननीय गृहमन्त्रीलाई

दिइएको निर्देशन (प्रतिवेदनको सुझाव खण्डको बुंदा नं. ३ मा उल्लेखित भौतिक पूर्वाधारहरु) नेपाल सरकारसहित सम्बन्धित निकायबाट हालसम्म पनि कार्यान्वयन नगरेको, नभएको विषयमा बैठकले गम्भीर चिन्ता र चासो व्यक्त गर्दै उक्त निर्देशन कार्यान्वयन गर्न आवश्यक पर्ने कामकारवाही १० दिनभित्र सम्पन्न गरी, गराई समितिलाई जानकारी दिन सम्माननीय प्रधानमन्त्री र माननीय गृहमन्त्रीलाई पुनः निर्देश गर्दछ,

- नेपाल फर्म्ड पुलिस (सुडान) मा आवश्यक भौतिक पूर्वाधारको अभावमा संयुक्त राष्ट्र संघले नकारात्मक निर्णयहरु गर्न सक्ने भन्ने जानकारीहरु प्राप्त भैरहेको वर्तमान अवस्थामा राष्ट्रको इज्जत र मर्यादामाथि कुनै पनि प्रकारको नकारात्मक असर पर्न नदिने तर्फ नेपाल सरकार अझै गम्भीर र सचेत रही आवश्यक निर्णयमा पुग्न सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्दछ,

- संवैधानिक निकायहरुमा लामो समयदेखि पदाधिकारी विहीनताको अवस्थाले उक्त निकायको कामकारवाही जति सशक्त र प्रभावकारी वन्नु पर्ने हो सो हुन सकिरहेको छैन । यस अवस्थाको अन्त्यका लागि यस समितिको पटक पटकको निर्देशन र सम्माननीय प्रधानमन्त्रीबाट तत्काल नियुक्ति गर्ने प्रतिबद्धताका बाबजुद पनि पदाधिकारीहरुको नियुक्ति हुन नसक्नु सुशासन, पारदर्शिता र जवाफदेहिताको सन्दर्भमा नेपाल सरकारको उत्साहबर्द्धक प्रतिवद्धता रहेको छ भनी भन्न सक्ने अवस्था देखिएन । तसर्थ संवैधानिक निकायहरुका रिक्त पदाधिकारीहरुको नियुक्ति एकमहिनाभित्र सम्पन्न गरी समितिलाई जानकारी दिन सम्माननीय प्रधानमन्त्रीलाई यो बैठक पुनः निर्देश गर्दछ,

- निजामती/सैनिक/प्रहरीसहित अन्य सेवाका राजपत्रांकित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिल्लो तह, श्रेणी वा सो सरहको पदमा नियुक्त पदाधिकारीहरु (सम्माननीय प्रधानमन्त्री, मन्त्री, सल्लाहकार, उद्योगपति, समाजसेवी लगायत) र विभिन्न राजनैतिक पदमा नियुक्ति पाएका पदाधिकारीहरु हाल पदमा बहाल रहेका वा नरहेको अवस्थामा समेत क कस्ले, कुन ऐन, नियम वा सरकारले अख्तियार गरेको कुन नीति अनुरुप राज्य कोषबाट कुन, कुन मितिमा के-कति अवधिसम्मका लागि के-कस्तो सुविधाहरु (सवारी, इन्धन, सुरक्षाकर्मी, निजामती कर्मचारी, भौतिक सामग्रीहरु लगायत अन्य सेवा सुविधाहरु) के-कति परिमाणमा (कुन मितिको कुन स्तरको निर्णयमा) उपलव्ध गराइएको छ सो सम्बन्धी विस्तृत विवरण यही चैत्र २० गतेभित्र समिति सचिवालयमा उपलव्ध गराइदिनु भई समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याइदिन हुन नेपाल सरकारका मुख्य सचिवलाई निर्देश गर्दछ,

- सरकारले अवलम्वन गरेका नीतिहरु, सम्पादित कामकारवाही सम्बन्धी सूचना तथा जानकारीहरु र समिति सम्बद्ध निकायले सम्पादन गरेका क्रियाकलापहरु लगायत अन्य समसामयिक विषयहरु निरन्तर रूपमा समितिलाई जानकारी गराउने जिम्मेवारी समितिका पदेन सदस्यमा रहेको हुन्छ । त्यसतर्फ सम्माननीय प्रधानमन्त्री लगायत अन्य पदेन सदस्यहरूको ध्यानाकर्षण गराउँदै यस्ता विषय समितिलाई जानकारी दिन नेपाल सरकारलाई अनुरोध गर्दछ,

- मा० अर्थ राज्यमन्त्री श्री ल्हारक्याल लामासँग विभिन्न नामबाट विभिन्न मुलुकको राहदानी, नागरिकता र परिचयपत्र रहेकाले निज नेपाली वा गैर नेपाली नागरिक के हुन् ? भन्ने लगायतका विविध विषयमा प्रकाशित टीका टिप्पणीका सम्बन्धमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । आफूलाई निर्दोष प्रमाणित गर्न उहाँले तत्काल छानविनको माग गर्दै अर्थ राज्यमन्त्री पदबाट समेत राजीनामा दिइसकेको विद्यमान अवस्थामा कुनैपनि सार्वजनिक पद धारणा गरेको पदाधिकारीका सम्बन्धमा उठेका प्रश्नहरुको छानविन गरी दोषीलाई आवश्यकतानुसारको सजाय र निर्दोष व्यक्तिको संरक्षण र सफाई दिने दायित्व अनुरुप

सरकारबाट गठित आयोगले पेश गर्ने प्रतिवेदन सरकारमा प्राप्त भएपछि अविलम्ब यस समितिलाई उपलब्ध गराउन सम्माननीय प्रधानमन्त्रीलाई यो बैठक निर्देश गर्दछ,

- भ्रष्टाचार निवारणमा केन्द्रको कामकारवाही अझ सशक्त, सक्षम र प्रभावी तुल्याउन ऐन, नियममा गर्नु पर्ने परिमार्जनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग र केन्द्रको काम कर्तव्य र अधिकारमा देखिएका दोहोरोपन हटाउन र नयाँ तर्जुमा हुन लागेको ऐनमा समावेश गर्नु पर्ने मुख्य प्रावधानहरु सम्बन्धी ठोस र किटानी विवरणसहितको जानकारी यही २०६८/२/१० गते भित्र समितिलाई उपलब्ध गराउन राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देश गर्दछ, र
- नेपाल सरकार मन्त्रिपरिषद्मा विचाराधीन राष्ट्रिय सुरक्षा नीति अविलंम्ब पारित गरी समितिको सुझावका लागि उपलब्ध गराउन सम्माननीय प्रधानमन्त्रीलाई यो बैठक निर्देश गर्दछ।

**उपलब्ध गराउन अनुरोध गरिएका कागजात तथा विषयहरु :**

- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग सम्बन्धित विषयहरु लगायत देशको समग्र परिस्थिति एवं समसामयिक विविध विषयमा छलफलका लागि प्रधानमन्त्रीलाई आमन्त्रण गरिएको सम्बन्धी,
- प्रधानमन्त्री तथा मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग सो कार्यालयले गरिआएका कामकारवाहिहरुको विवरण सम्बन्धी,
- राष्ट्रिय सुरक्षा नीति, २०६७ र गृह मन्त्रालय अन्तर्गतका सुरक्षा निकायमा गर्नु पर्ने सुधार एवं सुदृढीकरण सम्बन्धी,
- मुख्य सचिवसँग मर्यादाक्रमको विषय सम्बन्धी,
- दैवी प्रकोप रोकथाम र उद्धारका लागि सरकारले लिएको र लिने रणनीति (भूकम्प, आगलागी, बाढी पहिरो) सम्बन्धी,
- सरकारी सवारी साधनमा निजी नम्बर प्रयोग सम्बन्धी,
- नेपाल वायुसेवा निगमको विमान खरीदको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित सम्बन्धित विभिन्न पदाधिकारीहरुलाई प्रधानमन्त्रीबाट दिइएको निर्देशन भनी पत्रपत्रिकामा प्रकाशित विषय सम्बन्धी,
- माओवादी शिविरसँग सम्बन्धित व्यक्तिहरुको चीन भ्रमण सम्बन्धमा प्रधानमन्त्रीको भनाई भनी पत्रपत्रिकामा प्रकाशित विषय सम्बन्धी,
- आमाको नामबाट नागरिकता पाउन भएको कठिनाई सम्बन्धी,
- सीमाको व्यवस्थापन सम्बन्धी,
- सुरक्षा निकायका विभिन्न पदाधिकारीहरुको (नेपाली सेना) म्यादथप, बढुवा र अवकास गरिएको सम्बन्धी,
- मुलुकमा शान्ति सुरक्षाको विद्यमान अवस्थासहित समसामयिक रुपमा देखापरेका विविध समस्याहरु सम्बन्धी,
- मिति २०६७/१२/२८ गते पुनर्गठित मन्त्रिमण्डलमा अर्थ राज्यमन्त्री पदमा नियुक्त मा० श्री ल्हारक्याल लामाका सम्बन्धमा विगत केही समयदेखि विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारका सन्दर्भमा सरकारको आधिकारिक धारणा एवं मुलुकको शान्ति सुरक्षा सम्बन्धी

विषयमा सम्माननीय प्रधानमन्त्रीसँग समितिको आगामी बैठकमा लिखित जवाफसहितको विस्तृत जानकारी लिने सम्बन्धी,

- राष्ट्रिय सतर्कता केन्द्रको कामकारवाही, समस्या र समाधानका उपायहरुका सम्बन्धमा जानकारी लिन सो केन्द्रका प्रमुखलाई बोलाइएको सम्बन्धी, र
- नेपाल ट्रष्टको कार्यालयको काम, कर्तव्य र अधिकार अनुरुप चालू आर्थिक वर्षको हालसम्म सम्पादित कामकारवाही र देखिएका समस्या एवं समाधानका उपाय सम्बन्धी विवरणहरु उपलब्ध गराई सो सम्बन्धमा बैठकलाई ट्रष्टका अध्यक्ष एवं माननीय उपप्रधानमन्त्रीबाट विस्तृत जानकारी प्राप्त गर्ने सम्बन्धी ।

**निर्देशन कार्यान्वयन स्थिति :**

- शान्ति प्रक्रिया र संविधान निर्माणको कार्यलाई उच्च प्राथमिकता प्रदान गर्न उच्च स्तरीय राजनैतिक सहमतिका लागि प्रयास भैरहेको,
- मूल्यवृद्धि तथा कृत्रिम अभाव नियन्त्रण गर्न दिइएको निर्देशनमा बजार अनुगमन समय समयमा भै रहेको,
- राष्ट्रको मूल नीति एवं राष्ट्रिय सुरक्षा नीति तर्जुमा गर्न दिइएको निर्देशनमा सो नीतिको मस्यौदा तयार भै मन्त्रिपरिषद्मा विचाराधीन रहिरहेको अवस्थामा समितिको माग अनुसार उपलब्ध गराइएको,
- मुलुकको शान्ति सुरक्षाको अवस्थामा प्रभावकारी सुधार गर्न दिइएको निर्देशनका सम्बन्धमा सुरक्षा कार्यक्रम, २०६६ कार्यन्वयनमा रहेको,
- संवैधानिक अंगहरुमा पदाधिकारी नियुक्ति गर्न दिइएको निर्देशनमा संवैधानिक परिषद्को बैठक बसी एक आयुक्तको सिफारिश गरेको भन्ने लगायतका जवाफ प्राप्त भएको र अन्य सुझावका हकमा कुनै प्रतिक्रिया प्राप्त हुन नसकेको,
- मा० पूर्व अर्थ राज्यमन्त्री श्री ल्हारक्याल लामाको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट छानविन अगाडि बढाएको जानकारी प्राप्त भएको, र
- सरकारी सुविधा (सवारी, इन्धन, सुरक्षाकर्मी, निजामती कर्मचारी, भौतिक सामग्रीहरु लगायत अन्य सेवा सुविधाहरु) प्राप्त गरेका पदाधिकारीहरुले प्राप्त सुविधा सम्बन्धमा माग गरेको विवरण मध्ये आंशिक मात्र प्राप्त भएको ।

**समस्या :**

राष्ट्रको मूल नीति एवं राष्ट्रिय सुरक्षा नीति अविलम्ब तर्जुमा गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई गरिएको निर्देश हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । राष्ट्रिय सुरक्षाका विभिन्न क्षेत्रमा गरिनु पर्ने सुधार र सुरक्षा निकायलाई प्रभावकारी तुल्याउन सरकार पूर्ण सक्षम नभएको समितिले महसुस गरेको छ ।

समितिले आफ्नो कार्य सम्पादनका सन्दर्भमा आवश्यकता अनुसारको सम्बद्ध कागजात उपलब्ध गराउन र अन्य सहयोगका लागि सम्बन्धित निकायहरुमा गरिएको अनुरोधलाई सम्बन्धित निकायबाट गम्भिरतापूर्वक लिने गरेको नपाइएकोले सरकारको तर्फबाट संसदीय समितिलाई पुऱ्याउनु पर्ने सहयोग र उपलब्ध गराउनु पर्ने कागजातहरु यथासमयमै अनिवार्य रुपमा उपलब्ध गराई समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउने तर्फ सबै मन्त्रालय, निकायहरुलाई आवश्यक निर्देशका लागि सरकारको ध्यानाकर्षण गराइएको थियो । तर हालसम्म पनि सम्बन्धित

निकायहरुबाट समितिको अनुरोध अनुरुपको विवरणहरु यथासमयमै उपलब्ध गराउने नगरिएको, मन्त्रालय र सो अन्तर्गतका निकायबाट हुने गरेका कामकारवाही लगायत लिइएको नीतिलाई स्वतस्फूर्त रुपमा निरन्तर समितिलाई उपलब्ध गराउने गरेको पाइएन । जसबाट सम्बन्धित निकायको कामकारवाहीमा समिति पूर्णरुपमा जानकार हुन सकेको छैन । यसबाट सम्बन्धित निकायले प्राप्त सूचनाको आधारमा सूचनाको विश्लेषण गरी आम जनताको प्रतिक्रिया समेत प्राप्त गरी सरकारलाई पुऱ्याउनु पर्ने सहयोगका लागि सकारात्मक भूमिका निर्वाह गर्न र सरकारको गलत कामकारवाहीप्रति नियन्त्रण गरी ठोस र प्रभावकारी निर्देश दिंदै सरकारलाई जनताप्रति जवाफदेही तुल्याउन समिति पूर्ण रुपमा सफल भएको छैन ।

विद्यमान संक्रमणकालीन अवस्था र सरकार परिवर्तनका लागि हुने गरेका क्रियाकलापबाट सेवाग्राहीले प्राप्त गर्नु पर्ने सेवा, सुविधाहरु उचित र प्रभावकारी रुपमा प्राप्त गर्न सकेको पाइएन । यस्तो अवस्थामा साम्प्रदायिकता, क्षेत्रीयता, जातियता र विखण्डनकारी गतिविधिले आपराधिक कार्यलाई बढाउन सहयोग पुगेको देखिन्छ । जसबाट सुशासन, शान्ति सुरक्षा र अमनचयन प्राप्त गर्नु पर्ने नागरिक अधिकार हासिल गर्न असहज भएको र यसको निराकरणमा सरकारले आवश्यकतानुसारको कदम चाल्न सकेको देखिएन ।

सेवाग्राहीलाई सरल र सुलभ ढंगले सेवा र सुविधा प्रदान गर्दै त्यसको गुणस्तरमा निरन्तर सुधार गर्ने कार्य नै सरकारको प्रमुख लक्ष्य रहनु पर्दछ । राज्य सञ्चालन पारदर्शी प्रक्रिया र मापदण्डको आधारमा कानूनी शासनमा आधारित हुनु पर्दछ । समय सापेक्ष सोचाई र व्यवहारमा आएका परिवर्तनलाई समेत आत्मसात गर्दै "सर्वजन सुखाय सर्वजन हिताय"लाई केन्द्रविन्दुमा राखि सरकारले आफ्नो कामकारवाहीहरु सञ्चालन गर्नु पर्दछ । राज्य सञ्चालनको क्रममा विविध प्रकारका मानवीय व्यवहारलाई नियमन तथा नियन्त्रण गर्न वा अनिवार्य गराउन वा प्रोत्साहन दिन र राज्यको चौतर्फि विकासका लागि सरकारले आफूलाई केन्द्रित तुल्याउनु पर्दछ । तर त्यस्ता कार्यको नियमित रुपमा अनुगमन र मुल्याङ्कन गर्दै आवश्यक निर्देश गर्न मन्त्रिपरिषद् आवश्यकतानुसारको चुस्त हुन सकेको पाइएन ।

विकासोन्मुख मुलुकमा भ्रष्टाचार र अनियमितताको पूर्ण रोकथाम तथा नियन्त्रण गर्ने कार्य सहज छैन । भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने तथा जनचेतना अभिवृद्धि गर्न सरकारले गहन प्रयास गर्नु पर्ने हुन्छ । भ्रष्टाचार जस्ता गम्भीर अपराधलाई नियन्त्रण गर्न सरकारले प्राथमिकता दिनु पर्ने हुन्छ । यस्ता कार्य सम्पादनमा सरकारले उच्चतम प्राथमिकताका साथ कार्य गर्ने भनिए तापनि कार्य सम्पादन सो अनुरुप हुन सकेको छैन ।

नेपाल ट्रष्टको स्वामित्वमा भएका कतिपय घरजग्गाहरु ट्रष्टको नियन्त्रण र भोगाधिकार कायम गर्न नसकेको, सरकारी कार्यालयले प्रयोग गरेको भवनको समेत भाडा उपलब्ध हुन नसकेको, ट्रष्टको कार्यालयको आवश्यकतानुसारको बजेट र जनशक्ति समेतको कमि देखिएको छ ।

गरिबी, अशिक्षा तथा बेरोजगारीले गाँजेको मुलुकमा भ्रष्टाचार विरुद्ध जनमत निर्माण गर्ने, जनचेतना अभिवृद्धि गर्ने, निरोधात्मक उपाय र प्रयासहरुले सार्थकता प्राप्त गर्न सकेको छैन । सो कार्यको लागि प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी स्थापित राष्ट्रिय सर्तकता केन्द्रमा देहायका समस्या देखिएका छन् ।

- भवन लगायत भौतिक पूर्वाधारको कमी,
- सांगठनिक संरचनाजन्य समस्या,
- उच्च मनोबलयुक्त जनशक्तिको कमी,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र केन्द्रको कामकारवाहीबीच देखिएको अन्यौलता र दोहोरोपन,

- सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रत्येक वर्ष पेश गर्नु पर्ने सम्पत्ति विवरणको अभिलेख व्यवस्थापनमा अन्यौलता,

उपरोक्त बुँदाहरुसहित समग्रतामा अध्ययन गर्दा संक्षेपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सम्पादन गरिनु पर्ने कामकारवाहीसहित प्रतिवेदन कार्यान्वयनका सम्बन्धमा बुँदागत रुपमा देहायका समस्याहरु देखिएका छन् :

- **आवश्यक गृहकार्यको कमी** : योजना, नीति तथा कार्यक्रम तर्जुमाका सम्बन्धमा पर्याप्त मात्रामा गृहकार्यको कमी महसुस गरिएको छ जसले गर्दा दीर्घकालीन नीति समेत बारम्बार संशोधन गर्नु परिरहेको छ ।

- **कार्यान्वयन स्थिति कमजोर** : राज्यले लागू गरेका कतिपय आयोजनाहरुको उपलब्धि मापन गर्दा पूर्व निर्धारित मापदण्ड हासिल नभएको देखिन्छ । उदाहरणको रुपमा मेलम्ची खानेपानी आयोजनाको कार्य प्रगति विवरण हेर्न सकिन्छ ।

- **खराब शुरुवात** : राजनैतिक तथा प्रशासनिक नेतृत्वले शुरुवात गरेका कतिपय कार्यक्रमहरु मन्त्रालयबाट उठान नभै NGO/INGO/दाताहरुको स्वार्थ र शर्त भित्र रहेर सञ्चालन गर्ने गरिएकोले अव्यवहारिक र कम फाइदाजनक हुने गरेको पाइन्छ ।

- **नयाँ खोजभन्दा नक्कल गर्ने प्रवृति** : नयाँ योजनाको शुरुवात पनि पुरानै शैलीमा भएको, कार्यान्वयनका अन्य आयामहरुलाई ध्यान नदिएको, नयाँ बहुउपयोगी कार्यक्रम तर्जुमा गर्ने क्रममा विकसित अन्य मुलुकले अपनाई आएको विधि र प्रक्रियाको अध्ययन विश्लेषण बेगर नै कार्यान्यनमा लैजाने प्रवृत्तिले प्रश्रय पाइरहेको ।

- **कार्यक्रम संख्यामा बढोत्तरी** : राष्ट्रिय योजना आयोगको रातो किताबमा समावेश भएका जिल्ला स्तरीय कार्यक्रमहरुको संख्या ज्यादै नै धेरै हुनुका साथै कार्यक्रमलाई आवश्यक पर्ने रकम विनियोजन हुने नगरेको जसबाट रकम मात्र छर्ने प्रवृत्तिले प्रोत्साहन पाएको तर कार्यक्रमहरु अधुरो र अपुरो भई सम्पन्न गर्न लामो समय लाग्ने गरेको ।

- **समस्याको गलत पहिचान** : आठौं आवधिक योजनादेखि नै गरिबी निवारण गर्ने एकमात्र उद्देश्य लिइएको भएतापनि करिव २ दशकसम्म पनि हासिल गर्न नसकिएकोले समस्याको पहिचान सही ढंगबाट गर्न नसकिएको ।

- **निहित स्वार्थ** : दलीय र व्यक्तिगत स्वार्थपूतिका लागि प्रशासनिक संयन्त्रहरुको दुरुपयोग हुने गरेको ।

- **निर्णय नगर्ने प्रवृत्ति** : देश र जनताका दीर्घकालीन हितका लागि गरिने कतिपय निर्णयहरु तत्कालमा अलोकप्रिय पनि हुन सक्ने भएकाले त्यस्ता निर्णयहरु नगर्ने प्रवृत्ति हावी रहेको छ । उदाहरणको रुपमा पेट्रोलियम पदार्थ लगायतका अन्य समस्याहरु ।

- **गलत योजना** : राज्यले छनौट गरेका कतिपय आयोजनाहरु लाभ लागत विश्लेषण तथा आर्थिक, सामाजिक मूल्याङ्कनको आधारमा नगरी निश्चित वर्ग तथा समुदाय केन्द्रित पहुँचवालाको आग्रहमा समेत हुने गरेको ।

- **कमजोर अनुगमन व्यवस्था** : सञ्चालित आयोजनाहरुको कार्य प्रगति विवरण आवधिक रुपमा विश्लेषण गरेर कार्यान्वयनमा रहेका कमी कमजोरीहरुलाई समयमै सच्याउने कार्य हुन नसकेको, सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन र मूल्याङ्कन समेत नभएको ।

- **पृष्ठपोषणको अभाव** : नयाँ आयोजना कार्यान्वयनमा पुराना त्यस्तै प्रकृतिका आयोजनाहरुको सूचना तथा तथ्याङ्कलाई पृष्ठपोषणको रुपमा लिने नगरिएको ।

- **समन्वयको कमी** : लक्ष्यमा राष्ट्रिय योजना आयोग र मन्त्रालय बीचको तालमेल वा एक अर्को मन्त्रालय-मन्त्रालय/विभाग-विभाग वा निकायहरुका बीचमा आवश्यक तालमेल, समन्वय र सहकार्य हुन नसकेको ।

- **काम गर्ने अवस्था र वातावरण नहुनु** : पदीय भूमिकामा भन्दा अन्य भूमिकामा काम गर्न रमाउने प्रवृत्तिले प्रोत्साहन पाएको । कर्मचारी राजनीति गर्न र राजनीतिज्ञ प्रशासनिक कार्य गर्न ज्यादै उत्सुक रहने गरेको ।

- **अस्थिरता :** राजनैतिक नेतृत्वको परिवर्तन छिटो छिटो भइरहनु । राजनैतिक नेतृत्व परिवर्तनसंगै सचिवहरुको परिवर्तन लगायतका एकै दलको भिन्न व्यक्तिको नेतृत्वमा सरकार परिवर्तन हुँदा नीति तथा कार्यक्रममा फेरबदल हुने गरेको ।

- **पक्षपातपूर्ण व्यवहार** : पेशागत, जातिगत वा आफूले प्रतिनिधित्व गरेको वर्गको हकहितमा मात्र बढी ध्यान केन्द्रित रही काम अनुसारको दण्ड र पुरस्कार कार्यान्वयन हुन नसकेको ।

- **दण्ड र अनुशासनहिनता** : राम्रो कामका लागि पुरस्कार र नराम्रो कामका लागि सजायको सट्टा पहुंचवालाको संरक्षणमा नराम्रो कार्य र अनुशासनहीन कार्यमा संलग्न रहनेहरुको नै उच्च पहुँच र वोलवाला वढेको ।

- **नीति र नेतृत्व** : राज्यले लिने दीर्घकालीन नीतिका सम्बन्धमा राष्ट्रिय सहमति हुनु अत्यावश्यक भए तापनि कस्को नेतृत्वमा कार्यक्रम आएको छ सोका आधारमा राजनैतिक दल वा नेताहरुले धारणा बनाउने गरेको ।

- **कार्यान्वयनको प्रभावकारिता कमी** : विकसित मुलुकले अपनाई आएका विविध कार्यक्रम र योजनालाई देशकाल र भौगोलिक वातावरणको अध्ययन नगरी उपलब्ध जनशक्तिको सीप, क्षमता र कार्यशैलीको मूल्याङ्कन बिना कार्यान्वयनमा लैजाने प्रवृत्ति देखिएको छ । संलग्न संस्था र व्यक्तिको कार्यक्षमता, कार्यशैली, सीप, प्रविधि र ज्ञान आदिको प्रवर्द्धन एवं विकास गरी कार्यान्वयनमा लैजानु पर्नेमा सो नभएको ।

- **जिम्मेवारी र जवाफदेहिताको कमी :** आफुले जिम्मेवारी लिई सकेपछि वा राज्यले दिएको जिम्मेवारी प्रति दृढतापूर्वक खटने र काम पुरा गर्ने इच्छा शक्तिको कमि देखिएको ।

**सुझाव :**

१. जनतालाई तत्काल परिवर्तन र सुशासनको अनुभूति दिने विषयहरुलाई प्राथमिकताभित्र राखि मन्त्रिपरिषद्बाट आवश्यक निर्णय गर्न, गराउन मन्त्रिपरिषद्को ध्यानाकर्षण गर्दछ,

२. सूचना प्रविधिको उच्चतम प्रयोग गरी सार्वजनिक निकायबाट सेवाग्राहीले न्यूनतम श्रम, समय र लागतमा अधिकतम प्रतिफल प्राप्त गर्ने, गराउनेतर्फ सरकारको ध्यान तत्काल जानु पर्दछ,

३. सुधार एक निरन्तर प्रकृया हो । कुनै पनि सुधारात्मक कामकारवाहीहरु प्रारम्भ गर्दा देशको वर्तमान अवस्था संरचना समेतको अध्ययन, अनुसन्धान र विश्लेषण गरी क्रमिक रुपमा सुधारका पहल चाल्नु पर्ने देखिन्छ । आवश्यकता, औचित्यता र विद्यमान अवस्थाको अध्ययन बेगर नै सुधारका नाममा विकसित मुलुकले प्रयोग गर्दै आइरहेको सुधारहरु वा अपनाई आएका व्यवस्थाहरु गृहकार्य बिना कार्यान्वियन गर्दा विभिन्न प्रकारका समस्या उत्पन्न भई कार्यान्वयन गर्न नसक्ने परिस्थिति आएका अनेकौ उदाहरणहरु छन् । तसर्थ यस्ता विषयमा मन्त्रिपरिषद्बाट निर्णय गर्ने, गराउने अवस्थामा गहन विश्लेषण हुनु पर्ने देखिन्छ,

४. संक्रमणकालीन अवस्थामा राज्य कमजोर हुने, आपराधिक संगठन वा आपराधिक क्रियाकलापले प्रोत्साहन पाउने, देशमा सुशासन कायम राख्न विभिन्न प्रकारका जटिलता उत्पन्न हुने गर्दछन् । तसर्थ यस्तो अवस्थामा सरकार शान्ति सुरक्षा कायम राख्न अझ बढी क्रियाशील हुनु पर्दछ,

५. सरकार परिवर्तनसंगै मन्त्रालय तथ सचिवको संख्या घटबढ भै रहेबाट सार्वजनिक प्रशासनमा अस्थिरता बढेको छ । जसले गर्दा प्रशासन बोझिलो, खर्चिलो र अनुत्पादक हुँदै गएको छ । यस्ता समस्याको निराकरणका लागि मन्त्रालय र सचिवको संख्या ऐनमा नै निर्धारण गर्न सकिने कानूनी व्यवस्थाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन गर्दछ,

६. विद्यमान प्रशासनिक संरचनाभित्र एक मन्त्रालयमा दुई सचिव राख्ने प्रवृति तत्काल अन्त्य गरी संगठन प्रमुखको रुपमा एक मात्र सचिवको व्यवस्था गर्नु पर्दछ । कामको बोझको आधारमा सचिवहरुको संख्या थप्नु पर्ने आवश्यकता देखिएमा निजामती सेवा ऐन, २०४९ दफा ६क. बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोही बमोजिम गर्न समिति निर्देशन गर्दछ,

७. संस्थागत अभिलेख स्मरण पद्धति (institutional memory) फितलो रहेकोले अभिलेख प्रणाली एवं सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ,

८. लोकतान्त्रिक गणतन्त्रको मूल्य र मान्यता अनुरुप मर्यादाक्रमलाई अविलम्ब परिमार्जन गरी कार्यान्वयनमा ल्याउन ढिलो भैसकेकोले तत्काल यसतर्फ मन्त्रिपरिषद्को ध्यान जानु पर्ने देखिन्छ,

९. सार्वजनिक ओहोदाको विशिष्ट पदका पदाधिकारीहरु (प्रधानमन्त्री र मन्त्री वा सोसरहका विभिन्न पदमा नियुक्त पदाधिकारीहरुका) स्वकीय सचिव, सल्लाहाकार जस्ता पदको निश्चितता सहित आवश्यक पर्ने योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार एवं सेवा र सुविधाका सम्बन्धमा स्पष्ट मापदण्ड सहितको कानूनी व्यवस्थाको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन मन्त्रिपरिषद्को ध्यानाकर्षण गरिन्छ,

१०. राज्यले सेवा, सुविधा उपलब्ध गराउनु पर्ने विशिष्ट पदाधिकारीहरुको निक्र्यौल गरी त्यस्ता पदाधिकारीहरुलाई उपलब्ध गराइने सेवा, सुविधा लगायतका विषयमा एकरुपता हुने गरी मन्त्रिपरिषद्ले उच्च प्राथमिकताका साथ गृहकार्य गरी तत्काल कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ,

११. राज्यले जनतालाई उपलब्ध गराउनु पर्ने सेवा सुविधा, जनताले प्राप्त गरेका सेवा सुविधा वापत राज्यप्रति निर्वाह गर्नु पर्ने भूमिकाका सम्बन्धमा वर्तमान अवस्थामा विभिन्न पक्ष र प्रकारका लागि छुट्टाछुट्टै कागजातसहित विभिन्न प्रकारको घर नम्बर, नागरिकता नं., रसिद नं इत्यादिको आवश्यकता परी कार्य सम्पादनमा दुवै पक्षलाई असहज परिस्थिति उत्पन्न भैरहेको छ । तसर्थ तत्काल राष्ट्रिय परिचय पत्रको व्यवस्था गरी सोही परिचयपत्रको आधारमा राज्यले निर्वाह गर्नु पर्ने भूमिका वा नागरिकले राज्यप्रति निर्वाह गर्नु पर्ने कर्तव्यलाई सहजीकरण गर्न राष्ट्रिय परिचय पत्र सम्बन्धी व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउन मन्त्रिपरिषद्लाई निर्देशन गरिन्छ,

१२. निर्वाचन आयोगबाट वर्तमान अवस्थामा फोटोसहितको मतदाता नामावली तयार गर्न गरिएको प्रयास प्रशंसनीय देखिन्छ । उक्त कार्यलाई नै गृह मन्त्रालयसँग आवद्ध गराई राष्ट्रिय परिचयपत्र वितरण गर्ने र सो कार्य नहुँदासम्मका लागि निर्वाचन आयोगले हाल सम्पन्न

गरेको कामकारवाहीको आधारमा फोटोसहितको मतदाता परिचयपत्र उपलब्ध गराउने व्यवस्थाका लागि समेत मन्त्रिपरिषद्को ध्यानाकर्षण गरिन्छ,

१३. सार्वजनिक प्रशासनमा व्याप्त राजनीतिकरणले प्रशासनिक मूल्य र मान्यतामा नकारात्मक असर परेको छ । "राम्रा मान्छेभन्दा हाम्रा मान्छे" ले प्रश्रय पाएको देखिन्छ । प्रशासनिक उच्चतम पदका पदाधिकारीहरुबाट पनि अमुक मन्त्रालय वा निकायमा पदस्थापना हुँदा आफूलाई राज्यले सजाय गरेको वा हतोत्साही तुल्याएको वा अमूक मन्त्रालय वा निकायमा पदस्थापन गर्दा सेवाको कदर गरेको, आफ्नो कार्यको उच्चतम मूल्याङ्कन गरेको भनी असन्तुष्टि र सन्तुष्टि जनाउने गरेको पाइन्छ । सबै मन्त्रालय र निकायमा राज्यका तर्फबाट उपलब्ध हुने सेवा, सुविधा, काम, कर्तव्य र अधिकार समान हुने भए तापनि यो प्रवृति र भनाइले अत्यधिक प्रश्रय पाउनुको कारण खोजी गरी राज्यको सेवा जहाँ रही जस्तो अवस्थामा गर्दा पनि आत्मगौरव र स्वाभिमान महसुस हुने वातावरण श्रृजना गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै आफ्ना मान्छेका सट्टा सही मान्छे सही स्थानमा राख्ने संस्कृतिको विकास गर्न मन्त्रिपरिषद्लाई निर्देशन गर्दछ,

१४. सरकारी कार्यालय र सार्वजनिक संस्थानमा राखिएका नागरिक बडापत्र र उजुरी पेटिकाको सही प्रयोग हुन सकेको छैन । सेवाग्राहीको पहुँचभन्दा टाढा अँध्यारो स्थानमा पढन पनि ज्यादै असहज हुने गरी औपचारिकता निर्वाहका लागि मात्र राख्ने गरेको र प्राप्त भएका उजुरीको समेत कुनै वास्ता गर्ने नगरेको भन्ने जस्ता गुनासा र यथार्थताको अन्त्यका लागि सरकारले अविलम्ब आवश्यक कदम चाल्नु पर्ने देखिन्छ । जसका लागि सरकारी कार्यालय र सार्वजनिक संस्थानमा राखिएका नागरिक बडापत्र र उजुरी पेटीका मार्फत प्राप्त उजुरी र सुझावहरुको सुनुवाई अनिवार्य रुपमा सम्बन्धित कार्यालय प्रमुखबाट एक हप्ताभित्र सम्पन्न गर्नु पर्ने गरी नीति निर्माणका लागि मन्त्रिपरिषद्लाई निर्देश गरिन्छ,

१५. विश्वका कतिपय विकसित देशहरुले गणतन्त्र दिवस, स्वतन्त्रता दिवस, सहिद दिवस जस्ता सीमित दिवसहरुलाई सार्वजनिक बिदा समेत दिई राष्ट्रिय सम्मानका साथ मनाउँदै आएका र राष्ट्रिय दिनका रुपमा कुनै एक दिनलाई निश्चित गरी अन्तर्राष्ट्रिय रुपमा समेत सो दिनलाई भव्यतासहित अति उत्साहका साथ मनाउने गरेको पाइन्छ । सफल जनआन्दोलन पछिको वर्तमान अवस्थासम्म पनि नेपालको राष्ट्रिय दिनको पहिचान नगरिएबाट विविध समस्याहरु राष्ट्रले नै भोलिरहेको वर्तमान समयको अन्त्यका लागि निश्चित दिनलाई दिवसको रुपमा अविलम्ब घोषणा गर्न मन्त्रिपरिषद्लाई निर्देश गर्दछ,

१६. नेपाल बहुधार्मिक, बहुसांस्कृतिक मुलुक भएकोले राज्यले विभिन्न धर्म तथा संस्कृतिलाई सम्मान गर्नु पर्दछ । विभिन्न धार्मिक चाडपर्वमा बिदा दिनु मात्रै धर्मको सम्मान होइन । हाल सरकारले दिँदै आएका यस्ता बिदाहरुको सट्टा वार्षिक रुपमा निश्चित दिन तोकेर बिदा दिने व्यवस्था गर्दा सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज हुने हुँदा विद्यमान बिदालाई पुनरावलोकन गर्नु पर्ने देखिन्छ,

१७. सेवाग्राहीहरुले प्राप्त गर्नु पर्ने विविध सुविधाहरुमा अनेक अप्ठेरो र कृत्रिम मूल्यवृद्धि वा अभाव सिर्जना भएको देखिएको छ । उदाहरणका लागि सार्वजनिक सवारीमा सिट संख्याभन्दा बढी यात्रुहरु राख्ने, छतमा पनि यात्रुहरुलाई बसाल्ने, ट्याक्सीहरुले मिटरको अनियमित तरिकाले वढी मूल्य आउने गरी सञ्चालन गर्ने, ग्यास लगायत विविध खाद्य पदार्थहरुमा तौलको घटबढ हुने, कतिपय खाद्य पदार्थमा उपभोग गरिसक्नु पर्ने मिति लगायतका सूचनाहरु राख्ने नगरेको, सार्वजनिक यातायातका बिसौनीमा भन्दा पनि यात्रु उभिएको वा भेटिएको स्थानमा सवारी साधन रोक्ने, सार्वजनिक स्थानहरुमा निर्माण सामग्रीहरु थुपारी पैदल यात्रु लगायत

यातायातलाई असुविधा पुऱ्याउने जस्ता कार्यहरु नियमित रुपमा आफनो हकदैयाभित्रको कामकारवाहीका रुपमा लिने आम प्रचलनले प्रश्रय पाइरहेको देखिन्छ । अतः सर्वसाधारणको हक हितको रक्षा गर्दै सेवाग्राहीहरुले प्राप्त गर्नु पर्ने सुविधाहरु सर्वसुलभरुपमा सहज तरिकाले प्राप्त गर्ने, गराउने जिम्मेवारी निर्वाह गर्नु पर्ने निकायहरुलाई कडाइका साथ उत्तरदायित्व र जिम्मेवारी निर्वाह गर्न आवश्यक पर्ने निर्देश जारी गर्न र त्यस्ता निकायबाट भए गरेका कामकारवाहीको प्रत्येक ३ तीन महिनामा प्रतिवेदन प्राप्त गरी देखिएका समस्या समाधान गर्दै सोको जानकारी समितिलाई समेत उपलब्ध गराउन सम्बन्धित मन्त्रालयहरुलाई निर्देश हुन मन्त्रिपरिषद्लाई निर्देश गर्दछ,

१८. संवैधानिक अंगका पदाधिकारीहरुको अविलम्ब नियुक्ति गरी सोको जानकारी समितिलाई उपलब्ध गराउन प्रधानमन्त्रीलाई निर्देशन गर्दछ,

१९. राज्यबाट अपराधीको रुपमा अदालतमा मुद्दा दायर भएका वा अदालतबाट मुद्दा किनारा भई सजाय भोगिरहेका अपराधिहरुको कसुर माफी मिनाहा दिने वा मुद्दा फिर्ता लिंदा राजनैतिक पूर्वाग्रहको आधारमा वा राजनैतिक प्रतिशोधपूर्ण क्रियाकलापबाट त्यस्ता मुद्दाहरु दायर भएको व्यहोरा प्रमाणित भएमा व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलहरुको सहमतिमा मात्र सो कार्य गर्न सरकारलाई समिति निर्देशन गर्दछ,

२०. पूर्व राजा वीरेन्द्र र निजका परिवारको नाममा स्वदेश वा विदेशमा रहेको सम्पत्ति ट्रष्टको स्वामित्वमा ल्याई उपयोग गर्ने जस्ता महत्वपूर्ण कार्यमा संलग्न रहनु पर्ने कार्यालयमा आवश्यकतानुसारको जनशक्ति र बजेट विनियोजन लागि मन्त्रिपरिषद्को ध्यानाकर्षण गराउदै पूर्व राजा वीरेन्द्र र निजका परिवारको सम्पत्तिका बारेमा जनतालाई सुसूचित गर्न सम्बन्धित कार्यालयले सार्वजनिक सूचना सहितको जानकारी नियमित रुपमा संप्रेषण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ,

२१. ट्रष्टको स्वामित्वमा आइसकेको सम्पत्ति उपयोगमा ल्याई सोको जानकारी समितिलाई उपलब्ध गराउन मन्त्रिपरिषद्लाई निर्देशन गरिन्छ,

२२. मन्त्रिपरिषद्सहित त्यसका पदाधिकारीहरुबाट सम्पन्न गर्नु पर्ने कामकारवाहीका सम्बन्धमा समितिले अनुगमन, मूल्याकन गरी समय समयमा आवश्यक निर्देशसहितका राय सुझावहरु दिएको थियो । जसमा सरकारको कामकारवाहीको पारदर्शिता, सक्षमता र चुस्तताका साथ कानूनी शासनको प्रत्याभूतिका लागि राज्यबाट सम्पादन गरिएका कामकारवाहीको निगरानी गर्दै सहयोगात्मक भूमिका समेत निर्वाह गर्नका लागि संवैधानिक अंगहरुको स्थापना भएको हो । त्यस्तो कार्य सम्पादन गर्ने निकायको पदाधिकारीहरुको लामो समयदेखिको रिक्तताले राज्य सञ्चालनमा सरकारबाट सुशासन कायम गर्दै भ्रष्टाचारमुक्त सरकारको रुपमा जनमानसमा स्थापित हुन अप्ठेरो हुने भएकाले संवैधानिक परिषद्बाट गर्नु पर्ने कामकारवाहीलाई प्रभावी तुल्याउँदै संवैधानिक परिषद्मा देखिएको अन्यौलताको अन्त्यका लागि समितिले समय समयमा समयसीमा किटान गरी नेपाल सरकार र सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गरेको थियो । यसरी विभिन्न समयमा दिइएको निर्देश अनुरुपको कामकारवाही हालसम्म पनि सम्पन्न हुन नसकेकोमा समिति अत्यन्त गम्भीर र संवेदनशील भएको छ । सार्वभौमसत्ता सम्पन्न व्यवस्थापिका-संसदको तर्फबाट सरकार समेतको सहभागितामा समितिमा प्रतिनिधित्व गरेका दलहरुको प्रतिनिधिको सर्वसम्मत निर्णयमा दिइएका निर्देशहरुको कार्यान्वयन नहुनु गम्भीर विषय बन्न पुगेको छ । निर्देश वा राय सुझाव कार्यान्वयनमा वाधा कठिनाई वा अप्ठेराहरु भएमा समितिको बैठकमा नै सरकारले आफूलाई स्पष्ट गरी समितिको सहयोग प्राप्त गर्ने प्रयास गर्नु पर्नेमा आफ्नो सहभागिता र सहमतिमा

भएका निर्देशहरु कार्यान्वयन नगरिएबाट व्यवस्थापिका-संसद र त्यसका समितिको प्रभावकारिता र संसदीय मूल्य र मान्यता समेतको अवमूल्यन भएको छ । जुन कुरा सरकार र मुलुकका लागि समेत उपयुक्त हुँदैन, र

२३. ऐन, नियम अनुरुप सम्पत्ति विवरण बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरेका राष्ट्रसेवक वाहेकका राजनीतिक वा प्रशासनिक प्रकृतिका विभिन्न पदमा नियुक्त राष्ट्रसेवकहरुले सेवा प्रवेश गरेको र निवृत्त भएको सातदिनभित्र अनिवार्य रुपमा सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाउनु पर्ने गरी आवश्यक नीति तर्जुमाका लागि मन्त्रिपरिषद्को ध्यानाकर्षण गरिन्छ ।

**निष्कर्ष :**

राजनैतिक परिवर्तनसंगै नागरिकहरुमा बढेको आकांक्षा तथा चाहनालाई यथासक्य चाडो पूर्ति गर्न र परिवर्तनको अनुभूति गराउन मन्त्रिपरिषद्बाट भएका कतिपय कामकारवाहीहरुमा पूर्ण सन्तोष लिन सक्ने अवस्था छैन । सुशासनको माध्यमबाट भ्रष्टाचारमुक्त र समृद्ध नयाँ नेपालको निर्माणमा शासन प्रणाली प्रभावशाली र सक्षम तुल्याउन मन्त्रिपरिषद् अझै कृयाशील हुनु पर्दछ ।

राज्य प्रशासनका कार्यप्रणालीलाई सरलीकरण गरी प्रशासन संयन्त्रमा देखापरेका विकृति विसंगतिलाई हटाई सभ्य समाजको निर्माण गर्नु सरकारको दायित्व हो । देशमा शान्ति सुरक्षा, अमनचयन, आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न मन्त्रिपरिषद् क्रियाशील हुनु पर्दछ । भ्रष्टाचार एउटा जघन्य अपराध हो र यसको संजाल व्यापक र शक्तिशाली हुन्छ । यसको संजाललाई चिर्ने र यस विरुद्धको प्रतिरोधात्मक र प्रवर्द्धनात्मक कार्य गर्ने मुख्य जिम्मेवारी पनि सरकारको नै हुने भएकाले सरकार संवेदनशील हुनु पर्दछ।

## रक्षा मन्त्रालय

मुलुकको सार्वभौमसत्ता र सुरक्षा एक सिक्काका दुईवटा पाटाहरु हुन् । एउटाको अनुपस्थितिमा अर्कोको अस्तित्व रहँदैन । सार्वभौमसत्ताले सुरक्षा निकाय जन्माउँछ र सुरक्षाले सार्वभौमसत्तालाई जोगाइराख्छ । सुरक्षा भनेको बल र शक्ति मात्र होइन, यो विवेक र कूटनीति पनि हो । आन्तरिक तथा बाह्य सुरक्षा व्यवस्थाको योजना, कार्यान्वयन र सुव्यवस्था मिलाउन प्रत्येक मुलुकमा सुरक्षा, प्रतिरक्षा वा यस्तै समानार्थी नाम भएका मन्त्रालयहरुको स्थापना भएको हुन्छ । राष्ट्रको सुरक्षा र प्रतिरक्षा गर्न, मुलुकका नागरिकहरुलाई आन्तरिक अव्यवस्था र बाह्य खतराबाट बचाउन र राष्ट्रिय स्वतन्त्रता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्नको लागि राज्य सुरक्षाको आवश्यकता पर्दछ । राष्ट्रिय सुरक्षाको मुद्दा र नीति सबैभन्दा सम्वेदनशील विषय मानिन्छ । राज्यको संरचना एकात्मक होस् वा संघीय; सुरक्षा नीति केन्द्रिकृत हुन्छ र यससँग कुनै सम्झौता हुन सक्दैन ।

सो उद्देश्य पूरा गर्न रक्षा मन्त्रालयले राष्ट्रिय सुरक्षा, सशस्त्र फौज र यससँग सम्बन्धित विषयहरुसँग सम्बन्ध राख्दछ । (जस्तै : सुरक्षा नीति, सशस्त्र फौज, यसका विभागहरु, यससँग सम्बन्धित अनुसन्धान, सुरक्षा सामग्रीहरुको उत्पादन, सुरक्षा बजेट, निवृत्त सुरक्षाकर्मीहरुको कल्याणकारी कार्य आदि) नेपाल सरकारको कार्य विभाजन नियमावली २०६३ मा पनि राष्ट्रिय प्रतिरक्षात्मक कार्यहरुको सञ्चालन र व्यवस्थापन गर्ने, राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सुरक्षाको लागि आन्तरिक र बाह्य सुरक्षालाई सुव्यवस्थित गर्ने लगायतका उद्देश्यहरु रक्षा मन्त्रालयको भएको उल्लेख छ ।

राज्यको व्यावसायिक रुपमा कुशल, अनुशासित, उत्प्रेरित र उच्च मनोबलयुक्त आत्मसम्मान प्राप्त गर्न सक्ने संगठनको रुपमा नेपाली सेनालाई विकसित बनाउन सक्नु पर्ने रक्षा मन्त्रालयको कर्तब्य रहेको छ । उपलब्ध सीमित स्रोत र साधन, प्रविधि र विकास तथा सुरक्षा अंगका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारमा प्राप्त न्यूनत्तम पूर्वाधारको कुशल संयोजन गरी नेपाली सेनाको श्रीवृद्धिमा सहयोगी र त्यहाँबाट हुने प्रत्येक कामकारवाहीको नियन्त्रण, नियमन र निर्देशन गर्नका लागि आवश्यक पर्ने ज्ञान र सूचना प्राप्त गरी मन्त्रालय र नेपाली सेनाका बीचको कुशल संयोजन गर्न सक्नु पर्ने चुनौति समेत यस मन्त्रालयमा रहेको छ । सेनाको उत्तरदायी र व्यवसायिक छविलाई अझ सुदृढ, जवाफदेहीपूर्ण, पारदर्शी, वस्तुपरक एवं अनुशासित संगठनको रुपमा अझै विकसित तुल्याउने नागरिक सैन्य सम्बन्धको बिस्तारका साथ नागरिक नियन्त्रणको उच्च नमूनाको रुपमा नेपाली सेनालाई परिवर्तन गर्न सक्नु पर्ने चुनौति पनि मन्त्रालयमा रहेको छ ।

सुरक्षा वलहरुको स्थापना गर्दा नै जिम्मेवारीमा दोहोरोपन आउने र सुरक्षा निकायहरुका बीच नै अस्वस्थ प्रतिस्पर्धा हुने देखिएका छन् । सुरक्षा निकाय बीच हुने अस्वस्थ प्रतिस्पर्धाले मुलुकमा अनावश्यक आर्थिक व्ययभार बढ्ने र सुरक्षा कायम गर्ने निकायहरु बीचमा समन्वय र सहकार्यमा कमी कमजोरी भएको देखिन्छ । यस सम्बन्धमा आवश्यक अध्ययन गरी देखिएका समस्या समाधानमा मन्त्रालय सजग हुनु आवश्यक देखिन्छ ।

सुरक्षा जनताको लागि हो । जनतालाई दिने सुरक्षा जनताको चाहना र जनताको सर्वोपरी हितको लागि हुनु पर्दछ भन्ने विश्वव्यापी मान्यता अनुसार जन निर्वाचित प्रतिनिधिहरुको मार्गनिर्देशनमा सुरक्षा नीतिको निर्माण, कार्यान्वयन र अनुगमन तथा नियन्त्रण गर्ने कार्यलाई सुरक्षा निकाय माथिको लोकतान्त्रिक नियन्त्रण भनिन्छ । नेपाली सेनामाथिको लोकतान्त्रिक नियन्त्रण बदलिंदो राजनैतिक परिवर्तन पछिको मुख्य आवश्यकता हो । सेनालाई आधारभूत मानवअधिकार, संविधान प्रदत्त मौलिक हक जस्ता हक अधिकारहरुद्वारा प्रशिक्षित तुल्याई सेनाका समग्र क्रियाकलापहरुलाई जननिर्वाचित संस्था व्यवस्थापिका-संसदप्रति उत्तरदायी बनाउनु जरुरी रहेको छ । वर्तमान अवस्थालाई अध्ययन र विश्लेषण गरी राष्ट्रिय सुरक्षा नीतिको तत्काल तर्जुमा हुनु पर्दछ । जसको आधारमा राष्ट्रिय अखण्डतामा आउन सक्ने समस्या पहिचान गरी सोको सामना गर्न आवश्यक पर्ने पूर्वाधारले सुसज्जित सेनालाई विकसित

तुल्याउँदै त्यस्ता कार्यहरुको अनुगमन र विश्लेषण गरी आवश्यक नीति तर्जुमा गर्न सक्षम र दक्ष जनशक्तिसहितको निकायको रुपमा मन्त्रालयले आफूलाई परिमार्जन गर्नु पर्ने समय भैसकेको छ ।

**मन्त्रालयले गर्ने महत्वपूर्ण विषयसहितका कार्यहरु :**

- राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- नेपाली सेनाको गठन, लोकतान्त्रिकीकरण, पुनर्संरचना, परिचालन, व्यवस्थापन र नियन्त्रण,
- सैनिक अधिकृत तथा जवानहरुको अनुशासन र सेवा शर्त,
- सैनिक तालिम,
- सेनाको सुविधा,
- सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन,
- सैनिक कारबाही र सेनाको गतिविधि आदि,
- सैनिक निर्माणशाला,
- सैनिक प्रतिष्ठापन (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
- सैनिक भण्डार,
- सिलखाना,
- सैनिक गुप्तचर विभाग,
- सैनिक अस्पतालहरु,
- सैनिक ब्यारेक तथा कार्यालयहरुको व्यवस्था,
- विकास कार्य र दैवीप्रकोप उद्धार कार्यमा सहयोग,
- राष्ट्रिय सेवा दलको संगठन, तालिम र प्रशासन,
- सैनिकहरुको कल्याण,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण राष्ट्रिय सम्पदा, स्मारकहरुको सुरक्षा,
- नेपाली सैनिक विमान सेवा,
- सैनिक कल्याणकारी योजना,
- राष्ट्रिय सुरक्षा परिषद् ।

**निर्णयको संक्षिप्त विवरण :**

- २९ माघ २०६५ मा बसेको बैठकले रक्षा मन्त्रालयबाट तर्जुमा गर्ने भनिएको राष्ट्रिय सुरक्षा नीति सम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिनु पूर्व यस समितिमा उपलब्ध गराई छलफल गराउन निर्देश गरिएकोमा हालसम्म पनि सो सम्बन्धमा भए गरेका कामकारवाही सम्बन्धी कुनै जानकारी प्राप्त हुन नआएकोले यस सम्बन्धमा मा.रक्षामन्त्रीको ध्यानाकर्षण गरिन्छ ।
- अन्तर्राष्ट्रियस्तरमा शान्ति कायम गर्ने कार्यमा योगदान पुऱ्याउँदै आएको संयुक्त राष्ट्र संघीय शान्ति सेनाको सहभागितामा यु.एन.बाट माग भई आएको समयमा माग भए बमोजिमकै संख्यामा नेपाली सेना तत्काल पठाउन सक्ने गरी यु.एन. र नेपाल सरकारका बीच भएको विगतको सम्झौतालाई परिमार्जन गर्न र सहभागिताका आधारमा नै यु.एन.मिसन कार्यालयमा

नेपाली सेनाका अधिकृतलाई (फोर्स कमान्डर जस्ता) उच्च पद प्राप्त गर्न, गराउन आवश्यक पर्ने भूमिका निर्वाहका लागि परराष्ट्र मन्त्रालय र सम्बन्धित कूटनैतिक नियोग मार्फत तत्काल कूटनैतिक पहल र कार्ययोजना अगाडि बढाउन मा. रक्षामन्त्रीलाई निर्देश गर्दछ ।

- नेपाली सेना अत्यन्त न्यून भौतिक सुविधा भएको व्यारेकहरूमा निकै कष्टकर रूपमा राष्ट्र सेवामा कार्यरत रहेको देखिन्छ । अतः नेपाली सेनालाई आवश्यक पर्ने फौजी सुविधायुक्त व्यारेकमा रहन सक्ने गरी व्यारेकहरूलाई रूपान्तरण गरी सेनालाई कृयाशील र सक्रिय तुल्याउन रक्षा मन्त्रालयले तत्काल आवश्यक कार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन मा. रक्षामन्त्रीलाई निर्देश गर्दछ ।
- नेपाली सेनाको लागि न्यूनतम भौतिक पूर्वाधारसहित आधारभूत सैन्य सामग्री सम्बन्धी सुधार कार्यक्रमका लागि ५ वर्षे कार्ययोजना तर्जुमा भै रहेको । विगत आ.व.देखि नै सो योजना कार्यान्वयन गर्ने गरी कार्ययोजना तर्जुमा गरिएको । विगतको छलफलको निर्णयानुसार सो कार्ययोजना समितिमा पेश गर्ने गरिएको भएतापनि हालसम्म प्राप्त हुन नसकेकोले यस सम्बन्धमा के कस्तो कार्ययोजना तर्जुमा गरिएको छ र के कसरी कार्यान्वयन गर्ने गरिएको छ सो कार्ययोजनासहितको विवरण यथाशीघ्र समितिमा उपलब्ध गराउन मा. रक्षामन्त्रीलाई निर्देश गर्दछ ।
- नागरिक सैनिक सम्बन्ध अझै प्रगाढ र एक अर्काप्रति भरोसायुक्त हुनका लागि जनप्रतिनिधिमूलक संस्थाहरूसंगको समन्वय, सहकार्य र पारस्परिक विश्वासले अत्यन्त ठूलो भूमिका निर्वाह गर्दछ । प्रजातन्त्रको पुनर्स्थापना पछि यस समिति, रक्षा मन्त्रालय तथा नेपाली सेनाको सम्बन्ध र सहकार्य अत्यन्त प्रगाढ रहेकोमा विगत केही समयदेखि कतिपय कारणले गर्दा सहकार्यमा केही कमी आएको महसुस गरिएको छ । अतः रक्षा मन्त्रालय र नेपाली सेनाबाट हुने गरेका कामकारवाहीको समग्र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सुझाव दिने कार्यमा समितिको भूमिकालाई अझै प्रभावकारी तुल्याउन रक्षा मन्त्रालय र नेपाली सेनाबाट आगामी दिनहरूमा तर्जुमा गरिने कार्ययोजना (**सैन्य प्रयोजनका कार्यहरू बाहेकका**) र नागरिक सैनिक सम्बन्ध प्रगाढ तुल्याउन जनस्तरमा गरिने विविध कार्यक्रमहरूमा विगतमा झै राज्य व्यवस्था समितिलाई सहभागी तुल्याई रक्षा मन्त्रालय र नेपाली सेनाको प्रत्येक कामकारवाहीका सम्बन्धमा पूर्ण परिचित तुल्याउन मा. रक्षामन्त्री र सम्बन्धित पदाधिकारीलाई निर्देश गर्दछ ।
- दैवी प्रकोप उद्धार लगायत राज्यको अन्य अत्यन्त महत्वपूर्ण कार्यमा समेत संलग्न रहनु पर्ने सैन्य हवाई सेवा (हवाई जहाज र हेलिकप्टरहरू) हाल बिग्रेर मर्मत सम्भारका लागि बजेटको अभावमा कार्य सञ्चालनमा वाधा उत्पन्न भएको भन्ने सन्दर्भमा मर्मत योग्य हवाई साधनको तत्काल मर्मत सम्भार कार्यका लागि आवश्यक पर्ने रकम अर्थ मन्त्रालयबाट विनियोजन गर्न आवश्यक पर्ने योजना तर्जुमा गरी अर्थ मन्त्रालयसँग बजेट माग गर्न र सो सम्बन्धी विवरण यस समितिलाई समेत उपलब्ध गराउन मा.रक्षामन्त्रीलाई निर्देश गर्दछ ।
- राष्ट्रिय सुरक्षा नीति र सेनाको लोकतान्त्रिकरण सम्बन्धी नेपाल सरकारबाट भए गरेका कामकारवाही सम्बन्धी विवरण उपलब्ध गराउन निर्देश गरिएको ।
- सयुक्त राष्ट्र संघको आव्हानमा विश्व शान्ति स्थापनार्थ जाने सुरक्षाकर्मीहरुका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, साधन श्रोत र बन्दोबस्तीका सामानहरु नेपाल सरकारले एकिकृत रुपमा खरिद र सो वापत यु.एन. बाट प्राप्त हुने सोध भर्ना राजश्वमा नै जम्मा हुने गरी आवश्यक व्यवस्था मिलाउन समितिको विगतका बैठकहरु सहित सुडान सम्बन्धी प्रतिवेदन मार्फत समेत सरकारको ध्यानाकर्षण गराइएकोमा हालसम्म कार्यान्वयनमा आउन नसकेकोमा यो

बैठक गहिरो चिन्ता व्यक्त गर्दै नेपाल सरकार मन्त्रिपरिषद्ले तत्काल आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याई सोको जानकारी समितिलाई उपलब्ध गराउन सम्माननीय प्रधानमन्त्री सहित मा. रक्षा मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

- राज्यको अति संवेदनशील कार्यमा संलग्न रहेको सेनाको ४७% जनशक्ति अझैं बंकरमा रहिरहनु पर्ने अवस्थाप्रति समिति अत्यन्त संवेदनशील छ । हाल व्यारेकको अभावमा बंकरमा बस्नु पर्ने सेनाको बाध्यतालाई मध्यनजर गरी व्यारेक निर्माण गर्न आवश्यक रकम आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने माननीय रक्षा मन्त्रीको  अनुरोधबमोजिम आवश्यक रकम आगामी आ.व.का. बजेटमा समावेश गर्न सम्माननीय प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री र माननीय रक्षामन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।
- समिति सम्बद्ध मन्त्रालयहरु र सोसंग सम्बन्धित विभिन्न निकायहरुका लागि समितिको वार्षिक प्रतिवेदन, २०६८ मा उल्लिखित सुझाव वा निर्देशनसंग सम्बन्धित विषयहरुमा आवश्यक अनुमानित रकम ती मन्त्रालय र निकायहरुको आगामी बजेटमा समावेश नभएको भए सो समेत समावेश गर्न मा. उपप्रधानमन्त्री तथा अर्थ मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

**उपलब्ध गराउन अनुरोध गरिएका तथा प्राप्त भएका कागजात विषयहरु :**

- हालसम्म त्यस निकायबाट विभिन्न मिसनमा खटिई गएको टोलीको संख्या र टोलीमा रहेको कुल सदस्य संख्या सम्बन्धी विवरण,
- UN संगको शान्ति सेना खटाउने सम्बन्धी सम्झौताको सारांश र सम्झौतामा नेपालका तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारी (दर्जा र तह) सम्बन्धी विवरण,
- टोलीका प्रतिसदस्यका लागि सम्झौता अनुसार प्राप्त गर्ने रकम र निजहरुले खुद प्राप्त गर्ने रकम,
- सम्झौता अनुसार टोलीले नेपालबाट लैजानु पर्ने हातहतियार, खानपिन, बन्दोबस्तीका सामान लगायतका अन्य सामग्रीहरुको परिमाण, गुणस्तर, खरीद प्रक्रिया (शिल्ड टेण्डर, घटाघट, सोझै खरीद आदि) सम्बन्धमा के कसरी सम्झौता हुने गरेको र खरीद प्रक्रिया के कस्तो रहेको छ सो सम्बन्धी विवरण,
- सामान खरीद गर्ने स्थान (स्वदेश/विदेश) ढुवानी प्रक्रिया, ढुवानी खर्च, ढुवानीको समयमा हुने टुटफुटको जिम्मेवारी र त्यसको क्षतिपूर्ति सम्बन्धी व्यवस्था,
- टोली खटिने स्थानमा सामान पुगेपछिको हस्तान्तरण प्रक्रिया, रुजु प्रक्रिया, प्राप्तिको प्रमाणसहितको अभिलेख प्रणाली सम्बन्धी व्यवस्था,
- सामग्रीको निरीक्षण प्रक्रिया, निरीक्षण अवधिको अन्तराल र निरीक्षणका क्रममा देखिएका कैफियत सम्बन्धमा सिर्जना हुने उत्तरदायित्व वहन सम्बन्धी व्यवस्था,
- U.N. बाट सरसामग्री, हातहतियार र बन्दोबस्तीका सामानहरुको सोधभर्ना सम्बन्धी प्रक्रिया, सोधभर्ना गर्दा गुणस्तरका हिसावले कुनै रकम कटाउनु पर्ने वा सम्झौतामा उल्लेख भएभन्दा थप रकम दिने व्यवस्था छ भने सो सम्बन्धी विवरण,
- सामान खरीद गर्दा तत्काल गर्नु पर्ने खर्च रकमको बन्दोबस्त (सरकारबाट उपलब्ध हुने वा अन्य कुनै निकायबाट) र उक्त रकम यु.एन.बाट सोधभर्नाको अवधि तथा प्रक्रिया, अन्य कुनै निकायबाट उपलब्ध गराइएको भए फिर्ता गर्ने प्रक्रिया,

- सरसामग्रीको संख्या र गुणस्तर पहिचानको आधार एवं गुणस्तरको विकल्प छनौटको संभावना र आधार सम्बन्धी व्यवस्था,
- संख्या र गुणस्तरको मापदण्डको बारेमा कुनै प्रश्न उठेमा त्यसबाट सिर्जित हुने दायित्व निर्वाह सम्बन्धी व्यवस्था,
- हालसम्मको अनुभवमा संयुक्त राष्ट्र संघीय नेपाली टोलीको व्यवस्थापन लगायतका समग्र पक्षमा संयुक्त राष्ट्रसंघ वा सो अन्तर्गतका निकाय वा सम्बद्ध पदाधिकारीबाट औंल्याएका विषय, पृष्ठपोषण लगायत सरकार वा सम्बन्धित निकायले सो सम्बन्धमा महसुस गरिएका विषयहरु ।
- राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- नेपाली सेनाको गठन, लोकतान्त्रिकीकरण, पुनर्संरचना, परिचालन, व्यवस्थापन र नियन्त्रण,
- सैनिक अधिकृत तथा जवानहरुको अनुशासन, सेवाका शर्त, सरुवा र बढुवा सम्बन्धी व्यवस्था,
- सैनिक तालिम,
- सेनाको सुविधा,
- नेपाली सेनाबाट विश्वमा शान्ति स्थापनार्थ पुऱ्याउदै आएको योगदान र हाल शान्ति मिसनमा कार्यरत संख्या र स्थान,
- सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन,
- सैनिक कारबाही र सेनाको गतिविधि,
- सैनिक निर्माणशाला,
- सैनिक प्रतिष्ठापन (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
- सैनिक भण्डार,
- सिलखाना,
- सैनिक गुप्तचर विभाग,
- सैनिक अस्पतालहरु,
- सैनिक ब्यारेक तथा कार्यालयको व्यवस्था,
- विकास कार्य र दैवीप्रकोप उद्धार कार्यमा सहयोग,
- राष्ट्रिय सेवा दलको संगठन, तालिम र प्रशासन,
- सैनिकहरुको कल्याण, कल्याणकारी कोष र उक्त कोषको आगामी योजना सम्बन्धी व्यवस्था,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण राष्ट्रिय सम्पदा, स्मारकहरुको सुरक्षा,
- सैनिक विमान सेवा,
- राष्ट्रिय सुरक्षा परिषद्,
- सैनिक ऐनको दफा ३३ सम्बन्धी कामकारवाही,

- सैनिक ऐन, २०६३ को दफा ३३ बमोजिम तयार भएको सैनिक कल्याणकारी कोषको आर्थिक बर्ष २०६५/६६ को आय व्यय र प्रगति विवरण र
- नेपाली सेनाको लोकतान्त्रिकरणका लागि विस्तृत कार्य योजना २०६७।

**निर्देशन कार्यान्वयनको स्थिति :**

- राष्ट्रिय सुरक्षा नीति, योजना तथा कार्यक्रमको सम्बन्धमा दिइएको निर्देशनमा राष्ट्रिय सुरक्षा नीति मन्त्रिपरिषद्मा विचाराधीन रहेको भन्ने जवाफ प्राप्त भएकोमा पुनः समितिबाट माग गरिए अनुरुप प्राप्त भएको ।
- राष्ट्रिय प्रतिरक्षा नीति स्वीकृत भई नसकेको ।
- UN मिसनमा खटिई जाने व्यक्तिहरुको क्षमता र कार्यस्थलमा UN को मुल्याङ्कनको विषयले उच्च पदस्थ अधिकृतहरुको हकमा छनौटको प्रकृया र आधार UN बाट तय गरी छनौट गरिएको ।
- नेपाली सेनाको लोकतान्त्रिकरणका लागि विस्तृत कार्य योजना २०६७ का सम्बन्धमा नेपाली सेनाको राय सुझावका लागि पठाइएकोमा सो सम्बन्धमा नेपाली सेनाबाट राय सुझाव प्राप्त भएको।

**समस्या :**

1= रक्षा मन्त्रालयको वर्तमान संगठनात्मक संरचना, काम कर्तव्य र अधिकारको पुनरावलोकन गरी नेपाली सेनाको संलग्नतामा रक्षा मन्त्रालयको संगठनात्मक संरचना, काम, कर्तव्य र अधिकारको पुनर्परिभाषा हुन नसकेको,

2= राष्ट्रिय सुरक्षा परिषद्लाई व्यवस्थित र प्रभावकारी वनाउन यसका काम, कर्तव्य अधिकार तथा सांगठनिक संरचनामा समयानुकूल परिमार्जन गर्न नसकिएको,

3= राष्ट्रिय सुरक्षा नीतिको अभावमा प्रतिरक्षा लगायतका अन्य नीतिहरू तर्जुमा हुन नसकेको,

4= नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौता अनुरुप हुनु पर्ने समायोजन र पुनर्स्थापनाको कार्य सम्पन्न हुन नसेकेबाट विविध समस्याहरु देखा परेको,

5= सेनामा माथिल्लो तहका अधिकारीहरूको व्यवहार भेदभावपूर्व हुने गरेको; राज्यले उपलब्ध गराएका स्रोत र साधनहरूको वितरणमा असमानता हुने गरेको; व्यक्तिगत सुरक्षार्थ खटिएका पदिक र जवानहरुलाई घरेलु कामदारको रुपमा प्रयोग गरेको; शान्ति सेनामा जाने सैनिक कर्मचारीहरुको छनोट पक्षपातपूर्ण हुने गरेको; कल्याणकारी कोषको रकम दुरूपयोग हुने गरेको जस्ता गुनासाहरु आइरहेको,

6= नेपाली सेनाको छविलाई धमिलो वनाउने खालका अनर्गल, प्रचार प्रसार हुने गरेको,

7= विभिन्न जातजाति, भाषाभाषी आदि समुदायहरुलाई समेटेर नेपाली सेनालाई पूर्ण समानुपातिक समावेशी बनाउन नसकिएको,

8= सैनिक सेवा (सामान्य सेवा) अन्तर्गतका सेवाका शर्तहरूसहितको नियमावली मन्त्रिपरिषद्मा विचाराधीन रहेको प्राविधिक सेवा र अन्य सेवातर्फको नियमावली तर्जुमा भई रक्षा मन्त्रालयमा अध्ययन भैरहेको विद्यमान अवस्थामा नियमहरूको अभावमा कार्यसम्पादन गर्न असहज भएको,

9= नेपाली सेनामा पेशागत तालिमका लागि दक्ष प्रशिक्षक तयार गर्ने कार्य हुन नसकिएको ।

10= समय सापेक्ष प्राविधिक एवं सैनिक कला हासिल गर्न वैदेशिक तालिम, सम्मेलन र गोष्ठीहरूमा आवश्यक संख्यामा सैनिकहरूलाई सहभागी गराउन नसकिएको,

11= शान्ति स्थापनार्थ सहयोग पुऱ्याउन नेपाली सेनाले पाँचखालमा स्थापना गरेको तालिम केन्द्रमा विभिन्न मित्रराष्ट्का सैनिकहरूले समेत तालिम प्रशिक्षण लिने गरेको तर स्वदेशी तथा विदेशी प्रशिक्षार्थीहरुलाई उपलब्ध गराइएको सुविधामा एकरुपता नभएको,

12= तालिम केन्द्रको लागि आवश्यक पर्ने जनशक्तिमा कमी भएको,

13= हाल प्रयोगमा आइरहेको हात हतियारहरु पुरानो हुनुका साथै अन्य राष्ट्रहरूमा प्रायः प्रयोगबाट हटिसकेको र यसको जगेडा पार्टपूर्जा समेत प्राप्त नहुने अवस्थामा यसको प्रतिस्थापन गर्ने नीति रहेको भएतापनि प्रतिस्थापन हुन नसकेको । ४५% सैन्य जनशक्तिले हालसम्म पुरानै हात हतियार प्रयोग गरिरहेकोले आवश्यकतानुसारको हात हतियारको कमी देखिएको,

14= हाल मौज्दात गोलीगट्ठा, बम तथा विस्फोटक पदार्थ ज्यादै न्यून रहेकोले वार्षिक सैन्य अभ्यास, चाँदमारी, लगायत अन्य तालिम तथा शान्ति स्थापनार्थ खटिई जाने सेनाहरूको दैनिक काममा वाधा परेको, शान्ति सम्झौताको कारणबाट उक्त सामग्रीहरू खरीद गर्न र स्वदेशमा उत्पादन गर्न नसकिएको, लामो समयसम्म यस्तो स्थिति कायम रहिरहने हो भने सेनाको मनोबल र उत्साहमा नकारात्मक असर पर्नसक्ने,

15= नेपाली सेनाका बहालवाला तथा भू.पू.सैनिक र तिनीहरुका आश्रित परिवारहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउन केन्द्रस्तरमा काठमाडौंमा वीरेन्द्र सैनिक अस्पतालको अतिरिक्त सबै पृतना हेडक्वार्टरहरू इटहरी, पोखरा, नेपालगञ्जमा मेडिकल गण स्थापना भइसके तापनि भौतिक पूर्वाधार र उपकरणको कमीले पूर्णरूपमा सञ्चालन हुन नसकेको,

16= गण तहमा हुने सेना प्रमुखमा डाक्टर अधिकृतको दरबन्दी भए तापनि दक्ष जनशक्तिको कमी तथा अवरूद्ध भर्ना प्रक्रियाले गर्दा नियुक्ति गर्न नसकिएको र सेनाको प्राड विभागको कार्यचाप बढ्दै गइरहेको वर्तमान परिस्थितिमा सो विभागको जनशक्ति र कार्यचापको सन्तुलन हुन नसकेको,

17= करिब ५0% जवानहरूलाई मात्र न्यूनतम भौतिक पूर्वाधार (ब्यारेकघर, सुत्नेखाट लगायत) उपलब्ध भएको ।

18= सेनाका अधिकांश जहाज तथा हेलिकप्टरहरू बजेट अभावमा मर्मत हुन नसकी चालु अवस्थामा नरहेको,

19= सीमित मात्रामा घर बिदा सञ्चित रहने र सो बाहेकको घरबिदा ल्याप्स हुने विद्यमान अवस्थामा सम्बन्धित कर्मचारीले ल्याप्स हुने बिदा उपभोग गर्न चाहेमा पनि राज्यलाई पर्ने सेवाको आवश्यकताले गर्दा बिदा उपभोग गर्न नपाउने कानूनी व्यवस्था रहेको,

20= शान्ति स्थापनार्थ संयुक्त राष्ट्र संघीय विभिन्न मिसनमा संलग्न जनशक्तिहरूको मनोबल उकास्न, देखापरेका समस्याको पहिचान गरी समाधानको उचित मार्ग पहिल्याउन, अन्य मुलुकका सरकारका उच्च राजनैतिक नेतृत्व, व्यवस्थापिका-संसद तथा संसदीय समितिका पदाधिकारीहरूबाट समय समयमा स्थलगत अध्ययन भ्रमण गर्ने गरेको जानकारीमा आएको छ । नेपालको तर्फबाट भने नगन्य मात्रामा यस्तो कार्य हुने गरेकोले, संलग्न जनशक्तिको मनोबल उकास्न र कार्यस्थलको समस्याको सही पहिचान गर्न नसकिएको,

21= नन्दाबक्स गण चितवनले राष्ट्रिय निकुञ्जको सुरक्षा वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा चोरी शिकार नियन्त्रण गर्न प्रयत्नशील रहेको भएतापनि आवास गृह, खानेपानी, विद्युत, गस्ती

कार्यको लागि सवारीसाधन तथा इन्धन, मचान, पोष्ट लगायतका भौतिक पूर्वाधार र जनशक्तिको समेत कमी भएको,

22=चितवन राष्ट्रिय निकुञ्जको नन्दाबक्स गणको इलाकाभित्र रहेको पूर्व राजपरिवारले प्रयोगमा ल्याएका भवनहरु जीर्ण अवस्थामा रहेकाले ऐतिहासिक महत्वको संरक्षण र वर्तमानको आवश्यकतालाई पूरा गर्न नसकिएको,

23=द्वन्द्वकालमा विभिन्न कारणले भत्किएका, जलेका, मर्मत संभार नभएका पोष्टहरुको पुनर्निर्माण नभएबाट नेपाली सेनाले सम्पन्न गर्नु पर्ने कामकारवाहीमा प्रत्यक्ष रुपमा असर पुगेको,

24=नेपाली सेनाले विश्व शान्ति कायम राख्न पुऱ्याएको योगदानको तुलनामा यु.एन.मिसनका महत्वपूर्ण पदमा सेनाको पहुच न्यून रहेको,

25=विगतमा नेपाली सेनाले राजाको मातहतमा रही गरेका कामकारवाहीका कारण राजनैतिक दलहरुले हालसम्म पनि सेनाप्रतिको विश्वासलाई सकारात्मक रुपमा ग्रहण गर्न सकेको देखिएन, जसबाट सेनाको सरकार र दलहरुप्रति र दल र सरकारको सेनाप्रतिको विश्वास र भरोसा वृद्धि नभएको ।

**सुझाव :**

१. रक्षा मन्त्रालयको भूमिका सेना र मन्त्रिपरिषद्लाई जोड्ने कडीको रूपमा मात्र रहेको छ । यसको अतिरिक्त सेनालाई सुदृढीकरण गरी सेनाद्वारा सम्पादित क्रियाकलापलाई संसदीय नियन्त्रण मार्फत लोकतान्त्रीकरण तर्फ अगाडि बढाउन रक्षा मन्त्रालयको पुनर्संरचना गर्नुका साथै सैनिक ऐनलाई समयानुकुल परिमार्जन गर्नु पर्ने,

२. नेपालको अन्तरिम संविधान, २०६३ को मूल्य र मान्यतालाई आत्मसात गरी विस्तृत शान्ति सम्झौतालाई चाँडोभन्दा चाँडो टुङ्गोमा पुऱ्याउन सबै राजनीतिक दल र सरकारले प्राथमिकताका साथ कार्य गर्नु पर्ने,

३. राज्य व्यवस्था समितिको संलग्नतामा समय सापेक्ष राष्ट्रिय सुरक्षा नीति तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने,

४. शान्ति स्थापना गर्ने कार्यमा खटिने सैन्य जनशक्तिलाई आवश्यक तालिम र प्रशिक्षण दिन अन्तर्राष्ट्रिय स्तरको तालिम केन्द्रको स्थापना तथा विकासको लागि रक्षा मन्त्रालयले उच्च प्राथमिकताका साथ भौतिक पूर्वाधार, उच्चस्तरका प्रशिक्षक लगायत व्यवस्थापन पक्षका अन्य पूर्वाधारहरू व्यवस्था गर्न र स्वदेशी एवं विदेशी प्रशिक्षार्थीहरुले प्राप्त गर्ने सुविधामा एकरुपता कायम गर्नु पर्ने,

५. कानूनी राज्यको अवधारणा अनुरुप कार्य सम्पादन गर्नु नै लोकतान्त्रिक राज्यको कर्तव्य हुन्छ । सेनाको प्राड विभागमा कार्यचाप अनुरूपको जनशक्ति नभएको कारणले कार्य सम्पादनमा कठिनाई उत्पन्न भइरहेको अवस्था छ । सोको अन्त्यका लागि सो विभागदेखि गण तहसम्म सेना प्रमुखमा डाक्टरको दरबन्दी रहने भएतापनि दक्ष जनशक्तिको कमी तथा अवरूद्ध भर्ना प्रक्रियाले गर्दा नियुक्ति गर्न नसकिएको अवस्थालाई समेत मध्यनजर गरी तत्काल आवश्यकतानुसारको दरबन्दी पूर्ति गर्न नियुक्ति प्रक्रिया अगाडि बढाउन रक्षा मन्त्रालय र सम्बन्धित निकायलाई निर्देश गरिन्छ,

६. सैनिक कर्मचारीहरुलाई न्यूनतम सुविधा उपलब्ध गराउन, आवासगृह तथा सुत्ने व्यवस्था लगायतका भौतिक पूर्वाधारहरुको लागि आवश्यक रकम रक्षा मन्त्रालयले उपलब्ध गराउने,

७. नेपाली सेनालाई सैनिक अभ्यास लगायत अन्य कार्यका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थाका लागि रक्षा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने,

८. हवाई यातायातका साधनहरू मर्मतको लागि अत्यावश्यक देखिएकोले उक्त प्रयोजनका लागि सेनाबाट माग गरिएको अनुमानित रू. ८० करोड मन्त्रिपरिषद्बाट एक महिनाभित्र रक्षा मन्त्रालयलाई उपलब्ध गराई सोको जानकारी समितिलाई उपलब्ध गराउने,

९. प्राकृतिक प्रकोप उद्धार, दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी लगायत अन्य आवश्यक कार्यलाई दृष्टिगत गरी MI-17 हेलिकप्टर १, लान्सर हेलिकप्टर-२, MA60 जहाज-१ र तालिमको लागि Trainer-1 गरी ५ वटा हवाई यातायातका साधन खरीद गर्नु पर्ने भनाई नेपाली सेनाको रहेकोमा रक्षा मन्त्रालयले सोको आवश्यकताको अध्ययन गरी बजेटको लागि मन्त्रिपरिषद्मा अनुरोध गर्ने र मन्त्रिपरिषद्ले उक्त बमोजिमको रकम निकासाको लागि आवश्यक व्यवस्था गरी सोको जानकारी समितिलाई उपलब्ध गराउने,

१०. मित्र राष्ट्र चीनसँग हवाई जहाज खरिदको लागि विगत वर्षमा गरिएको अग्रिम भुक्तानी रकमलाई समेत सदुपयोग गर्ने गरी बुंदा नं. ९ को आवश्यकता पूर्तिका लागि सम्बन्धित निकायमा उच्च प्राथमिकताका साथ कुटनैतिक पहल गरी समस्याको समाधान गर्ने,

११. सैनिक तालिमको लागि अभ्यास इलाका व्यवस्थापन सहित आवश्यक पर्ने बजेटको व्यवस्था रक्षा मन्त्रालयले मिलाउनु पर्ने,

१२. प्राकृतिक प्रकोप व्यवस्थापनको लागि सेनाभित्रकै दरबन्दीबाट विशेष टोली खडा गर्नको लागि विशेष तालिम र इक्विपमेण्टको व्यवस्था गर्न आवश्यक पर्ने निर्णय र बजेट व्यवस्थापनमा मन्त्रालयले आवश्यक व्यवस्था गर्नु पर्ने,

१३. नेपाली सेनामा अधिकृतहरुको व्यवहार भेदभावपूर्ण हुन नहुने, राज्यले उपलब्ध गराएका श्रोत, साधन, सुविधाको वितरण र उपलब्धता समान हुनु पर्ने । उच्च पदस्थ व्यक्ति, भूपूहरु र बहालवाला अधिकृतहरुको सुरक्षार्थ खटाइएका पदिक र जवानहरुलाई घरेलु कामदारको रुपमा प्रयोग गरे दण्डनीय बनाउने सम्बन्धमा आवश्यक कानूनको तर्जुमा गर्न नेपाल सरकारलाई निर्देशन गर्ने ।

१४. नेपाली सेनाको महत्वपूर्ण कार्य भनेको राष्ट्रिय एकता, सार्वभौमसत्ता, क्षेत्रीय अखण्डताको सुरक्षा गर्दै आफूलाई अझै व्यवसायिक, चुस्त र सक्षम बनाउनु पर्ने देखिन्छ,

१५. सैन्य सेवामा विभिन्न जातजाति, भाषाभाषी, क्षेत्र, लिङ्ग आदिलाई समेटेर समानुपातिक सेना बनाउन भैरहेको प्रयासलाई मूर्त रुप दिन कार्यान्वयन पक्षलाई जोड दिने,

१६. सैनिक कल्याणकारी कार्यमा सरकारबाट आवश्यक बजेट सहयोग हुनु पर्नेमा हालसम्म भएको नदेखिएकोले सेनाको अभिभावकत्व निर्वाह गर्नका लागि तत्काल केही रकम उक्त कोषमा अनुदान स्वरूप उपलब्ध गराउने,

१७. सैनिक कल्याणकारी कोषको रकमलाई पारदर्शी तुल्याउन आवश्यक नीतिको तर्जुमा गरी हालसम्म कुन कुन दर्जाबाट, के के प्रयोजन बापत के कति रकम कोषमा जम्मा भएको छ ? कोषको रकम के कति के कस्ता कार्यमा खर्च भएको र मौज्दात रकम कुन कुन संस्थामा के कति व्याज उपलब्ध हुने गरी के कसरी राखिएको छ जस्ता विवरणहरू एक महिनाभित्र अद्यावधिक गरी प्रधान सेनापतिमार्फत समितिलाई उपलब्ध गराउन निर्देशन गरिन्छ,

१८. कर्तव्य पालनको सिलसिलमा अपाङ्ग भएका सैनिक कर्मचारी र उनीहरूका परिवारलाई उपलब्ध गराइने क्षतिपूर्ति न्यून भएकोले सोको पुनरावलोकन गर्नु पर्ने, वीरगति प्राप्त गर्ने सैनिकलाई

अन्य व्यक्ति सरह नै सुविधा/सम्मान दिनका लागि आवश्यक पर्ने निर्णय मन्त्रिपरिषदबाट हुनु पर्ने,

१९. कुल राष्ट्रिय बजेटको ७% रक्षा बजेटमा विनियोजन गरी सोको ७५% चालु र २५% पूँजीगत खर्चमा बजेट विनियोजन हुनु पर्नेमा हालसम्म सो अनुरूप विनियोजन भएको नदेखिएकोले आगामी आर्थिक वर्षदेखि सोही अनुरूपको बजेट विनियोजनमा अर्थ मन्त्रालयले उच्च प्राथमिकता दिनु पर्ने,

२०. आगामी दिनहरूमा सैन्य जनशक्तिका लागि आवश्यक न्यूनतम पूर्वाधार (ब्यारेकघर, सुत्नेखाट, भान्साकोठा तथा शौचालय) निर्माण गर्नु पर्ने,

२१. सेनाका हवाई जहाज तथा हेलिकप्टरहरू तत्काल मर्मत संभार गरी सञ्चालनमा ल्याउनु पर्ने,

२२. सैनिक सेवामा कार्यरत कर्मचारीहरूको १८० दिनभन्दा बढी सञ्चित घर बिदाको रकम विगतमा उपलब्ध गराउने गरिएको । २०६३ सालदेखि सो व्यवस्थालाई परिवर्तन गरी सञ्चित घर बिदा बापतको रकम सेनालाई प्रदान गर्ने कानूनी व्यवस्था नभएको । सेनाले सो बिदा बापतको रकम प्राप्त गर्ने कानूनी व्यवस्था गर्न नेपाल सरकारले आवश्यक निर्णय गर्नु पर्ने ।

२३. सैनिक ब्यारेक र सुरक्षा वेस क्याम्पले अधिग्रहण गरेको जग्गाको मुआब्जा, भाडा तथा क्षतिपूर्ति बापतको बक्यौता रकम रु. ७५ लाख समेत २ करोड १० लाख निकासा दिई क्षतिपूर्ति प्रदान गर्न मन्त्रिपरिषद्ले प्राथमिकता दिनुपर्ने देखिन्छ,

२४. शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसंघीय विभिन्न मिसनमा संलग्न जनशक्तिहरूको मनोबल उकास्न, देखापरेका समस्याको पहिचान गरी समाधानको उचित मार्ग पहिल्याउन अन्य मुलुकका सरकारका उच्च राजनैतिक नेतृत्व, व्यवस्थापिका-संसदको सम्बन्धित समिति र सम्बन्धित मन्त्रालयका पदाधिकारीहरूबाट संयुक्त वा एकल रूपमा समय समयमा स्थलगत अध्ययन भ्रमण गर्ने गरेको पाएकोले नेपालले पनि उपरोक्त अनुरूपको कार्य निरन्तर रुपमा सम्पादन गर्न मन्त्रिपरिषद्ले प्राथमिकताका साथ आवश्यक निर्णय गर्ने,

२५. सरकारले संयुक्त राष्ट्रसंघीय मिसनमा आवश्यक पर्ने APC लगायत आवश्यक सामग्रीहरु खरीद गरी सोबाट प्राप्त हुने सोधभर्नाको केही प्रतिशत सम्बन्धित मिसनमा जाने संस्थाको कल्याणकारी कोषमा समावेश गर्न आवश्यक व्यवस्थाका लागि मन्त्रिपरिषद्लाई निर्देशन गर्ने,

२६. सुरक्षा निकायहरूमाथि लोकतान्त्रिक नियन्त्रण गर्न देहायका कार्यलाई प्राथमिकताका साथ सम्पन्न गर्नु पर्नेः-

- लोकतान्त्रिक नियन्त्रण र नागरिक सर्वोच्चताका लागि व्यवस्थापिका-संसदको सम्बन्धित समितिबाट नियमित र प्रभावकारी नियन्त्रण, निर्देशन र अनुगमनको व्यवस्था गरी समितिको निर्देशन तथा राय सुझावलाई कार्यान्वयन गर्ने,
- रक्षा मन्त्रालयको अधिकारक्षेत्रलाई बिस्तार गरी नेपाली सेनाको सञ्चालन, प्रयोग र नियन्त्रण सम्बन्धमा नीति निर्माण गर्ने जस्ता व्यवस्थापकीय क्रियाकलापमा मन्त्रालयको भूमिकालाई बिस्तार गर्ने,
- सेना र नागरिकको सम्बन्धलाई विकसित तुल्याउन सरकारले आवश्यक नीतिहरु ल्याउने,
- सेनाको व्यवसायिक विकासको लागि सञ्चालित क्रियाकलाप तथा विभिन्न कार्यक्रमहरु सुरक्षाको दृष्टिकोणले गोप्यता कायम राख्नु पर्ने बाहेक सबै सूचनाहरु निरन्तर रुपमा राज्य व्यवस्था समितिसँग आदान प्रदान गरी सहकार्य, सहयोग र सुसम्बन्धको वातावरणलाई विकसित गर्दै लैजाने,
- सबै तहका नियुक्ति, तालिम र पदोन्नतिको क्रियाकलापलाई पारदर्शी तुल्याउने,

- शान्ति सेनामा सहभागिता तथा अन्य वृत्ति विकासका अवसरमा छनोटका लागि निश्चित र स्पष्ट आधारको प्रावधान तयार गर्ने,
- वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने आय व्ययमा पारदर्शिता कायम गरी लेखा परीक्षणको व्यवस्था गर्ने,

२७. सुरक्षा निकायहरूलाई व्यवस्थापिका-संसदको काम, कर्तव्य र अधिकार सम्बन्धमा र सम्बन्धित संस्थाको व्यवस्थापिका-संसदप्रतिको उत्तरदायित्व र जवाफदेहीका सम्बन्धमा अभिमुखिकरण गराउने,

२८. नेपाली सेनाले विश्व शान्ति कायम राख्न पुऱ्याएको योगदानको तुलनामा यु.एन.का महत्वपूर्ण पदमा सेनाको पहुँच पुऱ्याउन सरकारले उपयुक्त राजनैतिक एवं कूटनैतिक पहल गर्नु पर्ने,

२९. सेनालाई सुम्पिएको कार्य सम्पादन गर्न, कामकारवाहीलाई प्रभावी र चुस्त तुल्याउन, भौतिक पूर्वाधार र जनशक्तिको अभाव भएका गण, गुल्म र विटहरुलाई आवश्यकतानुसारको भौतिक पूर्वाधार र जनशक्ति उपलब्ध गराउने व्यवस्था मिलाउन रक्षामन्त्रीलाई निर्देशन गर्ने,

३०. नन्दाबक्स गण चितवनले राष्ट्रिय निकुञ्जको सुरक्षा वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा चोरी शिकार नियन्त्रण गर्न प्रयत्नशील रहेको भएतापनि आवास गृह, खानेपानी, विद्युत, गस्ती कार्यको लागि सवारीसाधन तथा इन्धन लगायतका भौतिक पूर्वाधार र जनशक्तिको समेत उपलब्ध गराउन रक्षा मन्त्रालयलाई निर्देशन गर्ने,

३१. चितवन राष्ट्रिय निकुञ्जका नन्दाबक्स गणको इलाकाभित्र रहेको पूर्व राजपरिवारले प्रयोगमा ल्याएका भवनहरु जीर्ण अवस्थामा रहेकाले ऐतिहासिक महत्वका वस्तुहरुको संरक्षण र वर्तमानको आवश्यकतालाई पूरा गर्न मर्मत सम्भार गरी उपयोगमा ल्याउने,

३२. द्वन्द्वकालमा विभिन्न कारणले भत्किएका, जलेका, मर्मत संभार नभएका सुरक्षा पोष्टहरुको पुनर्निर्माण गर्न रक्षा मन्त्रालयलाई निर्देशन गर्ने,

३३. नेपाल सरकारले प्रमुख राजनैतिक दलहरुको सहमतिमा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम राष्ट्रिय सुरक्षा नीति बनाउनु पर्ने, र

३४. विगतमा द्वन्द्वकालमा विद्यालय/शैक्षिक संस्थाहरुमा तैनाथ गरिएका सुरक्षा निकायहरुलाई तत्काल हटाउनु पर्ने र विगतमा प्रयोग गरिएको अवधिको राज्यले निर्वाह गर्नु पर्ने दायित्व अनुरुपको मुआव्जा तत्काल उपलब्ध गराउन सम्बन्धित मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्य गर्नु पर्ने,

**निष्कर्ष :**

रक्षा मन्त्रालय र नेपाली सेनामा रहेका चुनौतिको समाधानमा जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिका-संसद र राज्य व्यवस्था समितिको सहयोग प्राप्त गर्न निरन्तर, नियमित रुपमा सूचनाहरुको संप्रेषण, वस्तुस्थिति अवगत गराउने र आवश्यकतानुसारको स्थलगत अध्ययन अवलोकन भ्रमणसहित सेनाको रणनीति कार्य बाहेकका अन्य कामकारवाहीमा प्रत्यक्ष रुपमा संलग्न गराउँदै जनप्रतिनिधिमूलक संस्थाको विश्वास प्राप्त गर्न गरिएका प्रयास केही हदसम्म मनन योग्य भए तापनि यो आफैमा पूर्ण छैन । अतः मन्त्रालय र सम्बन्धित निकायको यसतर्फ गम्भीर ध्यानाकर्षण गराइन्छ । वर्तमान अवस्थामा स्थलगत अध्ययन अवलोकन वा जानकारीका लागि समितिले दिएको निर्देशको कार्यान्वयन भएको भए तापनि सम्बन्धित संस्थाकै अग्रसरतामा यस्ता क्रियाकलापहरु निरन्तर र नियमित रुपमा सञ्चालन गरी जनप्रतिनिधिमूलक संस्थालाई विश्वासमा लिई त्यस्ता संस्थाको अपनत्व एवं अभिभावकत्व प्राप्त गर्न सम्बन्धित संस्थाको ध्यानाकर्षण गरिन्छ।

# गृह मन्त्रालय

संविधान तथा राजनैतिक मार्ग निर्देशनका आधारमा राष्ट्रिय हितका विविध विषयहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने प्रमुख दायित्व सरकारको रहन्छ । जनसंख्याको चाप, सहरीकरणको बिस्तार, बढदो औद्योगिकिकरण तथा पर्यटकहरुको आवागमन, यातायात र सूचना प्रविधिको विकासको कारण आपराधिक क्रियाकलापमा समेत अत्याधिक वृद्धि हुन जान्छ । कुनै पनि देशको तरल एवं सक्रमणकालीन अवस्थामा अमनचैन र शान्ति सुरक्षा सम्बन्धी व्यवस्थामा विविध समस्याहरु देखापर्नु स्वभाविक हुन्छ । यस्तो अवस्थाको निराकरण गर्दै शान्तिसुरक्षासहित अमनचैन कायम गर्न संलग्न निकायहरुलाई सक्षम, अनुशासित र जनाधारयुक्त, उत्तरदायी एवं जनमुखी बनाउन गृह मन्त्रालयको अहं भूमिका रहन्छ ।

देशमा शान्ति तथा सुरक्षा कायम हुनु भनेको जनताले न्यायपूर्ण तथा लोकतान्त्रिक वातावरणमा शान्तिपूर्वक बाच्न पाउनु हो । मुलुकमा शान्ति सुरक्षाको अवस्थालाई सुदृढ गर्ने तथा आधारभूत सामाजिक सेवा स्थापित गर्ने प्रमुख जिम्मेवारी गृह मन्त्रालयको हुन्छ । साथै प्रत्येक नागरिकले आत्मसम्मानका साथ स्वतन्त्रतापूर्वक सुरक्षित जीवन जिउन सक्षम भै सोको उपभोग निर्वाध रुपमा गर्न पाउनु पर्ने हुन्छ । आन्तरिक शान्ति, सुरक्षा, मानवाधिकारको रक्षा र प्रतिरक्षा सेवा राज्यले जनतामाझ पुऱ्याउनु आवश्यक छ । आगामी दिनमा नेपाली जनताका सुरक्षाका खातिर सुदृढ योजना र सफल कार्यान्वयन गर्न दिगो सुरक्षाको सर्वमान्य पद्धतिलाई अपनाउनु आवश्यक छ । देशमा अपराधिक गतिविधि नियन्त्रण गर्ने, कानूनहरुको पालना सुनिश्चित गर्ने, मताधिकारको संरक्षण गर्ने, मानवअधिकारको उपभोग गर्ने हक सुरक्षित गर्ने तथा प्राकृतिक विपत्तिमा जीउधनको सुरक्षा गर्ने दायित्व समेत गृह मन्त्रालयको रहेको छ ।

आन्तरिक शान्ति, सुरक्षा र मानव अधिकारको रक्षा गर्ने, विषयगत मन्त्रालय तथा निकायहरुलाई तोकिएका विषयहरुसँग सम्बन्धित कानून बाहेक अन्य सबै कानूनहरुको परिपालनाको अनुगमन गर्ने, दैवी प्रकोप व्यवस्थापन सम्बन्धी कार्य गर्ने, अपराध नियन्त्रण गर्ने, अध्यागमन र आन्तरिक एवं बाह्य बसाइसराई सम्बन्धी व्यवस्थापन गर्ने जिम्मेवारी पनि गृह मन्त्रालय अन्तर्गत नै रहेको छ ।

गृह मन्त्रालय र सो अर्न्तगतका निकायबाट सम्पन्न हुने हरेक कार्य प्रणालीले सामाजिक व्यवहारसँग प्रत्यक्ष सरोकार राख्दछ । सामाजिक व्यवहारको अध्ययन र विश्लेषणका आधारमा अपनाइने नीतिले नेपाललाई शान्त, सुन्दर र सबैको चाहको मुलुकको रुपमा विकसित तुल्याउन सक्नु पर्दछ । मुलुकको शान्ति सुरक्षा कायम राख्न चुनौतिहरु थपिंदै गएका देखिन्छ । पुरातन सोच र परम्परागत अवधारणाले मात्र अपराधको नियन्त्रण र आमनागरिकमा शान्ति सुरक्षाप्रति विश्वास जगाउन मन्त्रालय र अर्न्तगतका निकायहरु सक्षम हुन सक्दैनन । जिम्मेवारी र उत्तरदायी पन्छाउने प्रवृतिले प्रश्रय पाइरहेको छ । गृह मन्त्रालय र अन्तर्गतका निकायका जनशक्तिहरुलाई दक्ष एवं व्यवसायिक बनाउन आवश्यक छ ।

शान्ति सुरक्षासहितको अमन चैन कायम गरी मुलुकवासीको बृहत्तर हितका लागि राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिएको हुन्छ । राष्ट्रिय सुरक्षा नीति अनुरुप सरकारले राज्य शक्तिका सबै संयन्त्रहरु राजनैतिक, आर्थिक, कूटनैतिक, सञ्चार तथा सैन्य शक्तिलाई आवश्यक्तानुसार समन्वय र सहकार्यमा परिचालन गर्नु पर्ने हुन्छ । राष्ट्रिय सुरक्षा नीतिमा आधारित भई राष्ट्रिय प्रतिरक्षा नीति र आन्तरिक सुरक्षा नीति तर्जुमा गर्नु पर्ने हुन्छ । जुन हुन सकिरहेको छैन । राज्य प्रणालीमा आएको परिवर्तनलाई आत्मसाथ गरी मुलुकमा स्थापित लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित मानव अधिकार संरक्षण र कानूनप्रति पूर्ण वफादार रही जनमुखी सेवा प्रदायक संस्थाको रुपमा मन्त्रालय र सो अर्न्तगतका निकायहरु विकसित हुनु पर्ने देखिन्छ ।

मुलुकभित्र वराबर भैरहने भीड, जुलुस, दंगा नियन्त्रण, विध्वंसात्मक एवं विद्रोहजन्य गतिविधिको नियन्त्रण र प्राकृतिक एवं मानव निर्मित प्रकोपका बखत उद्धार एवं व्यवस्थापनमा यो मन्त्रालय अझै कृयाशील हुनु पर्दछ । मन्त्रालयले आफू र आफू मातहतका निकायहरुले सम्पन्न गर्ने कार्यमा देखिएका ढिलासुस्ती र अनियमितताहरु हटाउन आर्थिक मितव्ययिता, सांगठनिक समन्वय र पारस्परिक एकात्मताको भावनामा कार्य गराउन अहं भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । यसरी नै मन्त्रालय र सो अन्तर्गतका निकायहरुलाई राजनैतिक हस्तक्षेप मुक्त प्रशासनका रुपमा विकसित गर्नु पर्ने चुनौति समेत मन्त्रालयमा रहेको पाइन्छ । साइवर अपराधदेखि श्वेत अपराध (White Color Crime) को सम्बन्धमा आवश्यक्तानुसारको सूचना संकलन, विश्लेषण र त्यसबाट निस्केका परिणामलाई यथासमयमा सम्बन्धित निकायलाई संप्रेषण समेत गर्नु पर्ने उत्तरदायित्व निर्वाह गर्न सम्बन्धित निकायहरुलाई सचेत तुल्याउनु पर्ने आवश्यकता देखिन्छ । प्रभावकारी सुरक्षा व्यवस्था कार्यान्वयन गर्न, गराउन र सुरक्षा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन समेत सुरक्षा सम्बन्धित सूचनाहरु अत्यन्त महत्वपूर्ण र प्राथमिक तर अनिवार्य स्रोत भएकाले यस सम्बन्धमा समेत मन्त्रालयको गहन ध्यान जानु पर्ने देखिन्छ ।

**मन्त्रालयले गर्ने महत्वपूर्ण विषयसहितका कार्यहरु :**

- आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- शान्ति, सुव्यवस्था तथा कानून र व्यवस्था,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल,
- कारागार व्यवस्थापन,
- राष्ट्रिय अनुसन्धान विभाग,
- हातहतियार र खरखजानाको इजाजत,
- विस्फोटक पदार्थ नियन्त्रण,
- विदेशी नागरिकको नियमन तथा नियन्त्रण,
- सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधन,
- संघ, संस्था प्रशासन,
- स्थानीय प्रशासन,
- नागरिकता,
- जनमत संग्रह,
- आप्रवासन तथा प्रवासन,
- तीर्थस्थान र तीर्थयात्रीहरु,
- कल्याण धन र बेबारिसी धन,
- चिट्ठा, जुवा आदिको नियन्त्रण,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण,

- दैवीप्रकोप व्यवस्थापन,
- सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,
- सार्वजनिक चन्दा संकलन व्यवस्थापन,
- अध्यागमन,
- सजायको माफी, मिनाहा, परिवर्तन तथा कम गर्ने विषय,
- विभूषण,
- शरणार्थी,
- अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना,
- काठमाडौं उपत्यकामा वारुण यन्त्र व्यवस्थापन,
- लागू औषध नियन्त्रण र प्रशासन,
- अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन,
- गृह प्रशासन विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन,
- निर्वाचन आयोग,
- संगठित अपराध नियन्त्रण,
- बारुदी सुरुङ्गको निवारण,
- धार्मिक विषय,
- सुपुर्दगी,
- प्रहरी कितावखाना,
- प्रहरी कल्याण,
- अरु कुनै मन्त्रालयको लागि किटानीसाथ नतोकिएको नेपाल सरकारको कुनै काम ।

**निर्णयको संक्षिप्त विवरण :**

- मुलुकको शान्ति सुरक्षाको स्थितिमा सकारात्मक परिवर्तन नभैसकेको अवस्थामा जनताको सहभागिता र सहयोग प्राप्त हुने गरी शान्ति सुरक्षाको स्थितिमा सुधार गर्न आवश्यक छ । यसका लागि सुरक्षा सम्बन्धी योजना, रणनीति र कार्यनीतिको तर्जुमा गरी हत्या, हिंसा, बन्द, हडताल, चक्काजाम, अपहरण जस्ता अवाञ्छनीय कार्यलाई रोकथाम गरी सुरक्षाका सम्बन्धमा आमजनतालाई विश्वस्त तुल्याउन माननीय गृहमन्त्रीको ध्यानाकर्षण गरिन्छ ।
- प्रहरी ऐन, २०१२ लाई समसामयिक र वदलिंदो परिस्थिति अनुरूप तर्जुमा गरी सदनमा पेश गर्न २०६५ साल माघ २९ गते बसेको समितिको बैठकले गृह मन्त्रालयलाई निर्देश गरेकोमा सोको कार्यान्वयन हालसम्म हुन नसकेकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । अतः प्रहरी सेवामा हुने गरेको नियुक्ति, बढुवा र हाल नियमावलीमा विद्यमान रहेको अवकाश जस्ता विषयलाई निष्पक्ष, पारदर्शी र जवाफदेही तुल्याउन प्रहरी सेवा आयोगको स्थापना गरी प्रत्येक कर्मचारीले आफूलाई आफ्नो सेवा, वृत्ति विकास र सुरक्षा लगायत आफ्नो भविष्यको बारेमा पूर्व अनुमान गर्न सक्ने अवस्थाको सुनिश्चितता गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका तत् तत् ऐनमा एकै प्रकारको प्रावधानको व्यवस्था गर्न सम्बन्धित

ऐनहरूमा तत्काल आवश्यक परिमार्जनका लागि माननीय गृहमन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

- सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूलाई स्वदेश वा विदेशमा तालिम वा यु.एन. लगायतका विभिन्न मिसनहरूमा सेवा गर्ने कार्यमा छनौट गर्ने मापदण्डलाई पारदर्शी तुल्याउदै कर्मचारीहरूलाई आफ्नो सेवा र संस्थाप्रति अझै लगनशील र उच्च मनोबलका साथ कार्य सम्पन्न गर्न सक्ने वातावरण सिर्जना गरी तत्काल कार्यान्वयनमा ल्याउन माननीय गृहमन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

- अविरल वर्षाबाट मुलुकमा पर्न सक्ने दुष्परिणामका सम्बन्धमा विगतका अनुभव र वर्तमान परिस्थितिलाई ध्यानमा राखी गृह मन्त्रालय अत्यन्त संवेदनशील रही बाढी, पहिरो जस्ता समस्याहरूको पूर्व रोकथाम र समयमै घटनाबाट पीडित जनताहरूका लागि राहत र पुनर्स्थापनाका लागि तत्काल समन्वयात्मक र सघन रूपमा यथोचित प्रवन्ध गर्न गृह मन्त्रालयलाई निर्देश गरिन्छ ।

- राज्यले शहीद घोषणा गर्दा के कस्ता नीति र प्रावधानको अधीनमा रही घोषणा गर्न उपयुक्त र सान्दर्भिक हुन्छ भन्ने सम्बन्धमा राजनैतिक दलको उच्चस्तरीय सहमतिका आधारमा नेपाल सरकारले सो सम्बन्धी नीति तर्जुमा गरी सार्वजनिक गर्न यो बैठक माननीय गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- सरकारबाट समितिमा उपलब्ध गरइएका कागजातहरू औपचारिक रूपमा प्राप्त हुन नसकेकोमा समितिको गम्भीर ध्यान आकर्षण हुन गएको छ । अतः भविष्यमा व्यवस्थापिका- संसदका कुनै पनि समितिमा नेपाल सरकारको तर्फबाट पेश गरिने कागजातहरू मा. मन्त्री वा सचिवस्तरीय पदाधिकारीको सहीछापबाट औपचारिक रूपमा पेश गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गरिन्छ ।

- सुरक्षा निकायहरू (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग) को सूचना संकलन, विश्लेषण र संप्रेषण गरी घटनाको पूर्वआभाससहित रोकथामका लागि सञ्चालनमा ल्याउनु पर्ने कदमप्रति उत्तरदायित्व र जिम्मेवारीमा तत्परता देखिएन । तत्काल घटनाको प्रतिकृया स्वरूप कारवाहीमा खटनु पर्ने र खटाइनु पर्ने कार्य समेतमा अपनाउनु पर्ने सर्तकतामा देखिएका कमी कमजोरीका कारण मुलुकको शान्ति सुरक्षाको स्थिति ज्यादै संवेदनशील अवस्थामा पुगेको समितिले महसूस गरेको छ । यस्ता प्रकारका अनियमिताहरू रोकथामका लागि १० दिनभित्र सूचना संकलन, विश्लेषण र संप्रेषण जस्तो कार्यमा संलग्न निकाय र पदाधिकारीलाई चुस्त, दुरूस्त र सक्षम तुल्याई संगठनलाई छिटो छरितो कार्यान्वयनमा जान सक्ने परिस्थितिको तर्जुमा गर्न आवश्यक पर्ने कार्ययोजना तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याई सोको जानकारी राज्य व्यवस्था समितिलाई समेत उपलब्ध गराई दिनु हुन मा. गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- आगामी दिनमा कुनै पनि घटना घटेमा वा सजगता अपनाएको कारणले घटनाको रोकथाम हुन पुगेमा सम्बन्धित क्षेत्रको सुरक्षा कायम गर्न खटिएका सम्पूर्ण जनशक्तिका लागि मूल्याङ्कन पद्धतिको आधारमा तत्काल पुरस्कार र दण्डको व्यवस्था कार्यान्वयनमा ल्याई सोको जानकारी समितिलाई निरन्तर रूपमा उपलब्ध गराउन माननीय गृहमन्त्रीसहित सम्बन्धित सबैलाई निर्देश गर्दछ ।

- कुनै पनि क्षेत्रमा घटना घटदा नजिकमा कार्यरत सुरक्षा निकायहरू प्रायः निस्कृय र मौन बस्ने गरेको देखिन्छ । यसो हुनुमा माथिल्लो निकायको आदेश बिना कार्य सञ्चालनमा जान नसक्ने परिस्थिति रहेको वा तत्काल कुनै पनि घटनामा संलग्न हुन नचाहने व्यक्तिको मनोगत

प्रवृत्तिका कारणले भएको हो सो सम्बन्धमा विस्तृत अध्ययन गरी आवश्यक सुधारात्मक उपायहरूको अवलम्बन गर्न मा. गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- कुनै पनि कार्यक्षेत्रमा खटिएका सुरक्षा निकायबाट घटनाको रोकथाममा वा अपराधीलाई नियन्त्रणमा लिने कार्यसहित घटना घटेको स्थानको संरक्षण र घटनाबाट पीडित व्यक्तिहरूको उद्धारमा आवश्यक सुरक्षा प्रवन्धमा समेत तदारूकता र जागरूकता नदेखिएकाले भविष्यमा यस्तो स्थिति आउन नदिन आवश्यक पर्ने नीति नियमको तर्जुमाका लागि मा.गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- सुरक्षा निकायले आवश्यकतानुसार मागेको टेलिफोन नम्बर, स्थानको पहिचान सम्बन्धित निकायबाट प्राप्त हुने गरेकोमा यदाकदा जनशक्तिको अभाव लगायतका विभिन्न वाधा विरोधका कारणले यथासमयमा उपलब्ध हुने नगरेको भन्ने गुनासाहरू सुन्नमा आएको छ । तसर्थ गृह मन्त्रालयले सूचना तथा सञ्चार मन्त्रालयसँग समन्वय र सहकार्य गरी संवेदनशिल सुरक्षा विषयमा प्रयोग भएको टेलिफोन नम्बर र स्थानको पहिचान तत्काल सुरक्षा निकायलाई उपलब्ध गराउने व्यवस्था मिलाउन मा. गृहमन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

- कुनै पनि प्रकारको अपराधहरूको रोकथामका लागि सुरक्षा निकायको पहिलो दायित्व र जिम्मेवारी रहन्छ । यस प्रकारको कार्य सम्पादन गर्नका लागि व्यवसायिक रूपमा चुस्त र सक्षम जनशक्तिसहित कुनै पनि प्रकारको राजनैतिक हस्तक्षेप हुन नसक्ने वातावरण समेतको आवश्यकता पर्ने हुन्छ । तर हालै मात्र पत्रपत्रिकामा प्रहरीको उच्च नेतृत्वबाटै प्रहरी संगठनमा व्यापक रूपमा राजनैतिक हस्तक्षेप हुने गरेको, ७५ प्रतिशतभन्दा बढी अधिकृतहरू क्षमता र हैसियतले नभई भनसुन र नेताको भरमा जागिर खाने गरेको जस्ता भनाइहरू सार्वजनिक भएका छन् । तसर्थ यस्ता प्रकारका अनियमितताहरूको निराकरणसहित संगठनलाई अझै चुस्त, दुरूस्त र सक्षम तुल्याई राजनैतिक दवावमुक्त संगठन तुल्याउने सम्बन्धमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षकले १० दिनभित्र योजना र कार्यक्रम तयार गरी राज्य व्यवस्था समिति समक्ष पेश गर्न, गराउन माननीय गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- विभिन्न आपराधिक कृयाकलापका सम्बन्धमा सञ्चार जगतबाट सूचनाहरू संप्रेषण गरेका कारणबाट त्यस्ता निकायहरूलाई विभिन्न प्रकारका धम्कीहरू आउने गरेको भन्ने समाचारप्रति यो समितिको गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ यस्ता प्रकारका कृयाकलापहरू कोबाट कसरी हुने गरेका छन् हाम्रा सुरक्षा निकायहरूले प्रभावकारी कदम चालि सत्य तथ्य कुरा जनमानसका अगाडि ल्याउन र सूचना संप्रेषण गरेको कारण वा अन्य कुनै कामकारवाहीका कारणले जो कोही पनि असुरक्षित रहेको छु भन्ने आशंकाको अन्त्यका लागि सुरक्षाको भरपर्दो उपाय तत्काल अवलम्बन गर्न मा.गृह मन्त्रीलाई निर्देश गर्दछ ।

- सुरक्षा निकायमा कार्यरत जनशक्तिलाई आवश्यकतानुसार अधिकारसहितको कर्तव्य, स्रोत-साधनले अझै सशक्त तुल्याई निजहरूको मनोबल उकास्नका लागि आवश्यक पर्ने नीति र योजनाको तर्जुमा गर्न मा.गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- राष्ट्रिय अनुसन्धान विभागको सांगठनिक संरचना र क्षमतालाई मुलुकको विद्यमान अवस्था, वदलिदो परिस्थिति अनुरुपको सक्षम र चुस्त बनाउन आवश्यक पर्ने अवधारणा र कार्यक्रमसहितको नीति तर्जुमा हुनु अत्यावश्यक देखिएको छ । विद्यमान सांगठनिक अवस्था समस्या समाधानका उपायहरु, आवश्यकता अनुसारको सांगठनिक संरचनाको पहिचान गरी नेपाल सरकारलाई राय सुझाव पेश गर्न राष्ट्रिय अनुसन्धान विभागले आफू भित्रबाटै एक समिति गठन गरी तत्काल कार्य प्रारम्भ गर्न, गराउन र सोको जानकारी राज्य व्यवस्था

समितिलाई उपलब्ध गर्ने, गराउने व्यवस्था मिलाउन माननीय गृह मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

- संक्रमणकालीन मुलुकको अवस्था र शान्ति सुरक्षा लगायत बढ्दो अपराधिक कृयाकलापलाई रोकथाम र नियन्त्रणको लागि विद्यमान अवस्थामा राज्यलाई आवश्यक पर्ने सूचना संकलन र विश्लेषण सन्तोषजनक रुपमा रहेको छ भन्न सक्ने अवस्था देखिँदैन । तसर्थ यस विभागले निर्वाह गर्नु पर्ने भूमिकामा सूचना संकलन र विश्लेषणका लागि आवश्यक पर्ने नीति नियम भौतिक पूर्वाधार र तालिम प्रशिक्षण सन्दर्भमा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी विवरणहरु एक महिना भित्र राज्य व्यवस्था समितिलाई उपलब्ध गर्न गराउन माननीय गृह मन्त्रीसहित प्रमुख राष्ट्रिय अनुसन्धान विभागलाई निर्देश गरिन्छ ।

- नियुक्ति, सरुवा र बढुवालाई बढी पारदर्शी र राजनैतिक दवाव मुक्त तुल्याउँदै विभागको काम कर्तव्य र अधिकारको अझै पूर्ण सदुपयोग र निर्वाह गर्न सक्ने क्रियाशील, योग्य र दक्ष जनशक्तिलाई आकर्षित तुल्याउन र भइरहेका जनशक्तिलाई अझै दक्ष, सवल र सक्षम तुल्याउन निरन्तर रुपमा तालिम, प्रशिक्षण र अन्य मूलुकको यस्ता संगठनहरुको कामकारवाहीको तुलनात्मक अध्ययन अवलोकन गर्ने गराउने तर्फ गृह मन्त्रालय र सम्बन्धित निकायको ध्यानकर्षण गरिन्छ ।

- नेपाल फर्म्ड पुलिस (सुडान) छानवीन उपसमितिबाट प्रस्तुत प्रतिवेदनलाई यथाशीघ्र कार्यान्वयनमा ल्याई प्रशासनिक दायित्व निर्वाह गर्ने र अनियमित कार्यमा संलग्न रहेका व्यक्ति वा पदाधिकारीलाई कानूनको कठघरामा उभ्याउने प्रयोजनका लागि प्रस्तुत प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउन नेपाल सरकारले तत्काल आवश्यक निर्णय गरी सोको जानकारी समितिलाई उपलब्ध गराउने ।

- नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाउने सुडान मिसन सम्बन्धी प्रतिवेदनमा सो निकायले सम्पन्न गर्ने कामकारवाही (अनुसन्धानका सिलसिलमा गोप्यता कायम गर्नु पर्ने विवरण बाहेक) प्रत्येक ३/३ महिनामा समितिलाई अनिवार्य रुपमा विवरण उपलब्ध गराउन अख्यियार दुरुपयोग अनुसन्धान आयोगलाई जिम्मेवारीसहितको उत्तरदायित्व सुम्पिने ।[१]

- नेपाल फर्म्ड पुलिस सुडानका सम्बन्धमा देखिएका कमी कमजोरीका निराकरणका लागि अत्यावश्यक देखिएका भौतिक पूर्वाधारहरु तत्काल उपलब्ध गराउन भनी नेपाल फर्म्ड पुलिस सुडान उपसमितिले मिति २०६६ चैत्र १६ गते नेपाल सरकारलाई दिएको निर्देशन अनुरुपको कार्य र प्रतिवेदनमा उल्लेखित निष्कर्ष र सुझावहरु नेपाल सरकार तथा सम्बन्धित निकायहरुले तुरुन्त कार्यान्वयनमा ल्याई समितिलाई जानकारी गराउन नेपाल सरकारलाई निर्देश गर्‍यो ।

- प्रहरी कल्याण कोषको च.नं. १७८ को सम्वत् ०६७/०६/०८ को बुँदा नं. ९ का सम्बन्धमा छानवीनको कार्यमा वाधा पुग्ने गरी तत्काल मर्मत सम्भार नगर्न, नगराउनु हुन भनी गरिएको पत्राचारका सम्बन्धमा उक्त विषयको छानविन कार्य समाप्त भई प्रतिवेदन समेत पेश भैसकेको र सो प्रतिवेदनको पेज नं. ७० को बुँदा नं. ६ मा उक्त निर्देशनको औचित्यता हाल समाप्त भएको व्यहोरा उल्लेख भएकाले सोही अनुरुप आवश्यक कार्य गर्न, गराउन प्रहरी महानिरीक्षकलाई ध्यानाकर्षण गरिन्छ ।

[१] नेपाल फर्म्ड पुलिस (सुडान) छानवीन समितिको प्रतिवेदन अनुसूचीमा समावेश गरिएको छ ।

- नेपाल फर्म्ड पुलिस (सुडान) मा आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउने सम्बन्धी मिति १६ चैत्र २०६६ मा बसेको बैठकको निर्णयानुसार सम्माननीय प्रधानमन्त्री र माननीय गृहमन्त्रीलाई दिइएको निर्देशन (प्रतिवेदनको सुझाव खण्डको बुंदा नं. ३ मा उल्लेखित भौतिक पूर्वाधारहरु) नेपाल सरकारसहित सम्बन्धित निकायबाट हालसम्म पनि कार्यान्वयन नगरेको, नभएको विषयमा बैठकले गम्भीर चिन्ता र चासो व्यक्त गर्दै उक्त निर्देशन कार्यान्वयन गर्न आवश्यक पर्ने कामकारवाही १० दिनभित्र सम्पन्न गरी, गराई समितिलाई जानकारी दिन सम्माननीय प्रधानमन्त्री र माननीय गृहमन्त्रीलाई पुनः निर्देश गर्ने ।

- नेपाल फर्म्ड पुलिस (सुडान) मा आवश्यक भौतिक पूर्वाधारको अभावमा यु.एन.ले नकारात्मक निर्णयहरु गर्न सक्ने भन्ने जानकारीहरु प्राप्त भैरहेको वर्तमान अवस्थामा राष्ट्रको इज्जत र मर्यादामाथि कुनै पनि प्रकारको नकारात्मक असर पर्न नदिने तर्फ नेपाल सरकार अझै गम्भीर र सचेत रही आवश्यक निर्णयमा पुग्न सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्ने ।

- उक्त प्रतिवेदनको निष्कर्ष र सुझाव खण्डमा उल्लेखित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पन्न गर्नु पर्ने कामकारवाही सम्बन्धी विषय बाहेकका अन्य विषयसहित मिति २०६६/१२/२४ च.नं.१३२५ को प्रहरी प्रधान कार्यालयको पत्रबाट गृह मन्त्रालयलाई अनुरोध गरिएको विषय समेतमा हालसम्म भए गरेका कामकारवाही सम्बन्धी प्रत्येकको बुँदागत विवरण यही पुस १९ गते भित्र उपलब्ध गराई दिनु भई समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याई दिनु हुन माननीय गृहमन्त्रीलाई निर्देश गर्ने ।

- नेपाल फर्म्ड पुलिस (सुडान) अध्ययन एवं छानविन उपसमितिले छानविनका सम्बन्धमा माननीय गृहमन्त्री र सम्बन्धित निकायलाई आवश्यकतानुसार सहयोगका लागि अनुरोध गरिएका विषयलाई उच्च प्राथमिकता दिई तत्काल कार्य सम्पन्न गर्न, गराउन सम्बन्धित निकायहरुलाई निर्देश गर्दछ,

- नेपाल फर्म्ड पुलिस (सुडान) प्रतिवेदनमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पन्न गर्नु पर्ने कामकारवाहीका सम्बन्धमा आयोगले उच्च प्राथमिकताका साथ यथाशक्य छिटो आफ्नो कार्य सम्पन्न गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्ने ।

- लोक सेवा आयोग सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलका निमित्त कार्यालय प्रमुख उपसचिव श्री नवराज चौंलागाईको अवस्थाका सम्बन्धमा उच्च प्राथमिकताका साथ खोजी कार्य अगाडि बढाउन र हालसम्म सो सम्बन्धमा भए गरेका कामकारवाहीबारे ७ दिनभित्र समितिलाई जानकारी दिन माननीय गृह मन्त्रीलाई निर्देश गर्ने ।

- प्रहरी ऐन, २०१२ लाई समसामयिक र बदलिंदो परिस्थिति अनुरूप तर्जुमा गरी सदनमा पेश गर्न २०६५ साल माघ २९ गते बसेको समितिको बैठकले गृह मन्त्रालयलाई निर्देश गरेकोमा सोको कार्यान्वयन हालसम्म हुन नसकेकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । अतः प्रहरी सेवामा हुने गरेको नियुक्ति, बढुवा र हाल नियमावलीमा विद्यमान रहेको अवकाश जस्ता विषयलाई निष्पक्ष, पारदर्शी र जवाफदेही तुल्याउन प्रहरी सेवा आयोगको स्थापना गरी प्रत्येक कर्मचारीले आफूलाई आफ्नो सेवा, वृत्ति विकास र सुरक्षा लगायत आफ्नो भविष्यको बारेमा पूर्व अनुमान गर्न सक्ने अवस्थाको सुनिश्चितता गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका तत् तत् ऐनमा एकै प्रकारको प्रावधानको व्यवस्था गर्न सम्बन्धित ऐनहरूमा तत्काल आवश्यक परिमार्जनका लागि माननीय गृहमन्त्रीलाई निर्देश गर्ने ।

- समाजमा विभिन्न अपराधिक क्रियाकलाप गरी कैद सजाय भोगिरहेका व्यक्तिको मनोवृत्तिमा सुधार ल्याउने र त्यस्ता व्यक्तिको सुरक्षा समेतको दायित्व राज्यको भएकाले कैद सजाय भोगिरहेको व्यक्तिको आचरणगत मनोवृत्तिलाई सुधार गर्ने स्थलको रूपमा रहेको कारागारलाई

सुधार गृहको रूपमा रूपान्तरण गर्दै लगिने लक्ष्य राज्यले लिएको छ । तर विगत केही समयदेखि कारागारभित्र रहेका कैदीको नेतृत्वमा नै कारागार बाहिर आपराधिक गतिविधि सञ्चालन गरी समाजमा असुरक्षा र अशान्तिको वातावरण सिर्जना गर्ने कार्य भैरहेकोले राज्यले आफ्नो दायित्व सक्षमतापूर्वक निर्वाह गर्न सकेको छ भनी भन्न सक्ने अवस्था रहेन । तसर्थ त्यस्ता कार्यहरूलाई तत्काल नियन्त्रणमा ल्याउन अपनाउनु पर्ने रणनीति र कार्यनीतिको तर्जुमा १५ दिनभित्र गरी समितिमा पेश गर्न माननीय गृहमन्त्रीलाई निर्देश गर्दछ ।

- सुरक्षाको दृष्टिले अति संवेदनशील क्षेत्रमध्येको कारागारमा समेत अपराधीहरूको निर्वाध रूपमा चलखेल हुने गरेको, अति संवेदनशील मुद्दाका अपराधीहरूलाई समेत निर्वाध र निरन्तर रूपमा विना कुनै सम्बन्ध र साइनोका मान्छेले भेटघाट गरिरहदा समेत कसले, किन, के प्रयोजनका लागि, के कसरी भेटघाट गरिरहेको छ भन्ने सूचनाहरू सुरक्षाकर्मीबाट संकलन र विश्लेषण समेत हुने गरेको पाइएन, यस प्रकारको त्रुटि गम्भीर र लापरवाहीपूर्ण हो भन्ने समितिको ठहर छ । तसर्थ भेटघाट लगायतका विषयमा कारागारमा आउने जाने जो कोहीको पनि सूचना संकलन र विश्लेषण गरी त्यस्ता व्यक्तिको प्रत्येक क्रियाकलापलाई सुरक्षाकर्मीले अत्यन्त संवेदनशील भई सुक्ष्मरूपले परीक्षण गरी कुनै पनि प्रकारको लापरवाही नहुने गरी सुरक्षाको प्रभावकारी प्रक्रिया अपनाउन र कुख्यात अपराधीहरुलाई आवश्यकतानुसार कडा निगरानीसहित अन्य कैदी, वन्दीहरुबाट अलग राख्ने सम्बन्धमा सम्बन्धित सबै पदाधिकारीहरूलाई सचेत र सजग तुल्याउन गृह मन्त्रालयका सचिवलाई निर्देश गरिन्छ ।
- सुरक्षालाई केन्द्रविन्दुमा राखी गरिने खानतलासीको प्रक्रियाभित्र शरीरमा सियो समेत रहे नरहेको जानकारी राख्नु पर्ने भएकाले सो अनुरूपको उपकरण समेत उपलब्ध गराइएका सुरक्षाकर्मीहरूले आवश्यकतानुसार विना कपडा समेत खानतलासी लिनु पर्नेमा शरीरको संवेदनशील अंगमा हातहतियार लुकाएर ल्याएको रहेछ भन्नु आफ्नो जिम्मेवारीप्रतिको उदासिनता र लापरवाही हो भन्ने प्रष्ट हुन्छ । तसर्थ सुरक्षा व्यवस्थालाई प्रभावकारी, चुस्त र दुरूस्त तुल्याउन आवश्यकता अनुसारको उपकरण उपलव्ध नगराइएको भए तत्काल उपलव्ध गराउन र सम्बन्धित सुपरीवेक्षकबाटै मातहत पदाधिकारीहरूबाट भए गरेका कामकारवाही अनुरूप पुरस्कार र दण्ड दिन सक्ने गरी आश र त्रास सम्बन्धी व्यवस्थासहित कारागारमा सुरक्षा प्रवन्धका लागि खटिने सुरक्षाकर्मीहरुलाई कैदी र वन्दीहरुसँग गर्नु पर्ने व्यवहार र सुरक्षा प्रवन्धका सम्बन्धमा कार्यरत रहनुभन्दा अगावै जानकारी दिने लगायतका विषयमा आवश्यक नीति तर्जुमा गरी १५ दिनभित्र समितिमा पेश गर्न गृहमन्त्रीलाई निर्देश गरिन्छ ।
- कारागार प्रशासनले कारागारको आन्तरिक प्रशासनको जिम्मा (चौकिदार, नाइके, भाई नाइके लगायतका पदमा नियुक्ति समेत) गर्दा प्रहरी प्रशासनसँग समन्वय र सहकार्य विपरित हुने गरेको अर्थात द्वैध प्रशासन (निजामती र प्रहरी प्रशासन) को कारणले सुरक्षा क्षेत्रमा कमजोरी देखिएको हो भन्ने भनाइहरुप्रति समितिको गम्भिर ध्यानाकर्षण भएको छ । अतः कारागार प्रशासक र प्रहरी प्रशासकका बीच कारागार र सोभित्र हुने र गर्नु पर्ने प्रत्येक कामकारवाहीमा एक आपसको समझदारी, समन्वय र सहकार्यमा कार्य सम्पादन गरिने अर्थात् द्वैध प्रशासन सम्बन्धी हालको व्यवस्थाको अन्त्यका लागि आवश्यक पर्ने नीतिगत व्यवस्था मिलाउन र हाल कारागारभित्र देखिएका अव्यवस्था र अशान्तिको अन्त्यका लागि चौकिदार, भाइनाइके र नाइके लगायतका पदमा नियुक्ति गर्ने विद्यमान व्यवस्थाको पुनरावलोकन गरी नयाँ नीति तर्जुमा गर्ने गृहकार्य समेतका लागि गृह मन्त्रालयका सचिवलाई निर्देश गरिन्छ ।
- कारागार सुधारका सम्बन्धमा समितिले विगतमा अध्ययन गरी तयार गरेको प्रतिवेदन लगायत समय समयमा सरकारले उक्त सम्बन्धमा गठन गरेको कारागार सुधार समिति/आयोगका

प्रतिवेदनहरुको कार्यान्वयनको हालसम्मको समग्र स्थितिका सम्बन्धमा १५ दिनभित्र समितिलाई जानकारी गराउन गृह मन्त्रालयका सचिवलाई निर्देश गरिन्छ ।

- प्रत्येक नेपालीको जीउ ज्यानको रक्षाका साथ साथै शान्ति सुरक्षा र अमन चैन कायम गर्ने गराउने सन्दर्भमा गृह मन्त्रालय र सुरक्षा निकायको अहं भूमिका रहन्छ । यसै परिप्रेक्ष्यमा जनजीवनसँग प्रत्यक्ष सरोकार रहेको खाना पकाउने ग्यासको प्रयोग र प्रचलनमा धेरै प्रकारको अनियमितता हुने गरेको, कुनै एक नामको ग्यास सिलिण्डरको अनधिकृत रुपमा भण्डारण गरी अनियमित तरिकाले उद्योगको नाम समेत परिवर्तन गरी उपभोताको जीउ ज्यानलाई असुरक्षित र शान्ति सुरक्षामा समेत आघात पुऱ्याउँदै आएको देखिएको छ । उपरोक्त सम्बन्धमा हालै सुगम ग्यास उद्योग प्रा.लि.ले करिब १५ हजार ग्यास सिलिण्डरलाई फुटरिङ परिवर्तन गरी सर्वसाधारणमाथि खेलबाड गरेको देखिएकाले अविलम्ब यस प्रकारको अनियमित र गैरकानूनी कार्य गर्ने व्यक्ति, संस्थालाई कानूनी कठघरामा उभ्याउन र ग्यास उद्योगका सम्बन्धमा समय समयमा सुनिने गरेका अनियमितताहरुको तत्काल रोकथाम गर्न निरन्तर रुपमा अनुगमनसहित नियन्त्रण गर्न गृह मन्त्रालय र सुरक्षा निकायले उच्चतम् प्राथमिकताका साथ कार्य गरी उपभोक्तामा पर्न गएको असुविधा तथा जीउ ज्यानमाथि खेलिएको अत्यन्त घृणित खेलवाडको तत्काल अन्त्य गर्नुका साथै कालो बजारी र अनियमित कार्य गर्नेलाई कानून बमोजिमको कारवाही हुन्छ भन्ने प्रत्याभूति आम जनतामा अविलम्ब गराई सोको जानकारी समितिलाई उपलब्ध गराउन माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।
- विगत केही समयदेखि मुलुकमा घटेका विविध घटनाहरुलाई नियन्त्रणमा लिई शान्ति सुरक्षाको स्थितिमा सुधार ल्याउन सरकारले चालेका सुधारका प्रयासहरु आवश्यकतानुसारको प्रभावी हुन नसकेको अनुभूति समितिलाई भएको छ । तसर्थ सर्वसाधारण जनतामा मुलुकको शान्ति सुरक्षा र अमनचैनप्रति विश्वस्त तुल्याउदै प्रत्येक क्षेत्रमा सरकारको उपस्थिति प्रभावी र चुस्त छ भनि विश्वास दिलाउन माननीय गृह मन्त्रीले १५ दिन भित्र प्रभावकारी सुरक्षा नीति सार्वजनिक गरी शान्ति सुरक्षा र अमनचैनको विद्यमान स्थितिमा सुधार ल्याउने।
- सुरक्षा स्थितिलाई प्रभावी र चुस्त तुल्याउन अति आवश्यक पर्ने भौतिक पूर्वाधार (सवारी साधन, इन्धन, वन्दोवस्तीका सामानहरु) का लागि लाग्ने रकम र कार्ययोजना ७ दिनभित्र तर्जुमा गरी आगामी बजेटमा समावेश गर्नका लागि अर्थ मन्त्रालयलाई अनुरोध गरी सोको जानकारी समितिलाई समेत उपलब्ध गराउन माननीय उपप्रधानमन्त्रीलाई निर्देश गरिन्छ।
- वर्तमान अवस्थामा देखिएको कृत्रिम मूल्यवृद्धि र अभावको निराकरणको लागि सरकारबाट गम्भीरतापूर्वक कठोर कदम चाली आम जनतालाई महंगी र कृत्रिम अभावबाट मुक्त गर्न आजैबाट प्रभावकारी पहल गरोस् भन्ने निर्देशन गरिएकोमा विद्यमान अवस्थासम्म आइपुग्दा पनि उक्त निर्देशन अनुरुपको कार्य भएको देखिँदैन । पेट्रोलियम पदार्थको अभाव, ग्यास उद्योगमा भएको अनियमितता साथै सर्वसाधारणको जीउ ज्यानमा समेत खतरा पुग्ने गरी फुटरीङ समेतको परिर्वतन, कृत्रिम अभाव र मूल्यवृद्धिको अत्यधिक मार आम जनतामा पार्ने जस्ता कामकारवाहीको नियमन तथा नियन्त्रण हुन सकेको देखिएन । अतः समितिको निर्देश नभए तापनि सरकार स्वयंले चाल्नु पर्ने जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने अति महत्वपूर्ण कदममा समेतमा सरकारको निगरानी र नियन्त्रणमा फितलोपन देखिनुले सरकारले आफ्नो जिम्मेवारी र जवाफदेही वहन गर्ने कार्यमा गम्भीर कमजोरी पुष्टि भएको छ ।

**उपलब्ध गराउन अनुरोध गरिएका कागजात तथा विषयहरु :**

- गृह मन्त्रालय र सोसँग सम्बन्धित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका विभिन्न निकायको कामकारवाहीसहित तत् तत् निकायमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न मन्त्रालयबाट भए गरेका प्रयास र देखापरेका समस्या र समाधानका उपायसहित मुलुकको समग्र शान्ति सुरक्षाको स्थिति, सुरक्षा व्यवस्था कायम राख्ने कार्ययोजना, भावी रणनीति, महानगरीय प्रहरी अवधारणा र वर्तमान स्थिति, प्रहरी ऐनलाई समसामयिक परिमार्जन वा नयाँ ऐनबाट प्रतिस्थापन गर्नु पर्ने विषय, प्रहरी सेवा आयोगको गठन, सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण, मंहगी नियन्त्रणमा सरकारको प्रयास, संगठित अपराध नियन्त्रण, अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन, दैवीप्रकोप व्यवस्थापन, कारागार व्यवस्थापन, अध्यागमनका अतिरिक्त सुरक्षा निकाय भित्रका गतिविधिहरुका सम्बन्धमा हाल विभिन्न सञ्चार माध्यममा आएका चर्चा लगायत विषयहरुमा माननीय गृहमन्त्रीबाट आगामी बैठकमा जानकारी लिने ।
- माननीय गृह मन्त्री, गृह सचिव, प्रहरी महानिरीक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरीहरुलाई बैठकमा संयुक्त राष्ट्रसंघीय मिसनहरुको भौतिक पूर्वाधारहरु सम्बन्धमा छलफलका लागि आमन्त्रण गरिएको ।
- मुलुकको विद्यमान शान्ति सुरक्षासहित सुरक्षा निकायको भूमिका विषयमा गृह मन्त्रीलाई आमन्त्रण गरिएको ।
- मा.उपप्रधानमन्त्री तथा गृहमन्त्री, महान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव र अनुसन्धान अधिकृतलाई समितिको आगामी बैठकमा आमन्त्रण गरी कार्यान्वयनको प्रगतिका सम्बन्धमा जानकारी लिने ।
- प्रहरी कल्याण कोषको च.नं. ११२० सम्बत् ०६७/०३/२५ को पत्रको बुँदा नं. ६ मा उल्लेखित छानविन समितिको कार्य सम्पन्न भए नभएको, भएको भए सो समितिको प्रतिवेदनको छायाँप्रतिसहित उक्त विषयमा हालसम्म भए गरेको कामकारवाही सम्बन्धी विवरण लिने ।
- प्रहरी कल्याण कोषको च.नं. १७८ को सम्बत् ०६७/०६/०८ को प्रहरी कल्याण कोषको पत्रको वुँदा नं. ४ का सम्बन्धमा हालसम्म भए गरेको कामकारवाही सम्बन्धी विवरण लिने ।
- राष्ट्रिय अनुसन्धान विभागका पूर्व कर्मचारीको निवृत्तभरणमा परेको भनिएको मर्काका सम्बन्धमा सम्बन्धित निकायहरुबाट यस सम्बन्धमा भए गरेका कामकारवाहीसहित के गर्दा उपयुक्त हुन्छ भन्ने विषयमा जानकारी लिइएको ।

**निर्देशन कार्यान्वयनको स्थिति :**

- बन्द, हडताल, हत्या, हिंसा, अपहरण जस्ता अवाञ्छित कार्यलाई रोकथाम गरी सुरक्षाका सम्बन्धमा आम जनतालाई विश्वस्त तुल्याउने सम्बन्धमा दिइएको निर्देशनमा विशेष सुरक्षा कार्यक्रम २०६६ लागू भै रहेको जवाफ प्राप्त भएको ।
- प्रहरी ऐन, २०१२ को सम सामयिक संशोधन सम्बन्धमा दिइएको निर्देशनमा गृहकार्य भैरहेको जवाफ प्राप्त भएको ।
- प्रहरीको स्वदेशी वा विदेशी तालिम वा यु. एन. मिसन छनौटमा मापदण्डसहितको पारदर्शिता सम्बन्धमा दिइएको निर्देशनमा एफ. पि. यु. छनौट निर्देशिका, २०६५ कार्यान्वयनमा रहेको जवाफ प्राप्त भएको ।

- सुरक्षासँग सम्बन्धित निकायहरुको सूचना संकलन, सम्प्रेषण, विश्लेषण, जस्ता कार्यमा चुस्त दुरुस्त र सक्षम जनशक्ति तयार पार्न दिइएको निर्देशनमा राष्ट्रिय अनुसन्धान विभागको तर्फबाट सो सम्बन्धमा आन्तरिक कार्ययोजना बनाई तदअनुरुप कार्यान्वयनमा ल्याइएको तथा प्राप्त सूचना इमेल मार्फत पनि गृह मन्त्रालयमा पठाउने व्यवस्था रहेको जवाफ प्राप्त भएको।

- शान्ति सुरक्षामा राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र नराम्रो काम गर्ने कर्मचारीलाई सजाय दिने प्रकारको मूल्याङ्कन पद्धतिको विकास गरी सोको जानकारी समितिलाई दिने सम्बन्धमा दिइएको निर्देशनमा राम्रो काम गर्ने प्रहरी कर्मचारीलाई पुरस्कृत गर्ने गरिएको जवाफ प्राप्त भएको ।

- माथिल्लो निकायको आदेश बेगर कार्यक्षेत्रमा नजाने सुरक्षाकर्मीको मनोवृत्ति सुधार्न दिइएको निर्देशनमा कानूनले नै निदिष्ट गरेको काममा माथिको आदेश पर्खन नपर्ने जवाफ प्राप्त भएको ।

- कार्यक्षेत्रमा खटिएका सुरक्षा निकायबाट घटनाको रोकथाम वा नियन्त्रण लिने कार्यसहित घटना घटेको स्थानको संरक्षण र घटनाबाट पीडित व्यक्तिहरुको उद्धारसहितको आवश्यक सुरक्षा प्रवन्धमा समेत तदारुकता र जागरुकता नदेखिएकाले भविष्यमा यस्तो स्थिति आउन नदिन आवश्यक पर्ने नीति नियमको तर्जुमा सम्बन्धमा दिइएको निर्देशनमा शीघ्र परिचालन टोली गठन भै कार्य सुरु भैसकेको जवाफ प्राप्त भएको ।

- सुरक्षा निकायमा कार्यरत जनशक्तिहरुको मनोबल उकास्न आवश्यक पर्ने नीति र योजना तर्जुमा गर्न गृह मन्त्रीलाई दिइएको निर्देशन सम्बन्धमा प्रहरी दरबन्दीमा वृद्धि गर्ने, तालिममा सहभागी गराउने, आचार संहिता तयार गरी कडाइका साथ लागू गरिएको जवाफ प्राप्त भएको ।

- नेपाल फर्म्ड पुलिस सुडान मिसनमा तत्काल आवश्यक पर्ने प्रतिवेदनको सुझाव खण्डको बुँदा नं ३ मा उल्लेखित भौतिक पूर्वाधारहरु पठाउन दिएको निर्देशन सम्बन्धमा टेण्डर आव्हान भै सकेको जवाफ प्राप्त भएको ।

- सुरक्षा निकायले आवश्यकताअनुसार मागेको टेलिफोन नम्बर, स्थानको पहिचान सम्बन्धमा दिइएको निर्देशन सम्बन्धमा एक छुट्टै कार्यदलले कार्य गरिरहेको जवाफ प्राप्त भएको।

- राष्ट्रिय अनुसन्धान विभागको सुधार सम्बन्धमा दिइएको निर्देशनमा सो सम्बन्धमा गृह मन्त्रालयमा लेखी पठाएको जानकारी प्राप्त भएको ।

- राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरुलाई आवश्यक पर्ने स्वदेशी एवं वैदेशिक तालिमको पहल गर्न गृह मन्त्रालयको ध्यानाकर्षण सम्बन्धमा दिइएको निर्देशनमा स्वदेशी तथा विदेशमा तालिमको व्यवस्था मिलाइएको र यसलाई अझ बढाउँदै लैजाने जवाफ प्राप्त भएको।

**समस्या :**

१. निश्चित सीमाभित्र प्रहरी व्यवहार अटाउने सुनिश्चितासहितको काम, कर्तव्य र अधिकारको स्पष्ट रुपमा अभिव्यक्त तथा सदृश्य हुने गरी ऐन नियमको तर्जुमा हुन नसकेको, ज्यादै पुरानो ऐन अनुरुप संगठन सञ्चालन हुँदै आइरहेको, औचित्य र आवश्यकताको अध्ययनसहित त्यसबाट दीर्घकालीन रुपमा के कस्तो प्रभाव र असर पर्दछ सो समेतको अध्ययन बिना नै नियमावलीमा परिमार्जन र संशोधन हुने गरेको, त्यसरी नै संगठनको आवश्यकताभन्दा पनि व्यक्तिगत पहलमा दरबन्दी थपघट हुने गरेबाट संगठनात्मक संरचनाको सैद्धान्तिक मूल्य मान्यतामा ऱ्हास आएको,

२. सुरक्षा निकायहरुले सर्वसाधारण जनताको सामिप्यतामा रहेर कार्य गर्नु पर्ने हुन्छ । वास्तवमै सार्वजनिक सुरक्षा सुनिश्चित गर्न केही व्यक्तिसँग मात्र घुलमिल गरी सूचना संकलन गरेर सम्भव हुँदैन । यस्तो कार्य सर्वसाधारणसंगको साझेदारीमा सम्पन्न गर्नुपर्ने हुन्छ । यो अवधारणालाई सुरक्षा निकायले अझ आत्मसात गरी जनताको मित्रको रुपमा स्थापित हुन सकेको देखिंदैन,

३. महानगरवासीहरुलाई छिटो छरितो रुपमा समस्या समाधान गर्न अर्धन्यायिक अधिकार प्रदान गर्ने गरी स्थापना गरिएको महानगरीय प्रहरी कार्यालयलाई आवश्यकता अनुसारको अधिकार र सो अनुरुपको कामकारवाही सम्पादन गर्न सक्ने ऐन, नियमको अभाव रहेको,

४. हाल करिब ९ हजारको संख्यामा रहेका जुनियर प्रहरी अधिकृतहरुलाई आधारभूत तथा अन्य व्यावसायिक तालिमहरु प्रदान गर्नको लागि प्रहरी महाबिदालयको (Junior Police Officer Training College) प्रावधान भए तापनि आवश्यक पूर्वाधार उपलब्ध हुन नसकेको,

५. हाल स्थापित प्रहरी इकाइहरुको जनशक्ति र साधनश्रोत आवश्यकता अनुसार नभएकोले आशातीत परिणाम प्राप्त हुन नसकेको । (इप्रका **क** मा २९ जना, इप्रका **ख** मा २३ जना, प्रहरी चौकी **क** मा १३ जना प्रहरी चौकी **ख** मा १० जना विद्यमान रहेको ),

६. विद्यमान प्रहरी इकाइहरु जनघनत्व तथा भौगोलिक विकटतालाई मध्यनजर गर्दा १० जना जनशक्तिको एउटा प्रहरी चौकीले ३/४ वटा गा.वि.स.हरु हेर्नु पर्ने अवस्था रहेको,

७. देशभरमा कुनै पनि आपराधिक घटनामा संलग्न व्यक्तिहरुको Digital अभिलेख राखी आवश्यक परेको बेलामा छिटो सूचना उपलब्ध हुने अभिलेखको व्यवस्था नभएको । विगतमा अभिलेख राख्न प्रारम्भ गरिएको भए तापनि सोकार्यले निरन्तरता प्राप्त गर्न नसकेको,

८. प्रत्येक इलाका कार्यालयले आफ्नो इलाका भित्रका बसोबास गर्ने समुदायको विवरण तयार गरी अभिलेख राख्नु पर्नेमा कडा कानूनी प्रावधान वा नीतिको अभावमा व्यवस्थित हुन नसकेको,

९. वर्तमान परिवेशमा प्रमाण ऐनको सारलाई समेत मध्यनजर गर्दा अनुसन्धानमा अति आवश्यक विधि विज्ञान प्रयोगशालालाई आवश्यकता अनुसार साधन श्रोत सम्पन्न रुपमा स्तरवृद्धि हुन नसकेकोले अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन नसकिएको,

१०. द्वन्द्वकालमा क्षतिग्रस्त ७६८ प्रहरी इकाइहरुको मर्मत, संभार तथा पुनःस्थापना हुन नसकेको र हालसम्म पनि बंकर र भाडामा बसी सुरक्षा प्रदान गर्ने गरेको,

११. कुनै पनि कार्यालयका लागि इन्धन, टेलिफोन, सवारी साधनको मर्मत र बिजुली महसुलको रकम विनियोजन एकदमै न्यून रहेको,

१२. विशेष प्रकृतिका अपराधहरु Cyber Crime र आर्थिक अपराध अनुसन्धान सम्बन्धी कार्यमा संलग्न रहनु पर्ने जनशक्तिका लागि आवश्यकतानुसारको प्रशिक्षण तथा आधुनिक उपकरणहरुको व्यवस्था नभएको,

१३. नेपाल प्रहरीको समयानुकूल क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार Research and Development कार्य सम्पन्न गर्न सकारात्मक पहल नभएको,

१४. संयुक्त राष्ट्रसंघको शान्ति स्थापनार्थ कार्यमा सुरक्षा निकायहरु संलग्न रहनु विविध कारणले मुलुक र मुलुकवासीका लागि लाभदायक भए तापनि सोको व्यवस्थापनका लागि लाग्ने व्यवस्थापन खर्च, अन्य व्यवस्थापनमा आवश्यकता अनुसारको सतर्कता र रकमको उपलब्धता समेत नभएबाट सामानको गुणस्तर र परिणामसहित जनशक्ति खटन पटनमा समेत अव्यवस्था र आवश्यकता अनुसारको पारदर्शिता र निष्पक्षता नरहेको,

१५. आफ्नो पारिवारिक समस्या समाधानका लागि आवश्यक पर्ने बिदा स्वीकृति गर्न राज्यको आवश्यकता र औचित्यताको कारणले सम्बन्धित निकाय असमर्थ भई रात दिन साधारणतया १६ घण्टासम्म कार्यालयको काममा सहभागी रहनु पर्ने जनशक्तिलाई पनि अन्य निकायमा झैं १८० दिन सञ्चित बिदाको मात्र रकम उपलब्ध गराउने र सोभन्दा बढी सञ्चित बिदा ल्याप्स हुने विद्यमान नीति समयानुकूल नभएको र यसबाट कार्यरत जनशक्तिमा समेत नकारात्मक असर पर्नुका साथै मनोबलमा समेत नैराश्यता देखापरेको,

१६. सबै सुरक्षा निकायमा कार्यरत जनशक्तिका लागि समयानुकूल तालिम, प्रशिक्षण दिने कार्यका लागि संयुक्त प्रशिक्षण प्रतिष्ठानको व्यवस्था नभएकाले एकै प्रकृतिको सेवा उपलब्ध गराउने संस्थाका जनशक्तिको बीचमा समेत ज्ञान, सीपसहित जनतासंगको सहकार्यमा विविधता देखापरेको,

१७. कर्तव्यपालनाको सिलसिलामा प्रहरी कर्मचारीबाट असल नियतका साथ सम्पादित कार्यका सन्दर्भमा समेत मुद्दा दायर हुने विद्यमान अवस्थाले गर्दा प्रहरी कर्मचारीहरु कानूनी संरक्षणबाट वञ्चित भई उनीहरुको Job Security सुनिश्चित नभएको,

१८. ट्राफिक व्यवस्थापनमा खटिएका प्रहरी कर्मचारीहरुको स्वास्थ्यमा पर्ने प्रतिकूल असर र जोखिमपूर्ण अवस्थामा खटिने विशेष प्रकृतिका प्रहरी इकाइमा कार्यरत कर्मचारीहरुको लागि Hazard Allowance वा Hardship Allowance को व्यवस्था नभएको,

१९. कल्याणकारी गतिविधिहरु अन्तर्गत प्रहरी कर्मचारीका सन्ततिहरुका लागि आवाससहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना भएका प्रहरी बिदालयहरुलाई सरकारी अनुदान प्राप्त हुन नसकेको,

२०. कर्तव्य पालनाको सिलसिलामा घाइते हुने तथा वीर गति प्राप्त गर्ने प्रहरी कर्मचारीहरुको लागि उचित राशन तथा क्षतिपूर्तिको व्यवस्था नभएको,

२१. द्वन्द्वकालका घाइते तथा अशक्त प्रहरी कर्मचारीहरुको उचित व्यवस्थापन हुन नसकेको,

२२. नागरिक सुरक्षाको लागि परिचालित प्रहरी टोलीहरुलाई व्यवस्थित ढंगले आदेश, निर्देश प्रवाह तथा तत्काल सूचना प्राप्त गरी प्रहरी कारवाहीलाई प्रभावकारी तुल्याउन आवश्यकतानुसार आधुनिक उपकरणसहितको Command Centre को स्थापना तथा बिस्तार हुन नसकेको, Proactive Policing को लागि चाहिने उपकरणहरु समेत उपलब्ध नभएको,

२३. सार्वजनिक सेवा प्रदान गर्ने निकाय र प्रहरी सेवाबीच (दूरसञ्चार, यातायात, अध्यागमन, नगरपालिका आदि) प्रभावकारी समन्वय र सहकार्यको अभाव देखिएको,

२४. कानूनको सम्मानभन्दा उल्लंघनमा उर्जाको प्रयोग हुने गरेबाट पनि प्रहरी हतोत्साहित हुने गरेको,

२५. बजेटको निकासा Need Based भन्दा पनि Bargain Based मा हुने प्रचलनले थुप्रै समस्या आउने गरेको,

२६. भिड नियन्त्रणका लागि नेपालभर एउटा पानीको फोहोरा (water cannon) मात्र रहेको विद्यमान अवस्थाले सुरक्षालाई आवश्यकतानुसार प्रयोग गर्नु पर्ने औजारको कमी रहेको,

२७. विद्यमान अवस्थामा आफूसँग उपलब्ध साधन र स्रोतको समेत समुचित र प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नसकेको,

२८. सुरक्षा प्रयोजनका लागि प्रयोगमा ल्याउनु पर्ने हातहतियार आवश्यकतानुसार नभएको र भएका पनि प्रयोगमा ल्याउन सकिने अवस्थामा नरहेको,

२९. मर्मतका लागि बजेट व्यवस्था नभएको कारण अन्य बजेटबाट खर्च गर्ने गरिएको,

३०. द्वन्दकालको आवश्यकता र औचित्यको आधारमा मुलुकभरका प्रहरी इकाई, बिट, गण, गुल्मलाई साघुरो घेरामा सीमित गरिएकोमा हालसम्म पनि सोही अनुरुप कामकारवाहीहरु सञ्चालनमा रही रहेबाट आवश्यकतानुसारको सुरक्षा निकायको प्रभावकारिता बढ्न सकेको देखिएन,

३१. विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापनका सम्बन्धमा आवश्यकतानुसारको गृहकार्य हुन सकेको देखिएन । जसबाट राज्यले सुविधा दिने नीतिमा समेत समान पदका व्यक्तिहरुमा समेत समान सुविधाहरु उपलब्ध हुन सकेको पाइएन । नीति, नियम वा निर्णयहरु हचुवाको भरमा गर्ने गरेको देखियो,

३२. मुलुकको अमनचैन र शान्ति सुरक्षाको स्थितिका सम्बन्धमा सबभन्दा ठूलो दलको नेताको जीउ ज्यानमा समेत प्रत्यक्ष रुपमा नै हमला गरी हत्या गरिने कार्यक्रम रहेको भनी सञ्चार माध्यममा प्रकाशित समाचारले स्पष्ट नकारात्मक संकेत दिएको छ । यसरी यस्तो प्रकारको भनाइबाट आम नागरिकमा सरकारप्रतिको विश्वासमा नराम्रो ठेस लाग्न सक्ने देखिन्छ,

३३. अध्यागमन विभागको कामकारवाही सन्तोषपद देखिएको छैन । अनुचित प्रलोभनबाट अभिलेख लगायतका व्यवस्थाहरु चुस्त, दुरुस्त नभएका भन्ने प्रसस्त गुनासाहरु आएका छन् । यस सम्बन्धमा हालै मात्र पनि रातो राहदानी दुरुपयोगमा त्यस निकायका कर्मचारीहरुको संलग्नता रहेको पाइएकोले यस निकायलाई सक्षम र प्रभावी तुल्याउन सकिएको छ भन्ने परिस्थिति रहेन,

३४. नेपालबाट विदेश जाने र विदेशबाट नेपाल आउने यात्रुहरुको अद्यावधिक विवरण यस विभागमा नरहेको व्यहोरा सार्वजनिक भएबाट आपराधिक कृयाक्लापको रोकथाममा समेत वीना अभिलेख सुरक्षा निकायले सम्पादन गर्नु पर्ने कार्यमा समेत असहज परिस्थिति देखापर्न सक्ने देखिन्छ,

३५. विद्यमान मर्यादाक्रमबाट विविध समस्याहरु उत्पन्न भएको छ। यस क्रममा कुनै एक संगठनको मर्यादाक्रम नै नरहनुबाट यस मन्त्रालयको कामकारवाहीको मूल्याङ्कन सकारात्मक रुपमा गर्न सक्ने अवस्था देखिएन । सशस्त्र प्रहरी बलको मर्यादाक्रम नभएकाले विविध समस्याहरु व्यहोर्नु परेको गुनासाहरु बारम्बार आइरहेको छ । संयुक्त सुरक्षा फौज परिचालन गर्दाको अवस्थासहित औपचारिक कार्यक्रमहरुमा समेत असहज परिस्थितिको सिर्जना भएको,

३६. सशस्त्र प्रहरी बलका इकाइहरूमा भौतिक पूर्वाधारको ज्यादै कमी रहेको पाइएको,

३७. सशस्त्र प्रहरी बलको युनिट कुनै विशेष अपरेशनमा खटिई गएकोमा उक्त कार्य सम्पन्न भएपछि स्थानीय प्रशासनको माग अनुसार सोही स्थानमा रहनु पर्ने वाध्यात्मक अवस्था, जसबाट अन्य निर्धारित कार्यमा आवश्यकतानुसारको जनशक्ति र पूर्वाधारको कमी हुने गरेको,

३८. सीमा सम्बन्धी आधिकारिक नक्सा नहुनुका साथै सीमा सुरक्षा कार्यालयहरूमा विभिन्न विद्युतीय उपकरणहरूसहितका निम्नानुसारका आवश्यक साधन स्रोतको कमी देखिएको,

| | |
|---|---|
| Metal Detector | CDMA Modem |
| Narcotic Drug Identification Kit | Scanner |
| X-Ray Machine | GPS |
| Walk Through Gate | Still and Video Digital Camera |
| Explosive Detector | Infra-Red Lamps |
| C.C.T.V. | Extension Mirror |

३९. स्केलका सामानहरू प्रत्येक वर्ष खरीद गर्न लाग्ने रकमको एक तिहाइ रकम मात्र वार्षिक रुपमा बजेट विनियोजन हुने गरेकाले नियममा उल्लेख भए अनुसार सामान उपलब्ध गराउन नसक्दा गुनासो व्यवस्थापन गर्न कठिन हुने गरेको,

४०. दंगा नियन्त्रणको क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल संयुक्त रूपमा परिचालन हुँदाको अवस्थामा एकै किसिमको साधनको प्रयोग गर्नुपर्ने वाध्यात्मक अवस्था रहेको हुँदा सेवा विशिष्टिकरणको आधारमा साधन उपलब्ध हुन नसकेको,

४१. समयानुकूल चुस्त, दुरूस्त फौजी नै देशका गहना हुने भएकाले सो अनुरूपको साँध र धार लगाई राख्नका लागि हरेक विकास क्षेत्रमा तालिम प्रशिक्षण प्रतिष्ठानको आवश्यकता देखिएको, विभिन्न तालिम, प्रशिक्षणका लागि समेत आवश्यक विष्फोटक पदार्थ र गोलिगट्ठाको अभावमा तालिम प्रशिक्षण समेत आवश्यकतानुसार सञ्चालनका लागि कठिनाई भएको,

४२. राज्यको महत्वपूर्ण सुरक्षा गर्नु पर्ने जिम्मेवारी सशस्त्र प्रहरी वलमा रहेको तर यस संगठनलाई आवश्यकतानुसारको अत्याधुनिक हात हतियारको कमी देखिएको,

४३. VIP, VVIP and Vital Installation जस्ता सुरक्षा सम्बन्धी कार्यमा सशस्त्र प्रहरीको भूमिका स्पष्ट र पारदर्शी नभएको,

४४. सशस्त्र प्रहरी वलमा प्राविधिक नियमावली नभएको कारणले प्राविधिक कर्मचारीहरुको सेवा, सुविधा र शर्तहरु कार्यान्ययनमा ल्याउन असहज भएको,

४५. अति विशिष्ट पदाधिकारी र महत्वपूर्ण स्थानको सुरक्षाका लागि सुरक्षा निकायको उपस्थिति ( सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) कहीं अत्यधिक हुने गरेको, कहीं हुँदै नहुने अवस्थाले समन्वय र सहकार्यमा बाधा परेको,

४६. राष्ट्रिय अनुसन्धान विभागमा सीमित स्रोत साधन तथा अर्धदक्ष जनशक्ति रहेको, कर्मचारीको व्यक्तिगत सुरक्षाको प्रश्न (खास गरी तराई क्षेत्रमा), देखिएको, कर्मचारीको उत्प्रेरणाको लागि अवसरको कमी रहेको, न्यूनतम पूर्वाधार (कार्यालय भवन, फर्निचर, सञ्चार उपकरण, सवारी साधन आदि), उपलब्ध नभएको, वृत्ति विकासका सीमित अवसरसहित अपर्याप्त कानूनी व्यवस्थाका साथै नीतिगत रुपमा गर्ने र हुने कामकारवाहीलाई समेत गोप्यता राख्ने गरेबाट कामकारवाहीमा असहज परिस्थिति पैदा भएको र

४७. सुरक्षा निकायहरुका लागि उपलब्ध गराइने पोशाक, जुत्ता र वर्षादी लगायतका बन्दोबस्तीका सामानहरुको गुणस्तरका सम्बन्धमा समय समयमा नकारात्मक टीकाटिप्पणी हुने गरेको र प्रचलनमा नरहेका हतियार साधनको प्रयोग गर्दै सुरक्षाकार्यमा खटिनु पर्दा सुरक्षाकर्मीहरुमा आत्मविश्वास एवं मनोबलमा कमी देखिएको,

**सुझाव :**

१. प्रहरी संगठनसँग सम्बन्धित मूलभूत विषयहरु नियमावलीमा नभै ऐनमा नै व्यवस्था गर्ने गरी प्रहरी ऐन २०१२ लाई तत्काल समयानुकूल सुधार गरी नयाँ ऐन तर्जुमा गर्नु पर्ने सम्बन्धमा समितिबाट पटक पटक दिइएको निर्देशन अनुरुपको कार्य हालसम्म पनि कार्यान्वयनमा आउन नसकेको देखिएकाले समिति ज्यादै गम्भीर बनी प्रहरीलाई अझै व्यवसायिक, चुस्त, सक्षम तुल्याउन, सो सेवामा हुने नियुक्ति र बढुवा लगायतका विभागीय कारवाहीलाई समेत पारदर्शी र निष्पक्ष तुल्याउन तत्काल प्रहरी सेवा आयोग गठन गर्ने गरी प्रहरी ऐन तर्जुमा हुन उपयुक्त हुने देखिन्छ । यस सम्बन्धमा तत्काल विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न, गराउन नेपाल सरकारलाई निर्देश गर्दछ ।

२. महानगरीय प्रहरी आयुक्तको कार्यालयलाई आवश्यकतानुसारको काम, कर्तव्य र अधिकारका लागि आवश्यक्तानुसारको कानूनी व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ ।

३. प्रहरी संगठन भित्रका प्रत्येक पद र जिम्मेवारी स्पष्ट रुपमा उल्लेख नभई प्रत्येक पदले आफ्नो जिम्मेवारी निर्वाह गर्न कठिन भै रहेको र काम, कर्तव्य र अधिकार एवं जिम्मेवारी विना नै विभिन्न पद सहितको दरवन्दी थपघट भै रहंदा राज्यले पुऱ्याउनु पर्ने सेवा सुविधामा एकरुपता हुन नसकेको, दायित्वमा अत्यधिक वृद्धि हुने गरेको देखिन्छ । तसर्थ प्रत्येक पदको स्पष्ट कार्य विवरण तयार गरी सो कार्य सम्पादन गर्न आवश्यक पर्ने जनशक्तिको आधारमा मात्र दरवन्दी थपघट गर्न मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

४. सुरक्षाकर्मीहरु जनताको मित्रको रुपमा रही कार्य सम्पादन गर्न आवश्यक पर्ने नीति र प्रशिक्षण लगायतका व्यवस्थाहरुको तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याई सामुदायिक अवधारणाका आधारमा प्रहरीहरुको परिचालनका लागि आवश्यक पर्ने नीति नियम तत्काल तर्जुमा गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

५. जुनियर प्रहरी अधिकृतहरुलाई आवश्यक प्रशिक्षण प्रदान गर्नका लागि प्रहरी महाविद्यालय (Junior Police Officer Training College) तत्काल स्थापना गर्ने सम्बन्धमा आवश्यक गृह कार्य गरी सोको योजना समिति र गृह मन्त्रालयमा तत्काल पेश गर्न प्रहरी महानिरीक्षकलाई निर्देश गरिन्छ ।

६. समस्याग्रस्त इलाकाहरुमा रहेका प्रहरी कार्यालयहरुको जनशक्ति र स्रोत साधन तत्काल आवश्यकता अनुसार पूर्ति गर्ने सम्बन्धमा आवश्यक कार्ययोजना र अनुमानित रकमसहितको विवरण तत्काल समिति, गृह मन्त्रालय र अर्थ मन्त्रालयमा पेश गर्न प्रहरी महानिरीक्षकलाई निर्देश गरिन्छ ।

७. मुलुकभरका प्रहरी इकाईहरुले आफूसँग सम्बन्धित स्थानको भौगोलिक अवस्था, बसोबास गर्ने समुदाय, जनसंख्या प्रत्येक घर धुरीको विस्तृत विवरण, के कति परिवार रहेको, भाडामा वस्ने र कामदारहरु समेत के कस्तो कार्यमा संलग्न रहेको लगायतका कुराहरु समेटिएको विवरण तयार गरी अभिलेख राख्ने व्यवस्था तत्काल मिलाउने र प्रत्येक वर्ष सो विवरणलाई अद्यावधिक गर्ने कार्यका लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशका लागि गृह मन्त्रालयलाई निर्देश गरिन्छ ।

८. विद्यमान विधि विज्ञान प्रयोगशालालाई आवश्यकता अनुसार साधनश्रोत सम्पन्न तुल्याउन क्षेत्रीयस्तरसम्म स्थापना गर्न आवश्यक पर्ने रकमको विवरण तत्काल गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पेश गर्न प्रहरी महानिरीक्षक र सो अनुरुपको रकम उपलव्ध गराउन अर्थ मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

९. द्वन्द्वकालमा क्षतिग्रस्त प्रहरी इकाईहरुको तत्काल मर्मत संभार तथा पुनर्स्थापना गर्न शान्ति मन्त्रालयबाट हाल १०० वटा प्रहरी इकाईहरुको लागि मात्र बजेट तर्जुमा भएकोमा शान्ति कोषसँग छलफल गरी सबै इकाइहरुलाई मानवोचित सुविधा सम्पन्नसहितको पुनर्स्थापना गर्ने कार्यका लागि गृह मन्त्रालयले उच्च प्राथमिकता दिन र शान्ति कोष सञ्चालक समितिले समेत यस विषयलाई उच्च प्राथमिकताका साथ रकम उपलव्ध गराउन समिति जोडदार सिफारिश गर्दछ ।

१०. प्रहरी कार्यालयका लागि आवश्यक पर्ने साधन स्रोत, जनशक्तिको अध्ययन विश्लेषण गरी तत्कालका लागि न्यूनतम रुपमा नभै नहुने साधन र जनशक्तिको खाका र अनुमानित रकमका सम्बन्धमा प्रहरी महानिरीक्षकले गृह कार्य गरी सम्बन्धित मन्त्रालयमार्फत समिति र

अर्थ मन्त्रालयलाई तत्काल उपलब्ध गराउने र सो बमोजिमको बजेट अर्थ मन्त्रालयले यथाशीघ्र उपलब्ध गराउन समिति सम्बन्धित पक्षलाई निर्देश गर्दछ ।

११. विशेष प्रकृतिका अपराधहरु Cyber Crime र आर्थिक अपराध अनुसन्धान सम्बन्धी कार्यमा संलग्न रहनु पर्ने जनशक्तिका लागि आवश्यकतानुसारको तालिम/प्रशिक्षणको व्यवस्था मिलाउने ।

१२. सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागमा समयानुकूल क्षमता अभिवृद्धि गर्न अनुसन्धान एवं विकास (Research and Development) को लागि छुट्टै महाशाखाको स्थापना गर्न सम्बन्धीत कार्यालयलाई निर्देश गर्दछ ।

१३. सुरक्षा निकायहरु संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा संलग्न रहने कार्यका लागि आवश्यक पर्ने बन्दोवस्तीका सामान, जनशक्ति र अन्य आवश्यक उपकरणको जगेडा व्यवस्थापनसहित आवश्यक प्रशिक्षणका लागि आवश्यक पर्ने रकम व्यवस्थापनमा सरकारले उच्च प्राथमिकता दिई यु.एन.को अनुरोधमा तत्काल आवश्यक फौज उपलब्ध गराउन सक्ने गरी सदैव चुस्त, दुरुस्त र उच्च सतर्कताको अवस्थामा राख्न नेपाल सरकार मन्त्रिपरिषद्ले उच्च प्राथमिकताका साथ कार्य गर्न समिति निर्देश गर्दछ ।

१४. संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनार्थ मिशनमा FPU पठाउंदा नेपाल सरकारबाट सम्पूर्ण साधन श्रोत खरीद गरी सोको सोधभर्ना सिधै सरकारले प्राप्त गर्ने गरी आवश्यक नीति नियम तर्जुमा गर्न मन्त्रिपरिषद्लाई निर्देश गर्दछ ।

१५. शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा वर्तमान ऐन नियमले प्रहरीलाई सुम्पिएको प्रमुख दायित्वहरु मध्ये अपराध अनुसन्धान पनि एक रहेको छ । अनुसन्धानको लागि आवश्यक पर्ने सूचना श्रोत संयन्त्र वा उपकरणहरुको लागि विशेष लगानी गर्नु पर्ने आवश्यकता रहेको छ । खुला सिमाना, अन्तराष्ट्रिय आतंकबाद, लागू औषध संजाल जस्ता आपराधिक नेटवर्कलाई ध्वस्त पार्न सोही बमोजिमको प्रहरी सूचना संयन्त्रमा पर्याप्त लगानी गर्नु पर्ने तर्फ सरकारको ध्यानाकर्षण गर्दछ ।

१६. सार्वजनिक सेवा प्रदाय गर्ने इकाई र प्रहरी बीच सुरक्षा सवालमा प्रभावकारी संयन्त्र निर्माण गरी समन्वयात्मक रुपमा कार्य गर्न प्रहरी महानिरीक्षकले तत्काल आवश्यक गृहकार्य गरी सम्बन्धित  निकायसँग छलफल गरी कार्यान्वयनमा ल्याउन प्रहरी महानिरीक्षकलाई निर्देश गरिन्छ ।

१७. जनसंख्या वृद्धिदर, आर्थिक वृद्धिदर, जनस्तरको चेतनाको अवस्था, सूचना प्रविधिको विकास आदिका आधारमा नेपाल प्रहरीको सुदृढीकरण गर्ने सम्बन्धमा विगतमा गठन भएका आयोग, समितिबाट प्राप्त प्रतिवेदनका सुझावहरुलाई कार्यान्वयनमा ल्याउन गृह मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्य गर्न ध्यानाकर्षण गर्दछ ।

१८. मानव अधिकार संरक्षणको लागि न्यूनतम बल प्रयोगको सिद्धान्तलाई प्रभावकारी बनाउन यथेष्ट Non-Lethal Weapon, Water Cannon (पानीको फोहोरा) Tear Gas Vehicles हरु उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

१९. प्रहरी कल्याण कोषलाई व्यवस्थित र प्रभावकारी बनाउन कोषको प्रारम्भदेखि हालसम्म को कोबाट के कति रकम, कुन कुन प्रयोजन बापत संकलन गरियो, कोषको रकम के कस्तो कार्यमा हाल सम्म के कति खर्च गरियो, लगानी कहाँ के के मा गरिएको हो, हाल मौज्दात रकम के, कसरी कुन, कुन संस्थामा कहिलेदेखि जम्मा गरिएको छ सो सम्बन्धी विस्तृत विवरण र पछिल्लो लेखापरीक्षण प्रतिवेदन समितिलाई उपलब्ध गराउन प्रहरी महानिरीक्षकलाई निर्देश गर्दछ ।

२०. द्वन्दकालमा आवश्यकता र औचित्यको आधारमा सुरक्षा निकाय (प्रहरी इकाई, विट, गुल्म, गण) लाई साँघुरो घेरामा सीमिति गर्नु स्वभाविकै थियो । तर हाल आएर पनि सो कार्यको पुर्नसंरचना हुन नसक्नु दु:खदायी कुरा हो । अत: सुरक्षा निकायको तत्काल पुनर्संरचना गरी आवश्यकता र औचित्यको आधारमा सुरक्षा घेरालाई फराकिलो, सक्षम, चुस्त र प्रभावी तुल्याउन आवश्यक पर्ने नीति र रणनीति तत्काल कार्यान्वियनमा ल्याउन मा. गृहमन्त्रीसहित सम्बन्धित निकायहरुलाई निर्देश गर्दछ ।

२१. विद्यमान मर्यादाक्रमलाई बदलिंदो समय र परिस्थिति अनुरुप तत्काल परिमार्जन गर्न वा नयाँ तर्जुमा गरी कार्यान्वयनमा ल्याउन गृह मन्त्रालयको ध्यानाकर्षण गर्दछ ।

२२. स्थानीय प्रशासनका कामकारवाहीलाई अझ प्रभावी र सक्षम र लोककल्याणका लागि अभिप्रेरित हुने गरी सञ्चालन गर्न आवश्यक नीति नियमको तर्जुमा तत्काल गर्नु पर्ने देखिन्छ ।

२३. नागरिकताका सम्बन्धमा देखिएका समस्या समाधानका लागि गृह मन्त्रालयले उच्च प्राथमिकता दिनु पर्ने देखिन्छ । आमाको नामबाट वा तेस्रो लिंगिहरुले नागरिकता नपाएको भन्ने गुनासाहरु व्याप्त रहेकाले विद्यमान अवस्थामा सम्मानीत अदालतबाट भएको आदेश अनुरुप समेत समस्या समाधानमा मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

२४. नेपालीका नाममा गैर नेपालीहरुले नागरिकता र राहदानी प्राप्त गर्ने गरेको, असम्बन्धित व्यक्तिहरुले राहदानीको दुरुपयोग गर्ने गरेको, यस्ता कार्यमा सम्बन्धित निकाय र पदाधिकारीहरुको समेत संलग्नता रहने गरेकोले मन्त्रालयले सोको समाधानका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

२५. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रणमा मन्त्रालय र अन्तर्गतका निकायहरुको यदाकदा सक्रियता देखिए तापनि आवश्यक मात्रामा सक्रियता र सजगता अपनाउन मन्त्रालयले अझै ध्यान दिनु पर्ने देखिन्छ ।

२६. दैवीप्रकोप व्यवस्थापनका सम्बन्धमा समय समयमा कामकारवाहीहरु हुने गरे तापनि पूर्व रोकथाम र सावधानिका सम्बन्धमा सचेतना जगाउने कार्य आवश्यकतानुसार नभएको, राहत उपलब्ध हुन समय लाग्ने गरेको जस्ता विषयमा अग्राधिकार दिई कार्य सम्पन्न गर्न मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

२७. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदिका सम्बन्धमा मन्त्रालय र सरकारले लिएको नीतिको तत्काल अध्ययन विश्लेषण गरी अनावश्यक रुपमा रहेका बिदाहरुको कटौति गर्दै निश्चित रुपमा एकमुष्ट सार्वजनिक बिदा दिने र धार्मिक समुदायसहित अन्य आवश्यक व्यक्तिहरुले सोही बिदालाई प्रयोग गर्ने नीति कार्यान्वयनमा ल्याउनु उपयुक्त हुने देखिन्छ ।

२८. विभिन्न राष्ट्रिय पर्व, उत्सव, उर्दी लगायतका समारोहहरुका लागि आवश्यक पर्ने औपचारिक पोशाक के हुने भन्ने सन्दर्भमा समेत आवश्यक गृहकार्य गरी तत्काल कार्यान्वयनमा ल्याउन उपयुक्त हुने देखिन्छ । यसै सन्दर्भमा राष्ट्रिय दिवस कुन दिन हो भन्ने सम्बन्धमा देखापरेको अन्यौलताको तत्काल अन्त्य गर्न र राष्ट्रिय पोसाकको निर्धारणका लागि यस मन्त्रालयले उच्च प्राथमिकता दिई तत्काल आवश्यक नीति नियमको तर्जुमा गर्न मा.मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

२९. सजायको माफी, मिनाहा, परिवर्तन तथा कम गर्ने विषयका सम्बन्धमा विभिन्न आपराधिक कृयाकलापमा संलग्न अपराधीहरुलाई समेत विभिन्न दल वा राजनैतिक व्यक्तिहरुको दवावमा सरकारबाट मुद्दा फिर्ता लिने गरेको कार्य उपयुक्त देखिएन । तसर्थ आवश्यक गृहकार्य गरी

व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सबै दलको सहमतिमा मात्र यस्तो कार्य गर्न गराउन मा.मन्त्रीलाई निर्देश गरिन्छ ।

३०. राज्यले दिने विभुषण, मानपदबीहरुको घोषणा गर्दा सिफारिश समितिको विद्यमान संरचना परिवर्तन गरी भुतपूर्व, स्वच्छ, अनुभवी र योग्य कर्मचारी र नागरिक समाजको समेत प्रतिनिधित्व रहने गरी सम्बन्धित ऐन, कानूनको पुनरावलोकन गर्नु पर्ने देखिन्छ ।

३१. आगलागीको उद्धारका लागि आवश्यक पर्ने वारुणयन्त्रको अवस्था ज्यादै नाजुक देखिएको छ । आवश्यक मात्रामा वारुणयन्त्रको अभाव, भएका पनि ज्यादै जीर्ण भई काममा प्रयोगमा आउन नसक्ने, वारुणयन्त्र सम्बन्धी कार्यमा संलग्न जनशक्तिका लागि आवश्यक प्रशिक्षण र सुविधाको अभाव जस्ता कारणले गर्दा यस्को उचित र सही व्यवस्थापन हुन सकेको देखिँदैन । अतः अति जोखिम अवस्थाको समेत न्यूनिकरण हुन सक्ने गरी आवश्यक संख्यामा वारुणयन्त्रको व्यवस्था गर्दै घना बस्ती भएका सहर र अब निर्माण हुने बस्तीहरुका लागि समेत उपयोगमा आउन सक्ने गरी बाटो घाटो लगायतको व्यवस्थामा गृह मन्त्रालयको उच्चतम ध्यान जानु पर्ने देखिन्छ ।

३२. लागू औषध नियन्त्रणका सम्बन्धमा प्रहरी प्रशासनलाई अझै चुस्त र प्रभावी तुल्याउन आवश्यक निर्देशनसहित काम अनुरुपको दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्दछ,

३३. अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासनका सम्बन्धमा बारम्वार विविध समस्याहरु झेलिरहेको प्रशस्त उदाहरण रहेकाले मित्रराष्ट्रसँग उच्चस्तरमा वार्ता गरी यस्ता समस्याको दीर्घकालीन समाधान खोज्नु पर्ने हुन्छ । सीमा नजिकका सुरक्षाकर्मीहरुको निर्वाध मुलुकभित्र प्रवेश गरी अनेकौं ज्यादती गर्ने गरेका समाचारहरु बारम्बार सुन्नमा आउने गरेका छन् । यसतर्फ स्थानीय प्रशासनलाई चनाखो र सतर्क राख्न गृह मन्त्रालयले उच्च प्राथमिकताका साथ आवश्यक कार्य गर्नु पर्ने हुन्छ ।

३४. बहुभाषिक, बहुधार्मिक जनताका बीच भएको आपसी सद्भाव, भाइचारा, समन्वय र सहकार्यमा हाल विविध कारणले गर्दा कमी, कमजोरी देखिएको, आपसी वैमनस्ताले कतै प्रश्रय पाउन लागेको त हैन ? भन्ने जस्ता आशंकाहरुले गम्भीररुप लिई रहेकोले यसतर्फ सजग र सचेत रही आपसी सद्भाव र सदाचार, समन्वय र सहकार्यमा उच्च वृद्धि हुने गरी नीति नियम र काम कारवाही अगाडि बढाउन गृह मन्त्रालयले ध्यान दिनु पर्ने देखिन्छ ।

३५. सेवा विशिष्टिकरणको आधारमा Riot Control Gear, Riot Control Vehicle, Water Canon Vehicle, Tear Gas Gun, Multi Tear Gas Launcher जस्ता Equipment हरू तत्काल उपलब्ध गराउन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयबाट निकासा लिनका गृह मन्त्रालयले आवश्यक पहल गर्नु समिति ध्यानाकर्षण गर्दछ ।

३६. सुरक्षाकर्मीहरुलाई वदलिंदो परिस्थिति र परिवेश एवं चुनौतिसँग सामना गर्न आवश्यक पर्ने पूर्वाधारहरु योग्यता, तालिम लगायतका विषयलाई परिमार्जन गर्नु पर्ने देखिन्छ ।

३७. सुरक्षाकर्मीहरु लामो समयसम्म घर परिवारसँग छुट्टिएर बस्नु पर्ने अवस्थाको अन्त्यका लागि कार्यरत स्थानमा परिवारसँग बस्न सक्ने सुविधासहितको वातावरण श्रृजना गर्न पर्ने देखिन्छ । आलो पालो गरेरै भए पनि आफ्नो घर परिवारसँग बस्ने सक्ने परिस्थिति बनाइदिनका लागि मा.मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

३८. सुरक्षाकर्मीहरुलाई म देश र जनताको सेवक हुँ र सोही अनुरुप आत्मसम्मानपूर्वक काममा खटेको छु भन्ने भावनाका साथ कर्मक्षेत्रमा उत्रने वातावरण निर्माणका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गर्दछ ।

३९. सीमा सुरक्षा कार्यालयले सीमा सुरक्षाको अतिरिक्त हाल देखापरेको राजमार्गमा लुटपाट, डकैती, बन्द आदि लगायत जिल्लाको शान्ति सुरक्षा कायम राख्ने कार्यहरूमा स्थानीय प्रहरीलाई सहयोग गर्नु पर्ने हुँदा मौजुदा जनशक्तिमा आवश्यकतानुसारको जनशक्ति तत्काल थप गर्न र निम्न सामग्रीहरू खरीदका लागि आवश्यक पर्ने निर्णय र रकम व्यवस्थापनमा गृह मन्त्रालय र अर्थ मन्त्रालयले उच्च प्राथमिकता दिई आवश्यक निर्णय गरी सोको जानकारी समितिलाई उपलब्ध गराउन मा. मन्त्रीलाई निर्देश गरिन्छ ।

| | |
|---|---|
| Metal Detector | CDMA Modem |
| Narcotic Drug Identification Kit | Scanner |
| X-Ray Machine | GPS |
| Walk Through Gate | Still and Video Digital Camera |
| Explosive Detector | Infra-Red Lamps |
| C.C.T.V. | Extension Mirror |

४०. आवश्यकतानुसारको प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्न गृह मन्त्रालयले उच्च प्राथमिकताका साथ भौतिक पूर्वाधारको व्यवस्थापन गर्न आवश्यक पर्ने रकमको व्यवस्थापन गर्न मा.मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

४१. सुरक्षा निकायका जनशक्तिहरुलाई व्यवस्थापिका-संसद सम्बन्धी आवश्यक जानकारी दिलाउन सुरक्षा निकायहरूले सञ्चालन गर्ने तालिम लगायत प्रशिक्षण, गोष्ठी जस्ता कार्यक्रममा संसदीय कामकारवाही सम्बन्धी विषयको समेत अध्यापन गराउने व्यवस्थाको लागि गृह मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

४२. खुलामा राख्न आवश्यक ठानिएका बाहेकका जनशक्तिलाई शक्ति रूपमा आवरणमा सञ्चालन गर्ने प्रक्रिया अवलम्वन गरी संगठनलाई Agent & Cover Based Organization मा रूपान्तरण गर्दै लैजान सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ ।

४३. वैज्ञानिक भर्ना प्रणाली अवलम्बन गर्ने र खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने प्रक्रियालाई निरन्तरता दिदै भर्ना प्रक्रियालाई अझ निश्पक्ष र पारदर्शी तुल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ ।

४४. कर्मचारीको मनोबल वृद्धि गर्ने स्कीमहरूको अध्ययन गरी पहिचानका लागि कार्यदल गठन गरी तत्काल कार्य प्रारम्भ गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ ।

४५. लक्षित क्षेत्रमा कार्य गर्न थप जनशक्ति उपलब्ध हुनु पर्ने (स्थानीय निकायसम्म पहुँच बिस्तार, संगठित अपराधका क्षेत्र समेतका लागि) देखिएकाले सो सम्बन्धमा आवश्यक गृहकार्यका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

४६. सुरक्षा निकायहरुका लागि आवश्यक भई माग गरिएको बजेट अर्थ मन्त्रालयले तत्काल निकासा दिने व्यवस्था नीतिगत रुपमा कार्यान्वयनमा लैजान उपयुक्त हुने देखिएकाले सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ ।

४७. सूचना संकलनको मानवीय स्रोत र माध्यमभन्दामाथि उठेर Technical Intelligency को क्षेत्रमा पनि प्रवेश गर्न आवश्यक गृहकार्य गरी सोको लागि लाग्ने रकम र नीतिगत निर्णयका लागि मा. मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

४८. Counter Intelligence र Organized Crimes Crontrol सम्बन्धी जिम्मेवारी संरचनागत रूपमा नै दिने गरी आवश्यक नीतिगत व्यवस्था गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

४९. निश्चित गरिएको २०% इन्टेलिजेन्स भत्ता बढेको तलबसँग पूर्ववत् ढंगले उपलब्ध गराउन अर्थ मन्त्रालय र गृह मन्त्रालयले आवश्यक निर्णय गर्न मा. मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

५०. राष्ट्रिय अनुसन्धान विभागलाई प्रभावकारी बनाउन विभागले सम्पादन गरेका कामको बारेमा (गोप्यतामा असर नपर्ने गरी) जनतालाई सुसूचित गर्ने सम्बन्धी कानूनी व्यवस्था हुन गृह मन्त्रालयले आवश्यक निर्णय गर्नु पर्ने देखिन्छ ।

५१. विभागको सेवा सम्बन्धी ऐन, नियमलाई दुई खण्डमा विभाजन गरी आर्थिक र प्रशासनिक पक्षलाई प्रकाशन गर्ने र इन्टलिजेन्स अभियान (Operation) सम्बन्धी काम मात्र गोप्य राख्ने कानूनी व्यवस्था हुनका लागि गृह मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्य गर्नु पर्ने देखिन्छ ।

५२. विभागलाई व्यवसायिक बनाई सम्पूर्ण सुरक्षा निकायहरुलाई आवश्यक सूचना उपलब्ध गराउन तथा यसको कामको दायरालाई फराकिलो बनाई सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत यस विभागलाई राख्नुपर्ने ।

५३. शहरी क्षेत्रमा देखिएको ट्राफिक व्यवस्थापनको जटिलतालाई समाधान गर्नका लागि राज्यका विभिन्न निकायहरु बीच समन्वयात्मक प्रयास आवश्यक छ । सडक चौडा गर्ने, सुधार गर्ने, बसपार्क, ट्राफिक लाइट, जेब्रा क्रस, बस स्टप, ओभर हेड पुल, सडक पेटीको सुधार, यात्रु प्रतिक्षालय, ढल, पानी, टेलिफोन, बिजुली तार जस्ता कार्य बिस्तार गर्दा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

५४. शान्ति सुरक्षामा संलग्न निकायहरुको कार्यशैली समुदायमा आधारित (Community Based) सहित पारदर्शिता र विधिको शासन अनुरुप सञ्चालन गर्न गराउन मन्त्रालयले अग्रणी भूमिका निर्वाह गर्नु पर्ने आवश्यकता देखिएको छ ।

५५. देशमा आन्तरिक सुरक्षा कायम गर्न संलग्न प्रहरी जनशक्तिहरुलाई आवश्यतानुसारको तालिम वा क्षमता विकास कार्यक्रम सञ्चालन गर्न मन्त्रालयको ध्यान जानु पर्ने देखिन्छ । यसका लागि (Trainning for All) सबैलाई तालिमको नीति अवलम्बन गर्नु जरुरी छ ।

५६. अपराध अनुसन्धान तथा नियन्त्रणको लागि अभिलेख राख्ने अभिलेख अद्यावधिक गर्ने र अद्यावधिक अभिलेख र प्राप्त सूचनाको विश्लेषण र आवश्यकतानुसार सम्बन्धित निकायलाई यथासमयमा नै संप्रेषण गरी अपराधको नियन्त्रण समयमै गर्न मन्त्रालयको ध्यानाकर्षण गरिन्छ ।

५७. सुरक्षा अंगहरु बीच राज्यले उपलब्ध गराउने राशन सुविधामा एकरुपता देखिंदैन । समितिमा राशन गुणस्तरयुक्त नभएका गुनासाहरु प्राप्त हुने गरेका छन् । यस्ता समस्याको समाधानका लागि व्यारेकमा नै रहने सुरक्षाकर्मीको लागि गुणस्तर युक्त राशनको व्यवस्था र सो बाहेक अन्य सुरक्षाकर्मीका लागि राशन बापतको रकम नै उपलब्ध गराउन उपयुक्त हुने देखिन्छ ।

५८. सुरक्षा निकायमा बढदो राजनैतिक हस्तक्षेपका कारण शान्ति सुरक्षा, अपराध नियन्त्रण र रोकथाम जस्ता महत्वपूर्ण काम ओझेलमा पर्दै गएको देखिन्छ । यस निकायमा राजनैतिक हस्तक्षेपले गर्दा अनुशासनको कमी, जिम्मेवारीप्रति लापरवाही साथै कार्य सम्पादनमा ह्रास आएको छ । तसर्थ सुरक्षा निकायलाई राजनैतिक हस्तक्षेपबाट मुक्त राख्न राजनैतिक दलहरुको चाहना जरुरी देखिन्छ ।

५९. सुरक्षा निकायमा पदस्थापन, सरुवा, बढुवा, तालिम, पुरस्कार, दण्ड जस्ता मानव संसाधनसँग सम्बन्धित प्रक्रियालाई पारदर्शी बनाउन विद्यमान ऐन नियममा परिमार्जनका लागि गृह मन्त्रालयलाई ध्यानाकर्षण गराइन्छ ।

६०. सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई समानान्तर रुपमा परिचालन गर्दा सशस्त्र प्रहरी बल नेपाल प्रहरीकै मौज्दात फौजको रुपमा देखिने गरेको र काममा समेत दोहोरोपन देखिएकाले

यस सम्बन्धमा आवश्यक गृहकार्य गरी काम, कर्तव्य र अधिकारको स्पष्ट रेखांङ्कन गर्न गृह मन्त्रालयलाई निर्देश गरिन्छ । यसै क्रममा नेपाल प्रहरीमा रहेको सशस्त्र प्रहरी र छुट्टै संगठनको रुपमा रहेको सशस्त्र प्रहरीको नामाकरणदेखि गर्नु पर्ने कामकारवाहीमा समेत असहजता उत्पन्न भएको देखिन्छ। यस सम्बन्धमा समेत मन्त्रालयले स्पष्ट दिशा निर्देश गर्नु पर्ने देखिन्छ ।

६१. सुरक्षा निकायका प्रमुखप्रति सम्पूर्ण कर्मचारी पूर्ण वफादार र उत्तरदायी हुनु पर्ने गरी ऐन नियमको तर्जुमा हुनु पर्ने देखिन्छ। यस प्रसंगमा सरुवा र बढुवामा समेत प्रमुखको अधिकार र उत्तरदायित्व सुम्पने गरी कामकारवाहीहरु अगाडि बढाउनु उपयुक्त हुने देखिन्छ ।

६२. सुरक्षा अंग र विगतमा द्वन्द्वरत पक्ष बीचको मनोवैज्ञानिक टाढापनको अन्त हुनुपर्दछ। यसका लागि सोचाईर गराइमा सकारात्मक परिवर्तनको खाँचो छ।

६३. Counter Intelligence का रुपमा अलग्गै अनुसन्धान निकाय स्थापना गरी सो निकायलाई सरकार प्रमुखको मातहतमा राख्न उपयुक्त हुने देखिन्छ ।

६४. बहालवाला तथा भूतपूर्व विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीहरुलाई घरेलु कामदारको रुपमा काम गराउने पदाधिकारी वा व्यक्तिलाई कानूनी कारवाही गर्न सक्ने कानूनको तर्जुमा गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरिन्छ ।

६५. प्रहरी कर्मचारीहरुलाई १८० दिनभन्दा बढी सञ्चित घर बिदाको रकम विगतमा उपलब्ध गराउने गरिएकोमा हाल सञ्चित घर बिदा बापतको रकम निजहरुलाई प्रदान गर्ने नगरिएकोले सो बिदा बापतको रकम प्रदान गर्ने व्यवस्था गर्न गृह मन्त्रालयले आवश्यक पहल गर्नु पर्ने।

६६. राज्यको पुनर्संरचना संग सगै यस मन्त्रालय र सो अन्तर्गतका निकायहरुको भावी संगठन संरचना सम्बन्धमा मन्त्रालयले गृहकार्य गर्नु पर्ने ।

**निष्कर्ष :**

आमजनतासँग सम्बन्ध राख्ने कृयाकलापहरुमा प्रत्यक्ष संलग्न रहनु पर्ने मन्त्रालय र अन्तर्गतका निकायहरुलाई अझ चुस्त, सक्षम र प्रभावी तुल्याउनु पर्ने देखिन्छ । अतः समितिबाट प्रस्तावित सुझावलाई शीघ्रातिशीघ्र कार्यान्वयनमा ल्याई बदलिंदो परिवेश अनुरुप सञ्चालन गर्न सम्बन्धित सबैले पहल गर्नु आवश्यक छ ।

## सामान्य प्रशासन मन्त्रालय

जनताका अपेक्षाहरुलाई सरकारसम्म र सरकारका निर्णयहरुलाई जनतासम्म पुऱ्याउने माध्यमका रुपमा रहेका निजामती कर्मचारीहरुको व्यवस्थापन गर्ने जिम्मेवारी मुलतः सामान्य प्रशासन मन्त्रालयको हो । प्रचलित ऐन नियमबमोजिम जनता र सरकारका बीच निजामती कर्मचारीले सेतुको काम गर्नु पर्ने हुन्छ । निजामती सेवाको सक्षमता, प्रभावकारिता र जवाफदेहितामा सरकारको सफलता र मुलुकको समुन्नति निर्भर रहन्छ । त्यसैले निजामती सेवालाई सेवाग्राहीमुखी, व्यवसायिक, जवाफदेही र उत्तरदायी बनाउन यस मन्त्रालयको प्रमुख जिम्मेवारी रहेको छ । निजामती सेवालाई सक्षम र तटस्थ तुल्याउन अभिभावकत्व ग्रहण गर्नु पर्ने निकायको रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयको महत्व निजामती सेवाभित्र गहन रहेको छ ।

जननिर्वाचित राजनैतिक नेतृत्वले जनमतको प्रतिनिधित्व गरेको हुन्छ । जनताको इच्छा आकांक्षालाई मध्य नजर राखी सरकारको रुपमा सार्वजनिक नीति निर्माण गरी सो नीतिको कार्यान्वयन सरकारी सेवामा रहेका प्रशासन संयन्त्रबाट हुन्छ । सरकारको सफलता एवं असफलता कर्मचारीहरुको कार्य कुशलतामा निर्भर रहेको हुन्छ । सार्वजनिक नीति कार्यान्वयन गर्न सरकारी सेवामा संलग्न भएका पदाधिकारीहरुको सांगठनिक क्रियाकलाप नै निजामती सेवा हो ।

देशको प्रशासन सञ्चालन गर्न निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्तहरु तथा निजामती कर्मचारीको व्यवस्थापन र सञ्चालन, शासन संयन्त्रलाई जनताको सेवा, सुविधा र कल्याणमा अधिकतम उपयोग गर्न एवं निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक, पारदर्शी, प्रतिष्पर्धी एवं उत्तरदायी बनाउन सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय निकायको रुपमा समेत कार्य गर्नु पर्ने उत्तरदायित्व तोकिएको छ ।

जनशक्ति योजना तर्जुमा गर्ने, योग्यता प्रणालीको सुनिश्चितता गर्ने, निजामती कर्मचारी सम्बन्धी नीति तर्जुमा गर्ने, कर्मचारीहरुको अभिलेख व्यवस्थापन गर्ने, कार्यसम्पादन मापदण्ड र मूल्याङ्कन तयार गर्ने, तलब प्रशासन सञ्चालन गर्ने, जनशक्ति विकास गर्ने, कर्मचारी संगठन र औद्योगिक सम्बन्ध सम्बन्धी काम गर्ने, लगायतका विविध निजामती प्रशासन सम्बन्धी कामहरु सामान्य प्रशासन मन्त्रालयमा रहेको छ।

**सामान्य प्रशासन मन्त्रालयले गर्ने महत्वपूर्ण विषयसहितका कार्यहरु :**

- ❖ निजामती कर्मचारी प्रशासन, व्यवस्थापन तथा अभिलेख सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- ❖ बढुवा समितिको सचिवालय,
- ❖ सेवा, समूह, उपसमूह परिवर्तन,
- ❖ निजामती सेवाका पदको लागि न्यूनतम शैक्षिक योग्यता निर्धारण गर्न परामर्श दिने,
- ❖ प्रशासन सुधार,
- ❖ प्रशासन विषयक अन्तर्राष्ट्रिय संघ-संस्था र सम्मेलन,
- ❖ नेपाल सरकारको तालिम सम्बन्धी नीति र सर्वेक्षण,
- ❖ नेपाल सरकारद्वारा चलाइएका विभिन्न प्रशासनिक तालिम कार्यक्रमहरुको समन्वय र मूल्याङ्कन,
- ❖ प्रशासन सेवा सम्बन्धी देशभित्रका र बाहिरका तालिम, योजना र कार्यक्रममा स्वीकृति,

- प्रशासन विषयक तालिमको सञ्चालन र निजामती कर्मचारीलाई प्रदान गरिने विभिन्न तालिम कार्यक्रमको समन्वय र मूल्याङ्कन,
- तलब र अन्य सुविधा विषयक नीति र सिद्धान्तमा परामर्श दिने,
- लोक सेवा आयोग,
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
- निजामती अस्पताल,
- निजामती कर्मचारीलाई एक मन्त्रालय वा अन्तर्गतबाट अर्को मन्त्रालय वा अन्तर्गत सरुवा,
- निजामती सेवामा रहने पदहरुको दरबन्दी सृजना,
- निजामती सेवा अन्तर्गतका विभिन्न सेवाहरुको बीच समन्वय,
- व्यवस्थापकीय परीक्षण,
- कर्मचारी सम्बद्ध संघ, संस्था,
- निजामती किताबखाना,
- निजामती कर्मचारीको कल्याण,
- नेपाल प्रशासन सेवा तथा नेपाल विविध सेवाका विभिन्न समूह, उपसमूहको सेवा सञ्चालन ।

**निर्णयहरुको संक्षिप्त विवरण :**

- निजामती सेवाभित्रको व्यवस्थापकीय कृयाकलापहरूमध्ये (सरूवा, बढुवा र पदस्थापना आदि) मा अत्याधिक राजनैतिक हस्तक्षेप र आस्थाका आधारमा राजनैतिक संरक्षणसहित विभिन्न क्रियाकलाप हुने गरेको भन्ने आम चर्चा रहेको पाइन्छ । जसबाट कर्मचारी वर्गमा नैराश्यता, कामप्रतिको उदासिनता र सेवा प्रवाहमा समेत उत्साहजनक सहभागिता रहेको पाइदैन । तसर्थ राजनैतिक र प्रशासनिक क्षेत्रले सम्पादन गर्नु पर्ने क्रियाकलापहरूमा "मेरो हैन, राम्रो र विधिको शासन" अनुरूप मात्र कार्य हुनेछ भनी आम कर्मचारीहरूलाई विश्वास दिलाई कर्मचारीहरूलाई जनताका सेवक र मित्रका रूपमा सुपरिचित तुल्याउन आवश्यक पर्ने नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- सामान्य प्रशासन मन्त्रालय वर्तमान अवस्थामा कर्मचारीहरूको सरूवा र वढुवामा मात्र वढी केन्द्रित रही प्रशासनको नयाँ आयाम र समय सान्दर्भिक सञ्चालन गर्ने नीति, योजना र कार्यक्रम तर्जुमा गर्न, जनशक्तिलाई आवश्यक पर्ने प्रशिक्षण नयां, नयाँ प्रविधि र भौतिक पूर्वाधार जुटाउने कार्यमा आवश्यकतानुसारको चुस्त र दुरूस्त रहेको पाइएन, यसर्थ भविष्यमा सरूवा वढुवामा भन्दा विद्यमान वदलिंदो परिस्थितिमा प्रशासनयन्त्रलाई पूर्ण प्रजातान्त्रिक, समावेशी स्वरूपमा पुनर्संरचना गर्न र प्रशासनयन्त्रलाई अझै क्रियाशील, सुदृढ एवं प्रभावकारी तुल्याउन आवश्यक पर्ने रणनीति र कार्यनीति तत्काल तर्जुमा गर्ने,
- निजामती सेवा ऐनको दफा ६क. मा सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्दा कार्यक्रम, कार्यवोझ, कार्यप्रकृति र सोको औचित्यसहित उपलव्ध मानव स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमतिमा गर्नु पर्ने प्रावधान रहेको देखिन्छ । तर वर्तमान अवस्थामा नयाँ संगठनको स्थापना, विशिष्ट श्रेणीको दरबन्दीको सिर्जना जस्ता कार्यहरूमा ऐन, नियमको त्यस्ता प्रावधानहरू पालना भएको देखिएन । तसर्थ भविष्यमा विशिष्ट श्रेणी

लगायतका कुनै पनि नयाँ दरबन्दी सिर्जना गर्दा वा कुनै पनि कार्यालयको स्थापना गर्दा ऐनका प्रावधानहरूको पूर्ण पालना गरेर मात्र कार्यान्वयनमा ल्याउने,

- सफल, विश्वासिलो र जनताको आस्थाको केन्द्रविन्दुका रूपमा जनताका माझमा रहन चाहने सरकारले मुलुकको शासन व्यवस्था सञ्चालनार्थ अत्यावश्यक औजारको रूपमा जनप्रतिनिधिमूलक संस्था मार्फत तर्जुमा गरिएका ऐन, नियमहरूको यथासमयमा नै पूर्ण कार्यान्वयन गरी प्रजातान्त्रिक, उत्तरदायी र जवाफदेहीपूर्ण सरकार मुलुकमा विद्यमान रहेको सन्देश दिदै विधिको शासन अनुरूप राज्य सञ्चालन गर्न सक्नु पर्दछ । अन्यथा सरकारप्रतिको विश्वास र भरोसामा नै आशंका पैदा हुन सक्ने कुरा निर्विवाद सत्य हो । तर विगतका कतिपय सन्दर्भमा यसो हुन सकेको पाइएन । उदाहरणका लागि निजामती सेवा ऐनको दफा २७ अनुरूपको कामकारवाही सरकारले यथासमयमै सम्पन्न गरी सो अनुरूपको निर्णय गर्न सकेको भए कर्मचारी संघ, संगठन जस्ता निकायहरूबाट विगतमा गरिएका विरोध लगायतका कार्यक्रम सञ्चालन गर्नु पर्ने परिस्थितिको अन्त्य हुनुका साथै वर्तमान अवस्थामा कर्मचारी र सरकारप्रति आमजनतामा नकारात्मक धारणा पैदा हुने परिस्थितिको समेत सिर्जना हुने अवस्था नै आउने थिएन । अतः कुनै पनि विषयमा ऐन नियममा किटान गरिएका प्रावधानहरूलाई भविष्यमा यथासमयमै कृयाशील तुल्याई निर्णयमा पुग्ने,

- सामान्य प्रशासन मन्त्रालयले गर्ने कार्यमध्ये व्यवस्थापन परीक्षण, ऐन, नियम अनुरूप सरकारी संयन्त्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने एक महत्वपूर्ण कार्य हो । महालेखा परीक्षकबाट हुने वित्तीय परीक्षण जस्तै सरकारी संस्थामा प्रशासनिक परीक्षण गर्ने कार्य सम्पन्न गरी व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन नेपाल सरकारसँग पेश गर्नु पर्ने ऐनको बाध्यकारी प्रावधानलाई अझै जीवन्त र क्रियाशील तुल्याई जनप्रतिनिधिमूलक संस्थाबाट समेत त्यस्ता क्रियाकलापप्रति आवश्यक निगरानी गर्न, सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही तुल्याउन सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारलाई पेश गर्ने व्यवस्थापन परीक्षणको प्रतिवेदनकोप्रति यस समितिमा समेत उपलब्ध गराउने ।

- निजामती सेवाभित्र सरुवा र पदस्थापनाका विषयमा देखिएका समस्याहरुको समाधानका लागि के कस्तो नीतिगत प्रावधानहरु अवलम्बन गर्दा उपयुक्त र समसामयिक हुन्छ सो सम्बन्धमा गृहकार्य गरी सो सम्बन्धी विवरणसहित निजामती सेवा ऐनको दफा २क. बमोजिमको केन्द्रीय निकायको रुपमा सामान्य प्रशासन मन्त्रालय अझ सक्षम र प्रभावी हुन आवश्यक देखिएको सो सम्बन्धमा समेत आवश्यक गृहकार्य गरी सोको जानकारी आगामी जेष्ठ १० गते भित्र समिति समक्ष पेश गर्न सामान्य प्रशासन मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

- विगत एक वर्ष भित्र निजामती सेवा भित्र निजामती सेवा ऐन, नियम प्रतिकूल सरुवा र पदस्थापना भएको भनी सामान्य प्रशासन मन्त्रालयमा उजुरी प्राप्त भएमा सोको छानविन गरी अविलम्ब त्यस्तो सरुवा र पदस्थापना बदर गरी सोको जानकारी समितिलाई गराउन सामान्य प्रशासन मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

- निजामती सेवाका समस्त कर्मचारीहरुले ऐन, नियमानुसार प्राप्त गर्नु पर्ने सेवा सुविधा र सरोकारका अन्य कुनै पनि विषयमा संलग्न संस्था वा पदाधिकारीबाट कुनै पनि प्रकारको मर्का वा समस्या पारिएमा वा पर्न गएमा निजामती सेवा ऐनको दफा ७३क. बमोजिमको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी व्यवस्थाको अवलम्बन गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदै उक्त व्यवस्थालाई अझ प्रभावी र सक्षम तुल्याउन आवश्यक पर्ने नीति वा निर्देशन जारी गर्न सामान्य प्रशासन मन्त्रीको ध्यानाकर्षण गरिन्छ ।

- विधिको शासनमा आधारित सुशासनयुक्त प्रशासनको प्रत्याभूति दिलाउनु पर्ने निजामती सेवाको केन्द्रिय कर्मचारी निकायको रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयबाट निजामति

कर्मचारीहरुको सरुवा गर्दा वा काजमा खटाउँदा वा सरुवा र काजका लागि सहमति दिंदा निजामती सेवा ऐन २०४९ र नियमावली २०५० बमोजिम नभएको कुरा आजको बैठकमा स्वीकारोक्ति भएकोछ । यसै प्रसंगमा ऐन, नियमले दिएको अधिकार विपरित विगत एक वर्षभित्रका सरुवा र काज वा सो सम्बन्धी सहमति रद्ध गर्न समितिको बैशाख २८ गतेको बैठकको निर्णयानुसार निर्देश तर्फ यो बैठक सम्बन्धित निकायको ध्यानाकर्षण गराउंदछ ।

- उक्त निर्देश प्रश्चात् पनि त्यस्ता कार्य हुदै आएको देखिएकोले २०६८ वैशाख २९ गतेदेखि आजसम्म भए गरेका ऐन, नियम विपरितका सरुवा वा काज सरुवा वा सोका लागि दिईएको सहमति ७ दिनभित्र रद्ध गरि सोको जानकारी समितिलाई उपलव्ध गराउन माननीय सामान्य प्रशासन मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।
- निजामती सेवा ऐनको दफा २७ को (१क) अनुरुपको तलव, भत्ता पुनरावलोकन समितिको कामकारवाही नियमित र निरन्तर रुपमा सञ्चालन हुने व्यवस्था मिलाउदै आगामी आर्थिक वर्षका लागि नेपाल सरकारलाई दिइएको सुझाव अनुरुपको कार्य तत्काल कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउन सामान्य प्रशासन मन्त्रालयले अभिभावकीय भूमिका निर्वाह गर्न र तलव भत्ता पुनरावलोकन समितिले सरकारलाई उपलव्ध गराउने प्रतिवेदन यथाशीघ्र समितिलाई समेत उपलव्ध गराउन सामान्य प्रशासन मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।
- सामान्य प्रशासन मन्त्रालयले निजामती सेवा ऐन, २०४९ संशोधनका लागि मन्त्रिपरिषदमा पेश गरेको विधेयकको प्रारम्भिक मस्यौदा छलफलका लागि यस समितिमा उपलब्ध गराउन माननीय सामान्य प्रशासन मन्त्रीलाई निर्देशन गर्ने ।

- **निजामती कर्मचारीहरुले दिएका उजुरीका सम्बन्धमा समितिले दिएका निर्देशन :**
  - **कृषि तथा सहकारी मन्त्रालय :** कृषि तथा सहकारी मन्त्रालयको विवादास्पद सरुवा र पदस्थापना प्रचलित ऐन, नियम प्रतिकूल भएको स्पष्ट देखिन्छ । ऐन नियम विपरित कार्य हुनुमा मन्त्रालयको सांगठनिक संरचना नै महत्वपूर्ण कारक तत्वको रुपमा रहन गएको समेत स्पष्ट हुन आयो । समस्या समाधानमा सांगठनिक संरचना परिमार्जनमा मन्त्रालयले लिएको अग्रसरताका लागि धन्यवाद दिंदै ऐन नियम विपरित भएको सरुवा र पदस्थापनाका कारणबाट कर्मचारीमा परेको मर्काप्रति समिति अत्यन्त गम्भीर बन्दै अविलम्ब सांगठनिक संरचनालाई परिमार्जन गरी कर्मचारीलाई परेको मर्काको निराकरण गरी सोको जानकारी समितिलाई उपलव्ध गराउन कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।
  - **भौतिक योजना तथा निर्माण मन्त्रालय :** भौतिक योजना तथा निर्माण मन्त्रालयको हकमा सो मन्त्रालय र अन्तर्गतका निकायहरुमा सरुवा र पदस्थापनाका सम्बन्धमा देखिएका समस्या निराकरणका लागि ऐन नियममा गर्नु पर्ने परिमार्जन सम्बन्धमा आवश्यक गृहकार्य गरी १५ दिन भित्र समितिलाई उपलव्ध गराउन र विगत एक वर्षमा भएका कतिपय सरुवाहरु ऐन, नियम प्रतिकूल भएको स्पष्ट भएकाले त्यस्ता अनियमित सरुवा र पदस्थापना लाई वदर गर्न भौतिक योजना तथा निर्माण मन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

**निर्देशन कार्यान्वयनको स्थिति :**

- संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई कानून बमोजिम गर्न दिइएको निर्देशनमा सो सम्बन्धी कार्यविधि तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको जवाफ प्राप्त भएको ।

- निजामती कर्मचारीहरुको पदस्थापन, सरुवा, बढुवा व्यवस्थापनमा अत्याधिक राजनैतिक हस्तक्षेप भएको सम्बन्धमा दिइएको निर्देशनमा बढुवा निर्देशिका तयार गर्ने कार्य चालु भएको जवाफ प्राप्त भएको ।
- सरुवाका सम्बन्धमा आवश्यक नीतिगत निर्णयका लागि तयार दस्तावेज प्राप्त भएको ।

**समस्या :**

- निजामती प्रशासनमा सुधारको प्रयासले निरन्तरता पाउन नसकेको,
- पदपूर्ति गर्दा राज्यले समय अनुसार नयाँ सोच लिएका जनशक्ति प्राप्त गर्न नसकेको,
- वृत्ति विकासको अवधारणाबारे स्थायी दृष्टिकोण बन्न नसकेको,
- वृत्ति विकासको सम्भावना ज्यादै न्यून रहेको,
- कर्मचारी संगठनहरुले संगठित हुन पाउने अधिकारको आडमा पेशागत अधिकारको मूल्य र मान्यता समेतको वेवास्ता गर्दै आस्थाका आधारमा राजनीति गर्न पाउने अधिकारको रुपमा आफूलाई स्थापित गर्न खोज्ने प्रवृत्ति देखिएको,
- कर्मचारीहरुमा Professional Unity हुनु पर्नेमा फुट भएको,
- कर्मचारीहरुको गुनासो सुन्ने व्यवस्था प्रभावकारी नभएको,
- राजनीतिज्ञबाट कर्मचारीले विश्वास, सदभाव, मार्गदर्शन र संरक्षण पाउनु पर्नेमा नपाएको,
- राजनैतिक इच्छा (Political will) र प्रतिबद्धताको कमी भएको,
- जनशक्ति योजना तर्जुमा नभएको,
- प्रशासनिक नेतृत्व कमजोर र अपेक्षित मात्रामा प्रतिबद्ध नभएको,
- प्रशासन सुधारले न्यायोचित प्राथमिकता र निरन्तरता पाउन नसकेको,
- निरन्तर रुपमा समय सापेक्ष तालिमको आयोजना गर्न असमर्थ भएबाट परिवर्तन स्वीकार गर्न सक्ने भरपर्दो जनशक्ति विकास अझै हुन नसकेको,
- राजनैतिक स्थिरता नभएको,
- दीर्घकालीन सोचको कमी भएको,
- निजामती कर्मचारीहरुलाई सामान्य जीविकोपार्जन पूरा गर्न पुग्ने प्रकारको तलब भत्ता नभएको,
- प्रक्रियामा बढी जोड दिएकाले नतिजा प्राप्त गर्ने पक्षमा कमै ध्यान जाने गरेको,
- Job Description / Job Evaluation नाम मात्रको भएको,
- प्रशासनयन्त्रलाई सेवामूलक, नतिजामूलक, जनउत्तरदायी र लैंङगिक तथा नेपालको सामाजिक संरचना अनुसार समानुपातिक हिसावले समावेशी बनाउनु पर्नेमा सो हुन नसकेको,
- संगठन तथा व्यवस्थापन परिक्षण (Organisation and Management Survey) प्रभावकारी नभएको,
- उच्च व्यवस्थापकीय नेतृत्व क्षमता विकास नभएको,
- Job Evaluation मा सीप, परिश्रम, जिम्मेवारी र कामको अवस्थालाई बेवास्ता गरिएको,

- निजामती सेवामा रहेका कर्मचारीहरुको ज्ञान, सीप, दक्षता, एवं क्षमता अभिबृद्धि गरी उनीहरुको धारणामा परिवर्तन ल्याउने माध्यम तालिमलाई वेवास्ता गरिएको,
- भद्दा र खर्चिलो प्रशासनिक संयन्त्र रहेको,
- उद्देश्यमूलक संगठनात्मक नेतृत्वको कमी भएको,
- कार्य जिम्मेवारीमा अस्पष्टता भएको,
- ढिलासुस्ती व्याप्त रहेको र
- कमजोर वित्तीय अनुशासन रहेको।

**सुझाव :**

1= सार्वजनिक प्रशासनलाई सरकारको अनुभूति गराउने तथा सरकारको नीति कार्यान्वयन गर्ने संयन्त्र एवं स्थायी सरकारको रुपमा समेत लिइन्छ । राज्यको प्रशासनिक संरचनालाई राजनैतिक प्रणाली अनुरुपको परिकल्पना गरी सोही अनुरुपको संरचनाको पहिचानसहित राजनीतिक लक्ष्यहरुसंगको तादाम्यता कायम गर्न सामान्य प्रशासन मन्त्रालयको अग्रणी भूमिका रहन्छ। सरकारी राजस्वबाट तलब भत्ता खाने विशिष्ट ज्ञान र सीप भएका स्थायी प्रकृतिका, राजनीतिप्रति तटस्थ, ऐन कानूनप्रति प्रतिबद्ध कर्मचारीहरुको पेशागत समूह नै निजामती सेवा हो भनी प्रमाणित गर्न सक्नु पर्ने चुनौति यस मन्त्रालयलाई रहेको छ । तसर्थ यस सेवालाई योग्य एवं सक्षम व्यक्तिहरुको आर्कषणको केन्द्र बनाउन मन्त्रालय सक्षम हुनु पर्दछ ।

2= राजनीतिक परिवर्तनसंगै जनतामा बढेको आकांक्षा तथा चाहनालाई तत्काल संवोधन गर्न र परिवर्तनको अनुभूति दिलाउन प्रशासनिक संरचनामा गर्नु पर्ने सुधारका लागि यो मन्त्रालय जिम्मेवार छ। निजामती कर्मचारीहरुको सफलता सगै सरकारको सफलता जोडिएको हुन्छ। सार्वजनिक प्रशासन समायानुकूलको परिवर्तन हुन नसकेमा जनताको अपेक्षित विश्वास र भरोसा आर्जन गर्न सक्दैन। प्रशासनमा व्याप्त राजनीतिकरणले प्रशासनिक मूल्य र मान्यतामा मात्र नभई राजनैतिक प्रणालीमा समेत नकारात्मक प्रभाव परेको छ । शासकीय प्रणालीमा कतै लुट प्रणाली (Spoilsystem) को कार्यान्वयन त गरिएको हैन भन्ने जस्ता आशंका समय समयमा पैदा गर्ने खालका कामकारवाहीहरु सरकारबाट हुने गरेको पाइन्छ।

3= राजनीतिज्ञ र प्रशासनिक पदाधिकारीहरु एक आपसमा सहकर्मी र एक अर्काका पूरक्का रुपमा रहनु पर्नेमा प्रतिस्पर्धीको रुपमा समय-समयमा देखापर्ने गरेको छ । आ-आफ्ना वैधानिक भूमिकामाभन्दा पनि विपरित भूमिकामा रमाइरहेका प्रशस्त उदाहरणहरु देख्न पाइन्छ । निजामती कर्मचारीहरु आस्थाको आधारमा विभिन्न समूहमा विभाजित भएका छन् । राजनीतिक दलका निकटका संघ, संगठनको प्रभावमा कर्मचारीहरुको सरुवा, बढुवा र पदस्थापना हुने गरेका प्रशस्त उदाहरण भेटिन्छन् । जसबाट सेवाग्राहीहरुमा मात्र नभई इमान्दार र कर्तव्यनिष्ठ कर्मचारीहरुमा समेत नकारात्मक प्रभाव परेको छ।

4= कर्मचारीहरुको मनोबल र उत्प्रेरणा दिनानुदिन गिर्दो अवस्थामा छ। अत्यधिक राजनीतिकरण, अपर्याप्त तलब-सुविधा, प्रशासनिक विकृतिहरु, असल र खराव काम गर्ने कर्मचारीहरु बीच यथार्थ र निश्पक्ष मूल्याङ्कनको कमी, काममा वढी उत्प्रेरित गर्ने वातावरणको निर्माण हुन नसक्नु नै यसको मूलभूत तत्व हो। निजामती प्रशासनमा पुरातन सोच, शैली, संस्कार र व्यवहारमा आवश्यकतानुसारको सकारात्मक सोचसहितको परिवर्तनको खाँचो देखिन्छ।

5= सूचना र सञ्चार क्षेत्रमा आएको परिवर्तन अनुरुपको विद्युतीय कामकारवाहीको अझै प्रयोग हुन सकेको देखिँदैन । प्रशासनिक कामकारवाही केन्द्रमुखी तथा मनसायमुखी देखिन्छ । सार्वजनिक प्रशासनको एक अति महत्वपूर्ण पक्ष भनेको मानवीय संशाधनको विकास र उपयोग गर्ने विषय पनि हो । मानिस आफैमा फरक-फरक चरित्रको हुने भएकाले यसको सही व्यवस्थापन आफैमा जटिल र चुनौतिपूर्ण विषय हो । मानव संशाधनको सही व्यवस्थापनमा राजनैतिक र प्रशासनिक नेतृत्व सफल हुन सक्दैन । लोकतान्त्रिक प्रणालीको आधारभूत मान्यताको रुपमा रहेको शासन व्यवस्थालाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाई यस अन्तर्गत सम्पादन गरिने र हुने हरेक कार्यलाई चुस्त, दुरुस्त, प्रभावकारी एवं विश्वासनीय तुल्याउन विधिको शासनको पालना अपरिहार्य भए तापनि सोको पूर्ण पालना हुन सकेको छैन ।

6= सामान्य प्रशासन मन्त्रालयले परिवर्तन वाहकको रुपमा अघि बढाउन सकेको छैन । सरकारी अस्थिरता र राजनैतिक दलहरु बीचको खिचातानीले लोक सेवा आयोगको पदाधिकारीहरुको नियुक्ति हुन नसक्नु चिन्ताको विषय हो । हुनत यसमा सामान्य प्रशासन मन्त्रालयको प्रत्यक्ष संलग्नता नभए तापनि यसबाट प्रशासनमा पर्न गएको नकारात्मक असरका लागि सम्बन्धित निकायलाई झकझकाएको समेत देखिदैन ।

7= सामान्य प्रशासन मन्त्रालय र अन्य मन्त्रालय बीच आपसी सहकार्य र समन्वयको तालमेल समेत देखिदैन । वर्तमान अवस्थाको मूलभूत चुनौति भनेको निजामती सेवालाई कसरी आकर्षक, समावेशी, सक्षम र प्रभावी तुल्याउनु भन्ने रहेको छ । यस सन्दर्भमा अपर्याप्त तलब सुविधा, बढ्दो राजनीतिकरण, राम्रा मान्छेभन्दा आफ्ना मान्छेलाई प्रश्रय दिने प्रवृतिको अन्त्यका लागि सामान्य प्रशासन मन्त्रालयले निर्वाह गर्नु पर्ने भूमिका प्रभावकारी रुपमा निर्वाह गर्न सकेको पाइएन ।

8= कर्मचारीहरुको गिर्दो मनोबल निजामती सेवाको एक प्रमुख चूनौतिको रुपमा रहेको छ । एकातर्फ राजनैतिक हस्तक्षेपले गर्दा निजामती कर्मचारीहरु स्वतन्त्र रुपमा कार्य गर्न पाउँदैनन् भने अर्कोतिर दण्ड र पुरस्कारको वितरण पनि कार्य सम्पादन मूल्याङ्कनभन्दा बढी राजनैतिक दवावबाट हुने गरेको पाइन्छ । कर्मचारी संगठनहरु कर्मचारीको हक हितभन्दा पनि राजनैतिक आस्था र स्वार्थका आधारमा परिचालित भएको देखिन्छ । राजनीतिक र प्रशासनिक तह बीच कार्यक्षेत्र र अधिकारको स्पष्ट रेखाङ्कनको अभावका कारणले काम गर्न असहज हुँदै गएको छ । यसको सुधारका लागि राजनैतिक इच्छाशक्ति, कर्मचारीको क्रियाशीलता र नागरिक दवावको कमी उत्तिकै खट्किएको छ ।

9= विगत केही समययता निजामती सेवामा दण्डहीनता र अनुशासनहिनता बढन गएको छ । राजनैतिक नेतृत्वको आडमा दण्डहिनता र अनुशासनहीनतामा बढेको छ । जसको निराकरणका लागि कर्मचारीको कार्य संस्कृती, नैतिक मूल्य, मान्यतामा परिवर्तनको आवश्यकता छ । यसको निराकराणका लागि यस मन्त्रालयले अहं भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

10= निजामती सेवा ऐन तथा नियमावलीका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । निजामती सेवा ऐन, नियममा भएका प्रावधानहरुको अक्षरसः पालना हुनु पर्नेमा सो हुन सकेको देखिदैन । उदाहरणका लागि दरबन्दी थपघट गर्दा अपनाउनु पर्ने विधि अनुरुप सचिवको दरबन्दी थपघट भएको देखिएन, त्यस्तै प्रत्येक तीन तीन वर्षमा तलब सुविधाको पुनरावलोकन गर्नु पर्ने कार्य पारदर्शी रुपमा हुन सकेन, सरुवा र बढुवा वा पदस्थापनामा समेत नियम कानूनको पालना नभएका पर्याप्त उदाहरण पाइन्छन् । यसर्थ नियम कानूनका कारणले सेवाग्राहीलाई प्रदान गर्नु पर्ने सेवामा कठिनाई उत्पन्न भएको भए नियम कानूनलाई

नै परिमार्जन गर्नु पर्ने हुन्छ । अन्यथा नियम कानूनको पालना सरकारले नै नगर्ने हो भने सर्वसाधारणलाई ऐन नियमको पालना गर्नु पर्छ भन्ने नैतिकता सरकार समक्ष हुन नसक्नेतर्फ समेत ध्यान जानु पर्ने देखिन्छ ।

11= सम्पत्ति विवरण बुझाउने प्रावधान राम्रो भए तापनि कार्यालय सहयोगीदेखि उच्च पदस्थ पदाधिकारीहरुले हरेक वर्ष विवरण बुझाउनु पर्ने प्रावधानको पुनरावलोकन गर्नु पर्ने देखिन्छ । विद्यमान प्रावधानले एकातर्फ अभिलेख चुस्त, दुरुस्त राख्न समस्या परेको छ भने अर्कोतर्फ कुनै पनि रुपमा सम्पत्तिमा कुनै परिवर्तन नआएको अवस्थामा पनि अनिवार्य रुपमा हरेक वर्ष सम्पत्ति विवरण बुझाउनु पर्ने प्रावधानले कागजी कार्यले मात्र बढवा प्राप्त गरेको छ । तसर्थ भएको सम्पत्तिमा उल्लेख रुपमा कुनै परिवर्तन भएमा मात्र सम्पत्ति विवरण भर्नु पर्ने प्रावधान राख्दा उपयुक्त हुने समितिको धारणा छ ।

12= व्यवसायिक निजामती सेवाको प्रमुख सूचक सेवाग्राहीको सन्तुष्टि हो । सन्तुष्टिको मात्रा सन्तोषजनक नभएमा जतिसुकै लामो सूची भए पनि व्यावसायिकता हासिल भयो भनेर मान्न सकिंदैन । त्यसैले सेवाग्राहीको मूल्यांकनको आधारमा समेत कर्मचारीहरुलाई पुरस्कृत वा दण्डित गर्ने कार्य प्रणालीको आवश्यकता खटकिएको छ ।

13= विश्वमा सबैभन्दा बढी बिदा दिने राष्ट्रको सूचीमा नेपाल अग्रपँक्तिमा छ । तसर्थ दिइँदै आएका सार्वजनिक बिदाहरुको पुनरावलोकन गरी वार्षिक रुपमा निश्चित संख्यामा पर्व बिदा उपलब्ध गराउने र सोही पर्व बिदालाई आवश्यक पर्ने समुदायले उपयोग गर्ने, आवश्यक नभएका समुदायको कार्यालयमा उपस्थित भई सेवाग्राहीलाई दिनु पर्ने सुविधा उपलब्ध गराउने गरी पुनरावलोकनका लागि ध्यानाकर्षण गरिन्छ ।

14= पारदर्शिता नै सुशासनको महत्वपूर्ण आधार भएकोले सार्वजनिक निकायबाट सम्पादन हुने कामकारवाही तथा निर्णयहरु लोकतान्त्रिक पद्धति अनुसार खुला र सबैको पहुंच योग्य हुनु पर्दछ । जनताको सुसूचित हुने अधिकारलाई प्रत्याभूत गर्दै सार्वजनिक निकायलाई उनीहरुप्रति जवाफदेही बनाउन राज्य र नागरिकबीचको सम्बन्ध अझ निकट र सहयोगी बनाउनु आजको आवश्यकता पनि हो । त्यसैले यस विषयमा समेत मन्त्रालयको ध्यान जानु पर्ने देखिन्छ ।

15= संस्थागत सुदृढीकरणका सिलसिलामा संगठनको स्वरुप, कार्यभार, कार्य वातावरण, अधिकार प्रत्यायोजन गर्नु आवश्यक छ । त्यसै गरी व्यक्ति विशेषको प्रतिवद्धताका सन्दर्भमा सर्वप्रथम सम्बन्धित कर्मचारीले आफूले निर्वाह गर्नु पर्ने कार्यक्षेत्र वोध गरी सेवाग्राहीको सेवामा आफूलाई समर्पित तुल्याउनु जरुरी छ भने सकारात्मक भित्री/वाहिरी परिवेश स्थापित गर्न राजनीतिक इच्छाशक्तिको आवश्यकता देखिन्छ ।

16= निजामती कर्मचारीलाई प्रदान गरिने प्रशिक्षण कार्यक्रम प्रभावकारी हुन सकेको छैन । यस्ता प्रशिक्षणमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका हरेक पक्षको जानकारी दिने गरी कार्यक्रमहरुको तर्जुमा हुनु पर्ने देखिन्छ । यसका साथसाथै सदाचार, अनुशासन र नैतिकतालाई पनि उच्चतम प्राथमिकताभित्र राख्नु पर्ने हुन्छ ।

17= ऐन अनुसार पुनरावलोकन गर्नु पर्ने तलब सुविधाको नियमित रुपमा पुनरावलोकन भई महँगीको अनुपातमा वृद्धि गर्दै जानु उपयुक्त हुन्छ । यसमा सामान्य प्रशासन मन्त्रालयले अग्रणी र अभिभावकीय भूमिका निर्वाह गर्नु पर्दछ । यस क्रममा तलब सुविधाको पुनरावलोकन गर्दा तात्कालीन समस्यालाई मात्र हेरेर पटके निर्णय गर्ने परम्पराको तत्काल अन्त्य गरी तलब सुविधा निर्धारण सिद्धान्त एवं मान्यताको पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ । कर्मचारीको मनोबल, दक्षता एवं ज्ञानको अभिवृद्धि गरी जीवन निर्वाहको न्यूनत्तम आधार खडा नगरेसम्म असल शासनको आशा गर्नु उपयुक्त हुदैन । यसर्थ वृत्ति विकासको

नयाँ अवसरहरु र आवश्यकता अनुसार काम र महँगीको अनुपातमा पारिश्रमिक दिन सरकारले उच्च प्राथमिकता दिनु पर्ने हुन्छ।

18= निजामती कर्मचारीहरु माथि लाग्ने गरेको ढिलासुस्तको आरोपलाई अन्त्य गर्न निर्णय प्रक्रियालाई छिटो छरितो र चुस्त बनाउनु पर्दछ। साथै यस सेवाको सरुवा बढुवा पदस्थापन प्रणालीलाई व्यवस्थित बनाउनु त्यत्तिकै आवश्यक छ। साथै निजामती कर्मचारीहरुलाई व्यवसायिक बनाई कार्यसम्पादनमुखी बनाउनु आजको चुनौति रहेको छ। कर्मचारीको आचरण, व्यवहार र सोचमा सकारात्मक परिवर्तन ल्याई उनीहरुको कार्य प्रक्रियामा सुधार गर्नु पनि आवश्यक छ।

19= निजामती सेवामा उम्दा र जाँगरिला व्यक्तिहरुको प्रवेशको वातावरण मिलाई २१ औ शताब्दीको प्रतिष्पर्धी एवं सक्षम कर्मचारीको विकास गर्नु पर्दछ। कर्मचारीलाई दण्डित र पुरस्कृत गर्नु पर्ने प्रक्रियाहरुको सरलीकरण गर्ने, प्रशासन सुधारको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने कर्मचारी प्रशासनसँग सम्बन्धित विभिन्न पदहरुमा नीति योजना र कार्यक्रम कसरी तर्जुमा र कार्यान्वयन गर्ने जस्ता Human resource Management का अधिकांश क्रियाकलापहरु यो मन्त्रालयको कानूनी जिम्मेवारी हो। निजामती कर्मचारी Capable हुँदा हुँदै पनि Non Performing हो भन्ने दोषारोपण गर्ने गरेकोमा मन्त्रालयले गम्भीर ध्यान दिई यसको निराकरण गर्न आवश्यक गृहकार्य गरी विद्यमान नीति नियममा परिमार्जन र आवश्यकतानुसारको तर्जुमा गर्नु पर्ने देखिन्छ।

20= प्रशासन सुधारका प्रयासहरु भने नभएका होइनन्। वि.सं. २००८ को वुच कमिसन देखि २०६१ को शासकीय मार्ग चित्रसम्मका आयोगबाट सुधारहरुको संभावनाको खोजी गर्दै सुझावहरु दिइएतापनि कार्यान्वयनको पक्ष भने त्यति सन्तोषजनक छैन। सुधार एक प्राविधिक कुरा मात्र नभई राजनीतिक ईच्छा शक्ति पनि भएकाले अपेक्षाकृत सुधार हुन नसकेको भन्ने आम कर्मचारीको धारणा छ। यसो हुनुमा राजनैतिक अस्थिरता र प्रतिवद्धताको अभाव हो भन्दा अत्युक्ति नहोला। तसर्थ यसको निराकरणका लागि उपायहरु पत्ता लगाई समस्या समाधान गर्न मन्त्रालयले ध्यान दिनु पर्ने देखिन्छ।

21= सामान्य प्रशासन मन्त्रालयले सम्पादन गर्ने व्यवस्थापन परीक्षणबाट देखिएका समस्याको समाधानका लागि आवश्यक नीति तथा नियमहरु तर्जुमा भएको देखिएन। परिक्षण गर्ने औपचारिकताको निर्वाह मात्र गर्नुभन्दा सोबाट प्राप्त समस्याको समाधानमा मन्त्रालयको अग्रसरता रहनु पर्ने समितिको धारणा छ। यसै सन्दर्भमा प्रत्येक वर्ष गरिने परीक्षणको प्रतिवेदन राज्य व्यवस्था समितिलाई समेत निरन्तर रुपमा उपलव्ध गराउन निर्देश समेत गरिन्छ।

22= पेशागत अधिकारको हक हितको सीमाभित्र एउटै कर्मचारी सगठन मात्र सञ्चालन गर्न उपयुक्त हुनुका साथै आस्थाको आधारमा राजनैतिक दल झै कर्मचारी संगठनहरु परिचालित हुँदा कर्मचारी प्रशासनयन्त्र ध्वस्त हुने भएकोले यस्तो अवस्थाको सिर्जना नहुने गरी आवश्यकतानुसार ऐन नियममा परिमार्जन हुन उपयुक्त हुने देखिन्छ।

23= निजामती सेवालाई "नागरिक प्रशासन सेवा" र सरकारी कर्मचारीलाई "निजामती कर्मचारी" को सट्टा "नागरिक सेवक" भन्न उपयुक्त हुने र सोही अनुसारको ऐन, नियमहरुमा परिमार्जन तथा संशोधन गर्न गृह कार्य हुन आवश्यक देखिएको छ।

24= नयां संविधानको प्रारुप अनुरुप अव राज्यको पुनर्संरचना गर्दा यस मन्त्रालय र सम्बद्ध निकायको प्रशासनिक पूर्नसंरचनाको लागि के कस्तो नीति तथा कार्यक्रम अवलम्बन गर्दा उपयुक्त हुन्छ सो सम्बन्धमा तत्काल आवश्यक गृह कार्य गरी संविधानको प्रारुप संगसगै कार्यान्वयनमा लैजान आवश्यक पर्ने रणनीतिहरु पनि तयार गर्न ध्यानाकर्षण गरिन्छ।

25= आधुनिक सूचना र प्रविधि युक्त सुविधा सम्पन्न (Humen Reserch And Development Department) महाशाखा स्थापना गरी सेवा प्रदायकको क्षमता तथा दक्षता अभिवृदी गर्न ध्यानाकर्षण गरिन्छ ।

26= सरुवाका सम्बन्धमा दिईएका निर्देश वा सुझावहरु कार्यान्वयनमा आउन नसकेकोले २०६८ वैशाख २९ गतेदेखि ऐ. असार ९ गतेसम्म भए गरेका ऐन, नियम विपरितका सरुवा वा काज सरुवा वा सोका लागि दिईएको सहमति ७ दिनभित्र रद्ध गरि सोको जानकारी समितिलाई उपलब्ध गराउन माननीय सामान्य प्रशासन मन्त्रीलाई निर्देशन दिइएकोमा हाल सम्म सो निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

27= नेपाल सरकारको तर्फबाट आम नागरिकलाई प्रदान गर्नु पर्ने न्यूनतम सेवा सुविधाहरु सुगमताकासाथ उपलब्ध गराउन एकद्वार नीति तर्जुमा गरी अविलम्ब कार्यान्वयनमा ल्याउने व्यवस्था गर्न ध्यानाकर्षण गरिन्छ ।

**निष्कर्ष :**

मुलुकले वर्तमानमा चाहेको कुरा व्यवस्थापकीय कौशल हो । निजामती कर्मचारीलाई व्यवसायिक बनाई राजनीतिज्ञ र प्रशासन बीचको सहकार्यलाई अभिबृद्धि गर्न जरुरी छ । राजनैतिक परिवर्तन, दाताहरुको नीतिमा आएको परिवर्तन, गैरसरकारी क्षेत्रहरुको बढ्दो सहभागिता र भूमण्डलीकरणका कारण निजामती सेवाले आउँदा दिनहरुमा आफूलाई अझ परिवर्तनमुखी एवं गतिशील संगठनको रुपमा विकसित गर्नु पर्दछ ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

मुलुकमा सुशासन र अमनचैन कायम राख्नको लागि एउटा महत्वपूर्ण निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा यस्तै प्रकृतिका संस्थाहरुको संवैधानिक व्यवस्था विश्वव्यापी प्रचलन रहिआएको छ । देशको राजनैतिक, प्रशासनिक, आर्थिक र सामाजिक क्षेत्रमा व्याप्त भ्रष्टाचार र राजनैतिक तथा प्रशासकीय अधिकारीहरुको अधिकारको दुरुपयोगको कारणबाट मानवीय मूल्य र मान्यतामा आएको ह्रास र उत्तरदायी सरकार एवं सुदृढ प्रशासनको खस्किँदो साखलाई जोगाइराख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यकता महसुस भएको हो । सुशासनको लागि राज्य सञ्चालनमा संलग्न पदाधिकारीहरुलाई ऐन, कानूनद्वारा काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र जवाफदेहिता निर्धारण गरिएको हुन्छ । यसका अतिरिक्त कतिपय अवस्थामा प्रशासकीय अधिकारीहरुलाई स्वविवेक अधिकारपनि हुन्छ । राजनैतिक तथा प्रशासकीय अधिकारीले तटस्थ रुपमा ऐन र कानूनद्वारा प्राप्त अख्तियारलाई कानूनसम्मत तरिकाले प्रयोग गरे वा नगरेको हेर्ने वा जाँच्ने संयन्त्रको अभावमा सुशासनको कल्पना हुन सक्दैन । यसै सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ अनुरुप स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रणको माध्यमद्वारा मुलुकमा सुशासन स्थापना गर्न योगदान पुर्‍याउने मूलभूत लक्ष्य लिई क्रियाशील रहेको छ ।

संविधानबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफू अन्तर्गत वर्षभरी परेका उजुरी, सो सम्बन्धमा भएका अनुसन्धान तहकिकातको विवरणसहित अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारवाही वा अन्य कारवाहीका लागि लेखी पठाएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरणसहितको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था अनुरुप पेश भएको उक्त प्रतिवेदनबारे छलफल गर्ने र आवश्यक सुझावसहितको प्रतिवेदन तयार गरी सदनमा पेश गर्ने कार्यक्षेत्र राज्य व्यवस्था समितिलाई तोकिएकाले यस सम्बन्धमा छुट्टै प्रतिवेदन मार्फत विस्तृत चर्चा गर्ने गरी यहाँ संक्षेपमा आधारभूत बुँदाहरु मात्र उल्लेख गरिएको छ ।

**आयोगका कार्यहरु :**

१. कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउने, तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू नहुने,

२. खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरू, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सकिने,

३. अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउने,

४. अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो

व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने,

५. अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउने,

६. यस संविधानको अधीनमा रही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुने,

७. अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्ने ।

**रणनीतिहरु :**

- पर्याप्त कानूनी एवं नीतिगत व्यवस्था,
- संस्थागत नियन्त्रण एवं विकासको सुधार,
- प्रभाव अनुगमन,
- सबै क्षेत्रमा आचारसंहिता लागू गर्ने,
- क्षमता वृद्धि र सशक्तिकरण गर्ने,
- निर्णायक भूमिका खेल्ने पदका कामकारवाहीहरुलाई जानकारीमा राख्ने,
- रणनीतिक छनौटका आधारमा मुद्दा छनौट गरी अनुसन्धान तहकीकात गर्ने ।
- क्षेत्रीय एवं अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क गरी क्षमता विकास गर्ने,
- भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने,
- सुशासनको सूचकहरुको मूल्याङ्कन गर्ने,
- तथ्यांङ्क राख्ने र सोको आधारमा आयोगको कार्य सम्पादनको विश्लेषण गरी योजना तर्जुमा तथा व्यवस्थापन गर्ने,
- छिटो छरितो ढंगबाट उजुरी फछ्र्यौट गर्ने,
- काम गर्ने वातावरण र संस्थागत सवलीकरण गर्ने,
- कार्य सम्पादन निर्देशिका तयार गर्ने,
- प्रकाशन तथा सूचना सञ्चार गर्ने,
- भ्रष्टाचार विरोधी संस्थाहरुसँग सहकार्य गर्ने,
- प्रतिफलको लेखाजोखा गर्ने,
- स्थानीय निकायसँग मिलेर भ्रष्टाचारको रोकथामको संयन्त्र विकास र प्रभावकारिताको अनुगमन गर्ने ।

**निर्णयको संक्षिप्त विवरण :**

- नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाउने सुडान मिसन सम्बन्धी प्रतिवेदनमा सो निकायले सम्पन्न गर्ने कामकारवाही (अनुसन्धानका सिलसिलामा गोप्यता कायम गर्नु पर्ने विवरण बाहेक) प्रत्येक ३/३ महिनामा समितिलाई अनिवार्य रुपमा विवरण उपलब्ध गराउन अख्यियार दुरुपयोग अनुसन्धान आयोगलाई जिम्मेवारीसहितको उत्तरदायित्व सुम्पिने,

- नेपाल फर्म्ड पुलिस (सुडान) प्रतिवेदनमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पन्न गर्नु पर्ने कामकारवाहीका सम्बन्धमा आयोगले उच्च प्राथमिकताका साथ यथाशक्य छिटो आफ्नो कार्य सम्पन्न गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्ने,

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत एक वर्षभित्र नेपाल सरकारलाई दिएका सुझाव, निर्देशन र निर्णयका सम्बन्धमा कुन मितिमा, के विषयमा के कस्तो निर्णय भएको र सो निर्णयको जानकारी कहिले सम्बन्धित निकायलाई गराइएको हो सो सम्बन्धमा सम्बन्धित निकायबाट हालसम्म भए गरेका कामकारवाहीको विस्तृत विवरणसहित उक्त विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिक्रिया समेत यथाशीघ्र छिटो समितिलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्ने,

- व्यवस्थापिका-संसद राज्य व्यवस्था समितिको आज बसेको बैठकमा रिट नं. सम्वत् २०६७-WO-०४२७ को सम्बन्धमा अदालतको तह तह निर्णय भई नेपाल सरकार यु.एन. पार्कको नाममा दर्ता भएको का.म.पा. वडा नं. १० को कि.नं. २९ को क्षेत्रफल २-३-०-१ रोपनी जग्गा अदालतको फैसला नै अन्यथा हुने गरी आफूलाई अधिकार नभएको विषयमा सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न निर्देशन दिएको कामकारवाही संविधान र कानून सम्मत नदेखिदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६/९/१७ को निर्णयमा संलग्न तत्कालीन पदाधिकारीहरु श्री ललितबहादुर लिम्बु एवं श्री वेदप्रसाद सिवाकोटी रहेको भन्ने देखिन आएको हुँदा उक्त निर्णयमा संलग्न पदाधिकारीलाई कानून बमोजिम के कस्तो कारवाही हुनु पर्ने हो ? सो सम्बन्धमा तत्कालै आवश्यक छानविन गरी उचित कारवाही गर्नु भनी सम्मानीत सर्वोच्च अदालतको मिति २०६७/७/२९ को न्यायिक टिप्पणीसहित यस समितिमा लेखि आएको सन्दर्भमा छलफल हुँदा "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६/९/१७ को निर्णय गर्ने तत्कालीन कार्यवाहक प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बु एवं आयुक्त श्री वेदप्रसाद सिवाकोटी लगायत छानविन गर्दा उक्त प्रकरणमा दोषी देखिएका अन्य जो जसलाई जे जस्तो कारवाही गर्नु पर्ने हो त्यस सम्बन्धमा संविधान र कानून बमोजिम अविलम्व अनुसन्धान गरी कारवाही अगाडि बढाउने र सोको जानकारी नियमित रुपमा यस समितिलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्ने ।

**निर्देशन कार्यान्वयनको स्थिति :**

- सुडान मिसन सम्बन्धमा भएको भ्रष्टाचार सम्बन्धी प्रतिवेदनमा आयोगको तर्फबाट गर्नु पर्ने कामको प्रगतिको सम्बधमा (अनुसन्धानका सिलसिलामा गोप्यता कायम गर्नुपर्ने विवरण बाहेक) प्रत्येक ३/३ महिनामा समितिलाई अनिवार्य रुपमा विवरण उपलब्ध गराउन अख्यियार दुरुपयोग अनुसन्धान आयोगलाई जिम्मेवारीसहितको उत्तरदायित्व सुम्पिने निर्णय अनुसार तोकिएको अवधिभित्र कारवाही अगाडि बढिरहेको भन्ने जानकारीहरुमात्र समितिलाई प्राप्त भएको, यसभन्दा ठोस प्रगतिसहितको विवरण प्राप्त हुन नसकेको भए तापनि हाल विशेष अदालतमा मुद्दा दायर भएको सार्वजनिक रुपमा जानकारी प्राप्त भएको ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत एक वर्षभित्र नेपाल सरकारलाई दिएका सुझाव, निर्देशन र निर्णयका सम्बन्धमा कुन मितिमा, के विषयमा के कस्तो निर्णय भएको र सो निर्णयको जानकारी कहिले सम्बन्धित निकायलाई गराइएको हो सो सम्बन्धमा सम्बन्धित निकायबाट हालसम्म भए गरेका कामकारवाहीको विस्तृत विवरणसहित उक्त विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिक्रिया समेत यथाशीघ्र समितिलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गरिएकोमा माग गरिएको विवरण हालसम्म प्राप्त नभएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६/९/१७ को निर्णय गर्ने तत्कालीन कार्यवाहक प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बु एवं आयुक्त श्री वेदप्रसाद सिवाकोटी लगायत छानबिन गर्दा उक्त प्रकरणमा दोषी देखिएका अन्य जो जसलाई जे जस्तो कारवाही गर्नु पर्ने हो त्यस सम्बन्धमा संविधान र कानून बमोजिम अविलम्ब अनुसन्धान गरी कारवाही अगाडि बढाउने र सोको जानकारी नियमित रुपमा यस समितिलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गरिएकोमा हालसम्म सोको प्रगतिसहितको जानकारी समितिमा उपलब्ध नभएको।

**समस्या :**

- प्रशासनिक रुपमा अख्तियार प्राप्त पदाधिकारीहरुबाट आयोगले सम्पादन गर्नु पर्ने कार्यहरु निरन्तर रुपमा प्रभावी रुपमा सम्पन्न हुने गरेको भए तापनि लामो समयदेखि प्रमुख आयुक्त र आयुक्त विहीन यस संस्थाले संवैधानिक दायित्व र उत्तरदायित्व निर्वाह गर्न उच्च नेतृत्वकर्ताको अभावमा आवश्यक मात्रामा प्रभावी र सक्षम रहन नसकेको,
- तत्कालीन अवस्थामा आयोगका का.वा.प्रमुख आयुक्त र आयुक्त निवृत्तहुँदाको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सबै कामकारवाही सम्पादन गर्न ऐन अनुरुप अख्तियारी दिई आयोगको कार्य सम्पादनमा केही सहजता प्राप्त भएको भए तापनि अख्तियारी प्राप्त पदाधिकारीबाट मात्र लामो समयसम्म अत्यन्त महत्वपूर्ण र अति संवेदनशील कार्य गराउनु र सम्बन्धित पदाधिकारीको नियुक्तिमा सरकारको मौनताले अख्तियार दुरुपयोग र भ्रष्टाचार निवारणमा सरकार, राजनैतिक दलसहित सम्बद्ध पक्षहरुको उदासिनता स्पष्ट भएको,
- अख्तियारका पूर्व पदाधिकारीहरुले नै अख्तियारको दुरुपयोग गरेको ठहऱ्याई सम्मानित सर्वोच्च अदालतले न्यायिक टिप्पणी मार्फत छानविन एवं कारवाही गर्न समिति र स्वयं अख्तियारलाई सिफारिश गरेको भए तापनि समितिले अनुसन्धान र तहकिकात गर्नुभन्दा पनि सो सम्बन्धी अधिकार प्राप्त निकाय अख्तियारलाई नै अदालतको आदेश अनुरुपको कार्य गरी सोको जानकारी समितिलाई उपलव्ध गराउन निर्देश गरिए तापनि सक्षम र पूर्ण आयोगको उपस्थिति बेगर सो कार्य उचित र सक्षम रुपमा सम्पादन गर्न सक्ने संभावनातर्फ अनेकौं आशंका रहेको,
- आयोगको कामकारवाहीमा सहयोग पुऱ्याउन निजामती, प्रहरी र न्याय सेवाका कर्मचारीहरु त्यहाँ खटिने र अनुसन्धान तथा तहकिकातको क्रममै कतिपयको त्यहाँबाट अन्यत्र सरुवा हुने समस्याले गर्दा छानविन तथा तहकिकातको कामकारवाहीमा समस्या उत्पन्न हुने अवस्था देखिएको,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकारको मर्म अनुरुप कार्य सम्पन्न गराउने उद्देश्यले क्षेत्रीय प्रशासन कार्यालयहरुमा र विभिन्न १० वटा तराईका जिल्ला प्रशासन कार्यालयमा तत्सम्बन्धी कार्य गर्न गृह मन्त्रालयकै दरबन्दीभित्र क्षेत्रीय प्रशासन कार्यालयहरु

सबैमा आयोगको अनुसन्धान शाखा र १० वटा जिल्ला प्रशासन कार्यालयहरुमा आयोगको अनुसन्धान इकाई स्थापना भई क्षेत्रमा सम्बन्धित क्षेत्रीय प्रशासक र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा कार्य सम्पादन हुने व्यवस्था भएको भए तापनि जिल्लाहरुमा ठेक्कापट्टा, निर्माण लगायत प्रशासनिक भ्रष्टाचार र अख्तियार दुरुपयोगका समस्या तथा गुनासाहरु यथावत रहेको,

**समाधान :**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग लामो समयदेखि पदाधिकारीहरु विहीन बनेको अवस्थामा उक्त पदहरु पूर्तिको लागि नेपाल सरकारसहित प्रधानमन्त्रीलाई समितिले पटक-पटक निर्देश गरे तापनि हालसम्म पदपूर्तिहरु हुन नसकेकोमा समिति दुःख व्यक्त गर्दै अविलम्ब संवैधानिक निकायका पदहरुको पूर्तिका लागि सरकारलाई निर्देश गर्दछ,

- आयोगको कामकारवाहीमा सहयोग पुऱ्याउन निजामती, प्रहरी र न्याय सेवाका कर्मचारीहरु त्यहाँ खटिने र अनुसन्धान तथा तहकिकातको क्रममै कतिपयको त्यहाँबाट अन्यत्र सरुवा हुने समस्यालाई हटाउन आयोग सेवा ऐन गठन गरी आफ्नै प्रशासनिक संरचना खडा गर्ने र सो नभएसम्म अनुसन्धान र तहकिकातमा काम गरिरहेका कर्मचारीहरुलाई आयोगको कामकारवाहीमा बाधा नपर्ने गरी आयोगको पूर्व स्वीकृतिमा मात्र सरुवा गर्ने व्यवस्था तत्काल अंगिकार गर्ने,

- आयोगबाट हुने अनुसन्धानलाई अझ ठोस र मूर्त रुपमा जीवन्त तुल्याउन गृहकार्यको कमी देखिएको छ । यसका साथ साथै प्रशासनिक कामकारवाहीको प्रक्रियामा संलग्न पदाधिकारी वा व्यक्तिलाई कुनै पनि रुपमा जानकारी नदिई वा निजहरुको मञ्जुरी विना नै साक्षिका रुपमा प्रस्तुत गर्नु आफैंमा गैरजिम्मेवारपूर्ण कामकारवाही होभन्दा अत्युक्ति हुँदैन । कार्य सम्पादनको सिलसिलामा आयोगबाट सम्पादित कार्यमा भएको त्रुटि औंल्याई दिने संस्था वा व्यक्तिलाई नै उजुरीकर्ता बनाउनु, संविधान लगायत अन्य ऐन, नियम अनुरुप प्राप्त अधिकारको प्रयोग गरी कुनै पनि संगठनबाट निर्वाह गरेको भूमिकाका सम्बन्धमा ऐन नियमानुसार साक्षी वा उजुरीकर्ताको रुपमा पेश गर्न नमिल्ने अवस्थामा त्यस्ता निकायमा कार्यरत कर्मचारीलाई साक्षी वा उजुरीकर्ता बनाएबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्ण जिम्मेवारीका साथ आफ्नो भूमिका निर्वाह गरेको छ भनी भन्न सक्ने परिस्थिति रहेन । तसर्थ आगामी दिनमा यस प्रकारको कामकारवाही नगर्न निर्देश गरिन्छ,

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कर्मचारी पठाउदा र त्यहाँबाट कर्मचारी अन्यत्र सरुवा गर्दा आयोगको पूर्व स्वीकृती अनिवार्य रुपमा लिन पर्ने व्यवस्था मिलाउनु पर्ने,

- आयोगको कतिपय काम कारवाही प्रचारात्मक रहने र अनुसन्धान तथा तहकीकातका सूचना बाहिर लिक हुने गुनासा आउने गरेका छन् सो सम्बन्धमा तहकिकातका विषय गोप्य राख्न व्यवस्था मिलाउन उपयुक्त हुने,

- भ्रष्टाचार निवारणको काममा संलग्न अन्य निकायका कर्मचारीहरुलाई उनीहरुको मञ्जुरी नलिई साक्षीको रुपमा न्यायिक वा अर्धन्यायिक निकायमा पेश गर्न नहुने,

- आयोगको सांगठनिक संरचना बिस्तार गरी जिल्ला स्तरीय आफ्नै कार्यालय स्थापना गर्ने,

- अख्तियार दुरुपयोग र भ्रष्टाचारका परिभाषाहरुलाई समसामयिक रुपमा परिभाषित गरी प्रभावकारी तुल्याउने,

- ऐन, कानून र कार्यविधि तथा प्रक्रियागत कुराहरुलाई समसामयिक सुधार र परिमार्जनकालागि आयोगको सिफारिसमा नेपाल सरकारले आवश्यक परिमार्जन तत्काल गर्ने,

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रका बीच देखिएका कामकारवाहीको दोहोरोपन तथा प्रकृतिलाई हटाउन क्षेत्राधिकारको बाँडफाँडको स्पष्ट रेखांकन गर्ने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग केवल एउटा दण्ड दिने निकाय मात्र हो भन्ने जनमानसको धारणा र भ्रमलाई चिर्नको लागि सदाचार र सत्चरित्रवान् नागरिकहरुको कल्याण र सुरक्षा गर्ने निकायको रुपमा आफूलाई परिचित राख्न नागरिक समाजसँग सम्बन्ध बढाउन आयोगले खेलेको भुमिकालाई अरु प्रभावकारी बनाउँदै जाने,
- भ्रष्टाचार तथा अख्तियार दुरुपयोगजन्य क्रियाकलापलाई सक्रिय रुपमा रोकथामको लागि दण्डात्मक, निरोधात्मक र प्रर्वद्धनात्मक कार्यहरुलाई संगसंगै अगाडि बढाई कानूनी राज्यको स्थापनामा संकल्पित तुल्याउन आयोगको आवश्यकता अनुसार समसामयिक सुधारहरु गर्दै जाने ।
- नयां संविधानको प्रारुप अनुरुप अव राज्यको पुनर्संरचना गर्दा आयोग र सम्बद्ध निकायको प्रशासनिक पूर्नसंरचनाको लागि के कस्तो नीति तथा कार्यक्रम अवलम्बन गर्दा उपयुक्त हुन्छ सो सम्बन्धमा तत्काल आवश्यक गृह कार्य गरी संविधानको प्रारुप संगसगै कार्यान्वयनमा लैजान आवश्यक पर्ने रणनीतिहरु पनि तयार गर्न ध्यानाकर्षण गरिन्छ ।

**निष्कर्ष :**

भ्रष्टाचार नियन्त्रणको माध्यमद्वारा मुलुकमा कानूनी र सुशासन स्थापना गर्न योगदान पुऱ्याउने मूलभूत लक्ष्यसहित अगाडि बढेको यस आयोगको भूमिका आफ्नो उद्देश्य अनुरुप कार्यमा सकारात्मक देखिएको भए तापनि पदाधिकारी विहिनताको अवस्था, राजनैतिक संक्रमणको अवस्था र आयोगको सशक्तिकरणको लागि राज्यको ठोस नीति र दृष्टिकोणको अभावमा वर्तमान अवस्थामा आयोगले आफ्ना कामकारवाहीलाई प्रभावकारी बनाउन सकेको छैन ।

# लोक सेवा आयोग

मुलुकको प्रशासन सञ्चालनको लागि एउटा दक्ष र सक्षम कर्मचारी संयन्त्रको आवश्यकता पर्दछ । यस प्रकारको कर्मचारी संयन्त्रलाई उपयुक्त र आवश्यक योग्यता भएका दक्ष र विज्ञ जनशक्ति आपूर्ति गरी राज्य प्रशासनको आवश्यकतालाई पूरा गर्नको लागि एउटा निष्पक्ष र तटस्थ संवैधानिक निकायको व्यवस्था हरेक मुलुकमा गरिएको हुन्छ । हाम्रो देशमा पनि बि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनापछि पहिलो पटक लोक सेवा आयोगलाई संवैधानिक निकायको रुपमा स्वीकार गरिएको पाईन्छ । कर्मचारी प्रशासनका विभिन्न पक्षहरु मध्ये भर्ना, छनौट, पदोन्नति र विभागीय सजाय लगायतका विषयहरुमा आवश्यक कामकारबाही गर्ने एवं केन्द्रीय कर्मचारी निकायको रुपमा समेत भूमिका निर्वाह गर्ने र सरकारलाई परामर्श दिने कार्यलाई संविधानमा उल्लिखित प्रावधान अनुसार लोक सेवा आयोगको गठन भई कामकारवाही गर्दै आइरहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १३ अनुसार नेपालमा एक लोक सेवा आयोग हुने जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहने व्यवस्थाको साथै उक्त आयोगका मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुने उल्लेख गरिएको छ :

- निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने ।

- निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति गर्न नसकिने ।

- निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा, निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही सम्बन्धमा, अपनाउनु पर्ने सिद्धान्तको विषयमा,निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा, उम्मेदवारको उपयुक्तताको विषयमा, कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा र कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिनु पर्ने वाध्यात्मक व्यवस्था संविधानले गरेको छ ।

- सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्ने ।

- कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसँग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोक सेवा आयोगले परामर्श दिन सक्ने ।

लोक सेवा आयोगका मुख्य काम, कर्तव्य र अधिकारहरु मुलुकको संविधानबाटै निर्दिष्ट गरिएको भएतापनि, संविधान बाहेकका अतिरिक्त काम कर्तव्य र अधिकारहरु समय-समयमा बनेका विभिन्न ऐन, नियम, निर्देशिका आदिबाट समेत आयोगलाई अतिरिक्त जिम्मेवारी प्रदान गरिएको छ । त्यस्ता ऐन, नियम, निर्देशिकाहरुमा मुख्यतः स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, सशस्त्र प्रहरी ऐन, नेपाल प्रहरी ऐन, सैनिक ऐन, विश्वबिदालयहरु सम्बन्धी ऐनहरु रहेका छन् ।

**निर्णयको संक्षिप्त विवरण :**

- लोक सेवा आयोगको विज्ञापन नं. ९९४/०६५-६६ प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.द्वितीय श्रेणी उपसचिव समावेशी (आदिवासी/जनजाति) को परीक्षा सम्बन्धमा अनियमितता भएको भनी प्राप्त निवेदनमाथि छलफल हुँदा उक्त विषयमा के भएको हो सोको विस्तृत विवरण पत्र प्राप्त भएको मितिले ७ दिनभित्र उपलब्ध गरी, गराई समितिको कार्यसम्पादनमा समेत सहयोग पुऱ्याइदिनु हुन लोक सेवा आयोगका अध्यक्षलाई अनुरोध गर्ने,

**समस्या :**

१. आयोगको कार्यप्रकृति अनुरुप जनशक्तिको समस्या प्रारम्भिक कालदेखि नै रहिआएको छ । आयोगमा कार्यरत कर्मचारीहरूका लागि कर्मचारी व्यवस्थापनका विविध पक्ष लगायत परीक्षा पद्धति, पाठ्यक्रम विकास तथा अनुसन्धान एवं परीक्षण प्रविधि जस्ता क्षेत्रमा वैदेशिक तालिम तथा अध्ययनको उचित व्यवस्था हुन सकेको छैन ।

२. आयोगमा आयोगको आफ्नै कर्मचारीतन्त्र नभएको र नेपाल सरकारले उपलब्ध गराउने कर्मचारीहरु आउन नरुचाउने र आयोगमा पदस्थापना भएको कर्मचारीहरुले पनि उत्प्रेरित भई कार्यमा दत्तचित्त रहन नसकेको पाइन्छ । आयोगका सचिव पनि बारम्बार फेरबदल भै रहनुले समस्या अझ जटिल भएको छ ।

३. आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरु मध्ये केही कार्यालयहरुमात्र आफ्नो भवनमा रहेका र अधिकांश भाडाको भवनमा सञ्चालित छन् । आफ्नै भवनमा रहेका कार्यालयहरुमा पनि अपर्याप्त सुविधा, साना कोठाहरु र नियमित मर्मत सम्भारका लागि पर्याप्त बजेटका अभावमा जीर्ण अवस्थामा रहेका छन् ।

४. नेपालको अन्तरिम संविधान, २०६३, निजामती सेवा ऐन, २०४९, स्थानीय स्वायत्त नियमावली, २०५६ र पछिल्लो समयमा आएर नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरी सम्बन्धी भर्ना र छनौट प्रक्रियामा समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा आयोगको संलग्नता रहने व्यवस्था भएको अवस्थामा परम्परागत रुपमा आयोगबाट सम्पादन हुँदै आएको कार्य र कार्यक्षेत्रमा उल्लेखनीय बिस्तार हुन गई अन्य कुराका अतिरिक्त विद्यमान भौतिक संरचना अपर्याप्त हुन गएको महसुस गरिएको छ ।

५. आयोगबाट नियमित रुपमा सञ्चालन गरिने विभिन्न प्रतियोगितात्मक परीक्षाका लागि स्थानीय बिदालय तथा क्याम्पसहरुका कक्षाकोठालाई परीक्षा भवनको रुपमा प्रयोग गरिँदै आएको छ तर बेलाबखत त्यस्ता बिदालय तथा क्याम्पसको आन्तरिक कारण तथा अन्य विविध समस्याले गर्दा परीक्षा भवन उपलब्ध हुन गाह्रो परेका अनुभवहरु आयोगसँग छन् ।

६. आयोगको केन्द्रीय कार्यालयमा हाल सीमित रुपमा सवारी साधनहरु रहेका छन् । परीक्षा सञ्चालन गर्नको लागि आयोगको कार्यालयबाट परीक्षा केन्द्रसम्म उत्तरपुस्तिका, प्रश्नपत्रहरू र परीक्षासम्बन्धी अन्य सामग्री पुऱ्याउन समेत साह्रै समस्या परेको छ ।

७. सूचना प्रविधिको आजको युगमा समेत आयोगले दरखास्त संकलन गर्ने त्यस सम्बन्धी तथ्यांङ्क प्रशोधन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने जस्ता कम्प्युटरको माध्यमबाट अति दक्षताका साथ सम्पादन गर्न सकिने कार्यलाई समेत Manual रुपमा गरिँदै आएको छ । यस परिप्रेक्ष्यमा आयोगका कार्यहरुलाई तत्काल Automation मा लैजान नसकिएको,

८. आयोगले हालै आयोगको Website बाट Download गरी दरखास्त फाराम प्राप्त गर्न सकिने व्यवस्था गरेको छ यो व्यवस्था मात्र पर्याप्त नभएको ।

९. आयोग र अन्तर्गतका कार्यालयहरूमा पर्याप्त रुपमा फ्याक्स, कम्प्युटर, फोटोकपी, फर्निचर, Power Generattor, Invertor, Online UPS र टेलिफोन लाइन लगायत अन्य आवश्यक भौतिक सामग्रीहरू प्रयाप्त नभएको,

१०. पदपूर्तिका लागि सम्बद्ध निकायहरूले समयमा नै माग फाराम पठाउनुका साथै विज्ञापन हुनुभन्दा अगावै दरबन्दी कटौतिमा परेका पदसंख्या भए सोको जानकारी समयमै आयोगलाई दिनुपर्ने कुरामा सम्बन्धित निकायको पर्याप्त ध्यान पुगेको पाइँदैन । फलस्वरुप विज्ञापन लगायतका कार्यहरुमा ढिलाई हुने गरेको छ ।

११. निजामती कर्मचारीहरूलाई विभागीय सजाय गर्न यस आयोगको परामर्श माग गर्दा कतिपय कार्यालयहरूले कसूरको मात्रा अनुसार सजाय प्रस्ताव नगरी गम्भीर किसिमको कसूरमा फितलो सजाय र फितलो किसिमको कसूरमा गम्भीर सजाय प्रस्ताव गरी परामर्श माग गर्ने तथा समान प्रकृतिको कसूरमा पनि फरक फरक सजाय प्रस्ताव गरी परामर्श माग गर्ने गरेको देखिएको छ । साथै यसरी विभागीय सजायका लागि परामर्श माग भई आउँदा धेरै वर्षपछि परामर्श माग गरी आउने गरेको देखिएको छ । साथै विभागीय सजायको लागि आयोगको परामर्श माग गरेकोमा परामर्श दिएपछि पनि लामो समयसम्म त्यसको कार्यान्वयन नभएको उदाहरण समेत पाइएका छन् ।

१२. कार्यक्षमताको आधारमा गरिने बढुवा प्रयोजनको लागि तयार पारिएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कनकर्ताको दस्तखत मात्र हुने गरेको तर नाम र दर्जा उल्लेख नहुने गरेकोले मूल्याङ्कनकर्ताको पहिचान गर्न समेत कठिनाई भएको छ । कतिपय अवस्थामा सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम अधिकार प्राप्त अधिकारीबाट मूल्याङ्कन भएको हो, होइन भनी यकीन गर्नमा समेत मुस्किल पर्ने गरेको छ ।

१३. समानुपातिक मधेसी तथा जनजातिको लागि छुट्याइएको कोटामा गिरी थर मधेसी र पहाडी दुवै समुदायमा पाइएको र त्यसै गरी धिमाल थर जनजातिको अतिरिक्त ब्राम्हण समुदायमा पनि पाइएको सम्बन्धमा लोक सेवा आयोगले कानूनको मनसायलाई आधार मानी विगतमा लोक सेवा आयोगले गरेका सिफारिश निर्णयहरु विरुद्ध अदालतसम्म मुद्दाहरु खेप्नु परेको ।

१४. लोक सेवा आयोगले अन्तिम नतिजा प्रकाशन गर्दा समानुपातिकको नतिजा पहिलो र त्यस पछि खुल्ला प्रतियोगिताको नतिजा प्रकाशन गर्ने गरेकोले समावेशिताको मर्मलाई सम्बोधन गर्न नसकेको ।

**समाधान तथा सुझावहरु :**

१. आयोगमा कार्यरत कर्मचारीहरुलाई वैदेशिक छात्रवृत्ति तथा तालिममा अध्ययन गर्न जान उच्च प्राथमिकता दिने । कार्यरत कर्मचारीहरुलाई प्रोत्साहनस्वरुप अन्य आयोग तथा सचिवालयहरुमा जस्तै प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

२. आयोगको संगठन संरचनामा आवश्यकता अनुसार परिवर्तन गरी थप दरबन्दीको व्यवस्था गर्ने । हरेक जिल्लास्तरसम्म आयोगको कार्यक्षेत्र बिस्तार गरी कम्तीमा एक डेस्क स्थापना गर्ने तर्फ नेपाल सरकारबाट नीतिगत निर्णय गरी कार्यान्वयन गर्नु पर्ने ।

३. आयोगमा पदस्थापना भएका सचिव कम्तीमा २ वर्ष रहनु पर्ने व्यवस्था हुनुपर्ने र आयोगबाट कर्मचारी अन्यत्र सरुवा गर्दा र अन्यत्रबाट कर्मचारी आयोगमा पठाउँदा आयोगको सहमति लिने व्यवस्था हुनुपर्ने,

४. आयोगको केन्द्रीय कार्यालयमा फर्निसिङका लागि पर्याप्त बजेट उपलब्ध गराउने । आयोगका आफ्नो भवनमा रहेका कार्यालयहरुमा आवश्यक भौतिक सुविधाको प्रवन्ध मिलाउने र

आयोगको आफ्नो भवन नभएको स्थानमा भवनहरु निर्माण गर्दै जाने, क्षेत्रीय निर्देशनालयको भवनलाई बदलिदो आवश्यकता, जिम्मेवारी र कार्यक्षेत्र समेतलाई दृष्टिगत गरी थप बिस्तार गर्दै जाने,

५. आयोगबाट सञ्चालन गरिने परीक्षाका लागि आयोगको हरेक क्षेत्रीय तथा अञ्चल कार्यालयहरुमा न्यूनतम ५० जना सम्मको परीक्षा लिन सकिने परीक्षा हल निर्माण गर्नु उपयुक्त हुने ।

६. आयोगको केन्द्रीय कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यालयमा ल्याउन र लैजानका लागि स्टाफ बस र क्षेत्रीय तथा अञ्चल कार्यालयहरु समेतको लागि आवश्यक मात्रामा सवारी साधन को व्यवस्थाको गर्ने,

७. पदपूर्तिको लागि सम्बन्धित निकायहरुले आयोगको कार्यतालिका अनुसार विज्ञापनको सूचना प्रकाशन गर्ने समयभन्दा कम्तीमा १ महिना अगाडि रिक्त पदको माग आकृति फाराम भरी आयोगमा पठाउने व्यवस्था हुन जरुरी देखिन्छ ।

८. एउटै प्रकृतिको कसूरमा विभिन्न किसिमका सजाय प्रस्ताव गरी पठाउने प्रचलनलाई निरुत्साहित गर्न कसूरको गम्भीरताको अनुपातमा सोको मात्रा अनुसार सजाय प्रस्ताव गर्ने र एउटै कसूरमा एकै खालका सजाय प्रस्ताव गरी एकरुपता कायम गर्ने तर्फ सम्बन्धित निकायले ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । साथै विभागीय कारबाहीको लागि सजायको प्रस्ताव ढिलो गरी आउने गरेको प्रचलनलाई निरुत्साहित गर्न समयमा नै विभागीय कारबाहीको लागि परामर्श माग गर्न सम्वद्ध निकायबाट सतर्कता अपनाइनु पर्ने,

९. कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कनकर्ताको नाम र कुन दर्जाको हो भन्ने जानकारीको लागि सबै मूल्याङ्कनकर्ताको दस्तखत र मितिको साथै नाम र दर्जा समेत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने कानूनी व्यवस्थालाई पालना गर्नु जरूरी छ । साथै कार्यसम्पादन मूल्याङ्कन फाराममा देखापरेका प्राविधिक त्रुटीहरुलाई निराकरण गरी यस मूल्याङ्कन प्रणालीको गरिमा एवं मर्यादा कायम राख्न प्रत्येक वर्षको भाद्र महिनाको अन्तिम हप्तालाई कार्यसम्पादन मूल्याङ्कन सप्ताहको रुपमा मनाउने परिपाटी बसाउनु उपयुक्त हुने देखिन्छ ।

१०. समावेशी समूहमा पनि जातजातिहरुको विषयमा स्पष्टता आवश्यक देखिन्छ । यसको लागि निश्चित परिभाषासहितको कानूनी व्यवस्था गर्ने । त्यसैगरी अपाङ्गताको परिचयपत्र सम्बन्धमा हाल व्यवहारमा रहेको सम्बन्धित समाज कल्याण अधिकृतले दिने गरेको परिचयपत्रलाई मान्यता दिने ऐनमा संशोधन गरिनु पर्ने । समावेशीमध्ये खास गरी मधेसी र दलितहरुको लागि छुट्याइएको पदको विज्ञापनमा उम्मेदवार नै कम हुने लिखित परीक्षामा उत्तीर्ण नै नहुने आदि कारणले कतिपय पदपूर्ति हुन नसकेको यस्तो अवस्थामा पदपूर्तिको वैकल्पिक कानूनी व्यवस्था हुनु पर्ने ।

११. नयां संविधानको प्रारुप अनुरुप अब राज्यको पुनर्संरचना गर्दा आयोग र सम्बद्ध निकायको प्रशासनिक पूर्नसंरचनाको लागि के कस्तो नीति तथा कार्यक्रम अवलम्बन गर्दा उपयुक्त हुन्छ सो सम्बन्धमा तत्काल आवश्यक गृह कार्य गरी संविधानको प्रारुप संगसगै कार्यान्वयनमा लैजान आवश्यक पर्ने रणनीतिहरु पनि तयार गर्न ध्यानाकर्षण गरिन्छ ।

१२. आयोगको कार्यक्षेत्रमा भएको बिस्तारसंगै केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुमा मौजुदा दरबन्दीमा पुनरावलोकन गरी मुख्य रुपमा अधिकृतस्तरका दरबन्दी थप गर्नुपर्ने, अञ्चल कार्यालयहरुमा उपसचिवस्तरको कार्यालय प्रमुख रहने र क्षेत्रीय निर्देशनालयहरुमा सहसचिव स्तरको क्षेत्रीय निर्देशक रहने व्यवस्था गर्नु पर्ने र सोही अनुपातमा अन्य दरबन्दी समेत समायोजन गर्नु आवश्यक छ ।

१३. निजामती सेवालाई समावेशी बनाउन हालै संशोधित निजामती सेवा ऐनमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारहरुबीच छुट्टाछुट्टै प्रतिस्पर्धा हुने प्रावधान भएबाट आयोगको विज्ञापनमा दरखास्त बुझाउन र परीक्षामा सहभागी गराउने प्रयोजनका लागि आयोगको संगठन जिल्ला स्तरसम्म पुऱ्याउन आवश्यक देखिएको छ।

१४. लोक सेवा आयोगद्वारा लिखित / अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा खुला प्रतियोगिताको पहिला र समावेशीहरुको नतिजा पछि प्रकाशित गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ।

**निष्कर्ष :**

मुलुकमा सबल तथा दक्ष कर्मचारीतन्त्रको आवश्यकतालाई पूरा गर्ने दायित्व बोकेको लोक सेवा आयोगले सीमित श्रोत साधनका बाबजुद पनि राजनैतिक संक्रमणको अवस्थामा निष्पक्षतापूर्वक कार्य सम्पादन गरिरहेको छ। आयोगमा देखिएका समस्या समाधानका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार गरी सोही बमोजिम कार्य सम्पादन गर्न उपयुक्त देखिन्छ।

# lgjf{rg cfof]u

वर्तमान युग लोकतन्त्रमा आधारित युग हो । लोकतन्त्र भन्नु नै मुलुकका नागरिकहरुको चाहना अनुसारको शासन प्रणालीको स्थापना र उपयोग हो । वर्तमान समयमा विशाल भूक्षेत्रमा फैलिएका सम्पूर्ण जनसमुदायले सम्पूर्ण जनसमुदायमाथि शासन गर्न सम्भव छैन । तसर्थ यस्तो लोकतान्त्रिक अधिकारलाई जनताका प्रतिनिधिहरुले जनसमुदायको इच्छा र भावना अनुकूल प्रयोग गरी जनभावना र मर्मलाई कार्यान्वयन गर्दछन् । तसर्थ लोकतन्त्र भनेको प्रतिनिधिमूलक व्यवस्थामा आधारित जनइच्छा अनुसार स्थापित शासन प्रणाली हो । यस प्रणालीको मूल मर्म भनेको निश्पक्ष प्रतिनिधिको छनौट र त्यस्तो प्रतिनिधित्वले जनइच्छा अनुकूल हुने गरी सम्पादित शासकीय कार्य र आचरण हो। अतः यस प्रणालीलाई व्यवहारमा ल्याउन स्वस्थ, निष्पक्ष र भयरहित निर्वाचन अपरिहार्य छ । यसै पृष्ठभूमिमा स्वतन्त्र र निष्पक्ष निर्वाचन गरी राज्य व्यवस्थामा जन-प्रतिनिधि गराउन र जनभावना अनुकूलको आचरणलाई आत्मसाथ गर्ने जनप्रतिनिधिहरुको निर्वाचन गरी प्रजातन्त्रको जगेर्ना गर्न निर्वाचन आयोगको व्यवस्था गरिएको हुन्छ ।

**आयोगले गर्ने महत्वपूर्ण विषयसहितका कार्यहरु :**

- नेपालको अन्तरिम संविधान, २०६३ र अन्य कानूनको अधीनमा रही संविधान सभा, धारा १५७ बमोजिम हुने जनमत सङ्ग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने र यस प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने,
- संविधान सभा सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,
- निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पने,

**समस्या :**

- संविधान निर्माण भई नसकेको, राज्यको संघीय स्वरुप पनि निर्धारित नभएको अवस्थामा संघीय राज्य मागको लागि आन्दोलनरत राजनैतिक दल र समूहबाट फोटोसहितको मतदाता नामावली संकलन गर्ने कार्यमा अवरोध पुगेको ।
- आयोगमा रिक्त रहेको पदाधिकारीको पद पूर्ति हुन नसकेको,
- निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरु बारम्बार परिवर्तन भैरहने हुनाले निर्वाचनसँग सम्बन्धित विशेषज्ञताको खाँचो भै रहने गरेको ।

**सुझाव :**

- निर्वाचन आयोगबाट वर्तमान अवस्थामा फोटोसहितको मतदाता नामावली तयार गर्न गरिएको प्रयासलाई मूर्त रुप दिन प्रत्येक मतदातालाई फोटोसहितको मतदाता परिचयपत्र उपलब्ध गराउने व्यवस्थाका लागि निर्वाचन आयोगको ध्यानाकर्षण गरिन्छ,
- आयोगमा रिक्त रहेका पदाधिकारीहरुको पदपूर्ति यथाशक्य चाडो गर्नुपर्ने,

- आयोगद्वारा सञ्चालित निर्वाचन सम्बन्धी कामहरुलाई राजनैतिक दल र समुहहरुले वाधा व्यवधान नगरी सहयोग पुर्‍याउनु पर्ने,
- निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरुलाई विशिष्टकृत सेवाको रुपमा विकास गर्ने,
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि स्वदेशी र विदेशी तालिमद्वारा सक्षम बनाउने,
- निर्वाचन आयोगसँग सम्बन्धित ऐन, कानूनलाई समयानुकूल बनाउन आयोगको परामर्शमा ऐन कानूनहरु निर्माण तथा संशोधन गर्नु पर्ने ।
- नयां संविधानको प्रारुप अनुरुप अव राज्यको पुनर्संरचना गर्दा आयोग र सम्बद्ध निकायको प्रशासनिक पूर्नसंरचनाको लागि के कस्तो नीति तथा कार्यक्रम अवलम्बन गर्दा उपयुक्त हुन्छ सो सम्बन्धमा तत्काल आवश्यक गृह कार्य गरी संविधानको प्रारुप संगसगै कार्यान्वयनमा लैजान आवश्यक पर्ने रणनीतिहरु पनि तयार गर्न ध्यानाकर्षण गरिन्छ ।

**निष्कर्ष :**

सीमित श्रोत साधन र लामो संक्रमणकालीन अवस्थामा गुज्रिरहेको मुलुकको राजनैतिक स्वरुपको खाका तयार भइनसकेको अवस्थामा दीर्घकालीन लक्ष्य लिई आयोग अगाडि बढन सक्ने अवस्था छैन । वर्तमान परिस्थितिमा आयोगले आफूले निभाउनु पर्ने भूमिका र जिम्मेवारी प्रभावकारी रुपले सम्पादन गरेको पाइएको छ । मुलुकले संक्रमणकाल पार गरेर एउटा निश्चित दिशा लिएपछि सो अनुरुप निर्वाचन आयोग सक्षमताकासाथ अगाडि बढने विश्वास गर्न सकिन्छ ।

## सम्बद्ध कर्मचारी

व्यवस्थापिका -संसदको महासचिव श्री मनोहरप्रसाद भट्टराई

सचिवालय सचिव श्री ठाकुरप्रसाद बराल

सचिव श्री मुकुन्द शर्मा - राज्य व्यवस्था समिति

उप सचिव श्री जीवराज बुढाथोकी

शा.अ. श्री उदयकुमार भण्डारी

क.अ. श्री सुशिलकुमार खड्का

ना.सु.श्री सरस्वती मरहट्टा

कार्यालय सहयोगी श्री भीमबहादुर भुजेल

कार्यालय सहयोगी श्री इन्द्रबहादुर खड्गी